# बुद्धको सम्झना
# कल्याणको कामना



सम्पादक:
घनश्याम राजकर्णिकार

Downloaded from http://www.dhamma.digital

संशोधित तथा परिवर्तित

# बुद्धको सम्झना
# कल्याणको कामना

सम्पादक

घनश्याम राजकर्णिकार

दोस्रो संस्करण

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

प्रकाशक : सुश्री दीपा राजकर्णिकार, कमलपोखरी, काठमाडौं ।

संस्करण : पहिलो २०३६, संख्या : ११००
दोस्रो २०४७, संख्या : ११००

मूल्य : १७।–

मुद्रक : सरोजी छापाखाना, यङ्गाल, काठमाडौं ।

Dhamma.Digital

---

**BUDDHA KO SAMJHANA KALYAN KO KAMANA**

( A Collection of Articles on Buddha and Buddhism )

**Edited by Ghana Shyam Rajkarnikar**

Downloaded from http://www.dhamma.digital

# केही मन्तव्य

प्रस्तुत पुस्तकमा भगवान् बुद्धका महती शिक्षालाई विभिन्न वौध्द भिक्षु, लेखक तथा विद्वानहरूबाट हृदयङ्गम गरी त्यसको संक्षिप्त व्याख्या भएको छ। वस्तुत: यो पुस्तक बुद्धधर्मको दर्शन, सिध्दान्त र व्यावहारिक गुण एवं कल्याणकारी भावनाहरूलाई समेटेर संग्रहको रूप दिइएको छ।

राजहंश 'गोरखापत्र'

बुद्धसम्बन्धो वैज्ञानिक किसिमका लेखहरू नेपालमा अत्यन्त कम लेखिएका छन्। प्रस्तुत पुस्तकले त्यो अभाव हटाउन धेरै मद्दत गर्ने छ।

विकलेश 'समीक्षा'

आजको तनावपूर्ण विश्वलाई विनाशबाट वचाउन शान्तिका अग्रदूत बुद्धको उपदेशलाई ग्रहण गर्नु अनिवार्य हुन आएको छ। यही परिप्रेक्षमा यो पुस्तक प्रकाशित भएको छ जसलाई वौद्ध साहित्यको विकासमा एउटा थप कृतिको रूपमा लिन सकिन्छ।

विराश 'आनन्दभूमि'

प्रस्तुत पुस्तक प्रकाशन गरेर श्री घनश्याम राजकर्णिकारले नेपाली पाठकहरूलाई बुद्धधर्मका विविध पाटाको अध्ययन गर्न सजिलो वनाएको भन्नै पर्छ। यस पुस्तकले बुध्दको परिचय, बुद्धको शिक्षा, बुद्धको दर्शन, आजको परिप्रेक्ष्यमा बुध्दको महत्वलाई राम्ररी चिनाउने प्रयास गरेको छ।

कोष 'राष्ट्रपुकार'



Downloaded from http://www.dhamma.digital

महामना बुद्ध नेपालमा जन्मिएका हुन्, नेपालका विभूति पनि हुन् तर पनि उनको जीवनी, उनको धर्म र उनको उपदेशको बारेमा नेपाली भाषामा लेखिएका पुस्तकहरूको संख्या सारै थोरै छ । आजका चेतनशील एवं जागरूक नेपालीलाई यो अभावले दुःख लाग्नु स्वाभाविकै हो त्यसमा पनि बुद्धधर्म र वाङमयसित सम्बन्ध राख्नेलाई त झनै दुःख लाग्ला । त्यस्तै दुःखद अनुभूति घनश्याम राजकर्णिकारज्यूलाई परेछ र वहाँले बौध्दधर्म, बुद्धका उपदेश र गौमत बुद्धसम्बन्धी विभिन्न लेखकहरूको विविध लेखको संगालोस्वरूप रहेको 'बुध्दको सम्झना कल्याणको कामना' पुस्तकको सम्पादन गर्दै आफ्नो मनको वह घटाउने प्रयास गर्नुभएछ ।

यो पुस्तकले बुध्दधर्म, बौध्द दर्शन, बुध्दका उपदेश र बौध्द वाङमयमा विशद विवेचना गर्दछ भनेमा अतिशयोक्ति हुने छैन ।

दानलो 'यौवन'

महामानव बुध्दका शिक्षाहरूमा रहेका स्वस्थ, जनउपयोगी र सकारात्मक पक्षहरूलाई आजका नेपाली जनताको आवश्यकता अनुकूल प्रयोग गरेर यसलाई साकार पार्ने दिशामा प्रस्तुत पुस्तक निकै उपयोगी सावित हुनेछ । अन्धविश्वास एवं रूढिवादीताको अन्धकारलाई हटाएर मानवलाई वास्तविकता बुझी कर्मपथमा अग्रसर गराउने यो पुस्तक निकै उपयोगी देखिन्छ ।

'नयाँ सन्देश'

Downloaded from http://www.dhamma.digital

# सम्पादकको टिप्पणी

शान्ति र सत्यको खोजीमा भड्कँदै हिंड्ने राजकुमार सिध्दार्थ गौतमले ३५ वर्षको उमेरमा एकदिन गयाको एउटा रूखमुनि ध्यानमग्न भएको वेलामा आफूले खोजेको ज्ञान प्राप्त गर्नुभयो । त्यसपछि उहाँलाई बुध्द, त्यो रूखलाई बोधि वृक्ष र उहाँले प्राप्त गरेको ज्ञानलाई बुद्धधर्म भनियो । उहाँ यसरी नेपालको विभूति, एशियाका ज्योति तथा संसारका शान्तिदूत भगवान् हुन पुग भयो ।

वास्तवमा भगवान् गौतम बुध्द एक सक्रिय महामानव हुनुहुन्थ्यो। उहाँले अनेक दुःख-कष्ट सहेर तथा त्याग तपस्या गरीकन बुद्धत्व प्राप्त गर्नुभएको हो। तर यतिकैमा उहाँ सन्तुष्ट हुनुभएन। उहाँले संसारका विषयवस्तुमा भुलिरहेका मानिसहरूलाई यो सांसारिक झैंझमेला तथा दुःखबाट मुक्त



Downloaded from http://www.dhamma.digital

हुने बाटो देखाउन विभिन्न ठाउँमा चाहार्दै आफ्ना उपदेशहरू सुनाउँदै हिंड्नुभयो । आखिर ८० वर्षको उमेरमा उहाँले निर्वाण प्राप्त गर्नुभयो । तर उहाँको महत्ता नै यो छ कि उहाँले मानिसलाई "मेरो शरणमा आऊ म तिमीहरूलाई दु:खबाट तारिदिन्छु" भनी कहिल्यै भन्नुभएन । बरू उहाँ भन्नुहुन्थ्यो – "आफ्नो उन्नतिको लागि स्वयं आफूले साधना गर । म तिमीहरूको सहायता गर्न सक्दिन, न अरू नै कोही गर्न सक्छ । आफ्नो सहायता आफै गर । निर्मल मन र शान्ति होस्, कलह केही नहोस् ।" साँच्चै, यस्ता आदर्श वाक्य तथा आत्मोन्नतिका शिक्षाहरू व्यक्ति–विशेषका लागि मात्र होइन – समाजको उत्थानका लागि पनि उपयुक्त देखिन्छ ।

मानव मात्रमा कर्तव्यको ज्ञान र शान्तिको पाठ सिक्ने तथा परमगति पाउने एउटै मार्ग छ -- त्यो हो मानव धर्म । पूजा–पाठ, भजन आदिमा मात्र तल्लीन भएर धर्म प्राप्त गर्न गाह्रो पर्छ । त्यसैले सर्वप्रथम आफ्ना मानसिक विकारहरूलाई त्यागी यसको शुद्धिकरण पार्नुपर्छ भन्ने बुद्धधर्मको सन्देश छ । बुद्धधर्मको प्रादुर्भाव भएपछि विभिन्न देशहरूले विभिन्न समयमा यसलाई अङ्गिकार गरे । बीच–बीचमा यस धर्मको विषयमा विभिन्न देशका अन्य धर्मावलम्बीहरूले यसको घोर निन्दा–अवहेलना आदि नगरेका होइनन् । फलस्वरूप कुनै कुनै ठाउँमा त यो धर्म लुप्तप्राय: पनि भएको पाइन्छ । तर सत्य कुरा भनेको सधैं साँचो नै हुन्छ अनि त्यो स्थायी रूपमै रहेको हुन्छ । त्यसैले यो बुध्द



Downloaded from http://www.dhamma.digital

धर्म मानव कल्याणकारी भएकोले यो विलीन हुने कुरै भएन। विशेषगरी आजको यो तनावपूर्ण विश्वमा त यो धर्मले झन् शीतल छहारीको काम दिनेछ भन्ने कुरामा दुई मत हुने छैन। आज विश्वमा हिंसा र सङ्घर्षको बादल जति छाएको छ त्यति पहिले कहिल्यै थिएन। झन् वैज्ञानिक शस्त्रास्त्रको होडबाजीले गर्दा आज मानवजातिको अस्तित्व नै खतरामा परेको छ। त्यसैले विनाशकारी युद्ध र त्यसबाट बच्नको निमित्त एउटै उपाय छ त्यो हो भगवान् बुध्दले देखाउनुभएको शान्तिपूर्ण सह-अस्तित्वको बाटोमा हिंड्नु। सौभाग्यले आज अधिकांश देशका विवेकशील मानिसहरूले यो महसूस गर्न थालिसकेका छन् कि यो भयभीत संसारका मानिसमा ज्ञान–बुद्धि–विवेकको ज्योति प्रस्फुटित पार्नको निमित्त शान्तिका प्रवर्तक भगवान् बद्धले प्रतिपादन गर्नुभएका उपदेशहरू बढी-से-बढी मानवजीवनमा कार्यान्वित गराउनु आवश्यक छ यसबाट विश्वलाई सम्भावित विनासबाट बचाउन सकिन्छ, र मानवजातिलाई कल्याणको बाटोमा डोऱ्याउन सकिन्छ। आजको विश्वमा बुध्दधर्मको आवश्यकता यी नै कुराबाट झल्किन्छ।

'दियालोमुनि अँध्यारो' भने झैं बुध्दधर्मको उत्पत्तिस्थल नेपालमै यो धर्म त्यति प्रचलित छैन जतिको कोरिया, जापान, लाओस, भियतनाम, वर्मा, श्रीलङ्का, थाइल्याण्ड आदि देशमा छन्। साँच्चै भन्ने हो भने, नेपालमा प्रजातन्त्रको उदय भएपछि मात्र यहाँका निवासीहरूले फुक्का रूपमा बुध्द र बुद्धधर्मसम्बन्धी प्रचार प्रसार गर्न पाए। भनिन्छ,



Downloaded from http://www.dhamma.digital

मल्लकालीन नेपालमा र एकतन्त्रीय राणा शासनकालमा यस धर्मले हुनसम्मको कुठाराघात सहनुपरेको थियो । अब समयको माग यही छ कि हामी तमाम नेपालीहरू बुध्द र बुध्दधर्मका विषयमा चिन्तन-मनन गर्दै यसको सम्वर्धनमा केही अंशमा भए पनि सहभागी बन्न सकौं । यसको निमित्त सर्वप्रथम बुध्द र बुध्द धर्म भनेको के हो – यस सम्बन्धमा चिनापर्ची रूपमा साधारण से साधारण नेपाली पाठकले पनि केही बुझ्ने थाहा पाउने चेष्टा र प्रयत्न गर्नुपर्छ । यसो भएमामात्र बुध्दधर्मको सम्वर्धन र विकासकार्यमा सघाउ पुऱ्याउन सम्पूर्ण देशवासीहरूबाट यथोचित सहायता तथा शुभकामना मिल्ने छ ।

बुद्ध र बुध्दधर्मसम्वन्धी प्रकाशित-अप्रकाशित लेखरचनाहरू पढ्दा तीमध्ये केही एउटै गाताभित्र भए सर्वसाधारण पाठकलाई ज्ञान हासिल गर्न सजिलो हुनेछ जस्तो लाग्यो । यही कौतुहल मनमा लागी सकेसम्म कम संख्यामा भगवान् बुध्दसम्बन्धी बिबिध पक्षहरू देखाउने लेख-रचनाहरू खोतलखातल गरी सम्पादन कार्य गर्दा प्रस्तुत पुस्तकको रूप तयार हुन आएको छ । अर्को शब्दमा भन्ने हो भने, भगवान् बुद्धको सम्झनामा सङ्कलित प्रस्तुत पुस्तकका रचनाहरूबाट मानवजातिलाई नै कल्याणको बाटोमा डोऱ्याउन थप मद्दत मिल्नेछ भन्ने कामना गर्नु घृष्टता हुने छैन । त्यसैले पनि यस पुस्तकको नाम 'बुध्दको सम्झना कल्याणको कामना' राखिएको हो ।

नेपाली साहित्याकाशमा मानव कल्याणकारी धार्मिक विषयका पुस्तकहरूको नितान्त आवश्यकता छ – यो भनिरहनु पर्ने छैन । त्यसैले यस्ता पुस्तकहरू विभिन्न क्षेत्रबाट बढी



Downloaded from http://www.dhamma.digital

मात्रामा प्रादुर्भाव हुँदै जानेछन् भन्ने आशा तथा विश्वास लिएको छु। अन्ततोगत्वा यस संग्रहले केही अंशमा मात्र भए पनि पाठकवर्गलाई बुध्द र बुध्दधर्मसम्बन्धी केही ज्ञानगुणका कल्याणकारी कुराहरू अवगत गराउन सकेमा म आफ्नो यो सम्पादन-कार्य सफल भएको मान्ने छु।

अन्त्यमा ज-जसका लेखरचनाहरूले यो पुस्तक सिङ्गारिएको छ ती आदरणीय लेखक-रचनाकारहरूप्रति म अत्यन्त कृतज्ञ छु। साथै यस किसिमको सम्पादन-कार्यमा हौसला दिनुहुने श्रध्देय भिक्षु कुमार कश्यप, श्रध्देय भिक्षु सुमङ्गल, श्री विश्वम्भर-मान प्रधान तथा श्री माधवलाल कर्माचार्यप्रति आभार व्यक्त गर्न चाहन्छु।

साथै विविध पत्रपत्रिका उपलब्ध गराई आवश्यक सामग्री जुटाउनमा मद्दत गर्ने मेरा परम मित्रहरू श्री शक्तिनाथ भट्टराई, श्री विद्याबहादुर बज्राचार्य र श्री गोविन्द भट्टमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

ध. राजकर्णिकार



Downloaded from http://www.dhamma.digital

# दोस्रो संस्करणमा

बुध्द र बुध्दधर्म विषयमा जिज्ञासा राख्ने जो कोहीलाई तथा सर्वसाधारण पाठकवर्गलाई समेत सजिलोसँग जानकारी लिन सघाउ पुऱ्याउन सम्पादन गरेको यो 'बुध्दको सम्झना कल्याणको कामना' लाई दोस्रो संस्करण गर्न पाउँदा मलाई आनन्दको अनुभूति हुनु स्वाभाविकै हो। यसबाट यो पुस्तकको सम्पादन कार्य जुन उद्देश्यबाट गरेको थिएँ त्यो ठीकै भएको ठानिरहेछु।

यो पुस्तक निस्केको लगत्तै पछि यस विषयमा विभिन्न क्षेत्रबाट मौखिक तथा लिखित चर्चा-परिचर्चा हुँदा यसलाई अझ बढी उपयोगी तुल्याउन समयानुकुल संशोधन तथा परिवर्तन गर्दै लग्ने केही प्रेरणा तथा केही प्रोत्साहन मेरो अन्तस्करणमा प्रस्फुटित हुन गएको थियो। अतः यो दोस्रो संस्करणमा एकातिर थप केही रचनाहरूलाई समावेश गरेको छु भने अर्कोतिर पहिलो संस्करणमा परेका केहीलाई यसमा राखेको छैन। आशा छ यस किसिमको सशोधन तथा परिवर्तन गर्ने प्रक्रिया पाठकवर्गलाई स्वीकार्य हुने नै छ।

अन्तमा नेपाली साहित्यमा नेपालमा जन्मेका ज्योतिपुञ्ज तथा विश्वशान्तिका अग्रदूत भगवान् बुध्दसम्बन्धी विविध उपयोगी ग्रन्थहरू थपिंदै जाउन् भन्ने आशा राखेको छु।

घ. राजकर्णिकार



Downloaded from http://www.dhamma.digital

# यसमा रहेका

## बुद्धको परिचय

बुद्धले आफूलाई किन बुद्ध भन्नुभयो
आचार्य भिक्षु अमृतानन्द – ३

गौतम बुद्धको जीवनी र कार्यक्षेत्र
चेतोनाथ शर्मा आचार्य – ९

## बुद्धको शिक्षा

स्वतन्त्र चिन्तन गर
भिक्षु कुमार कश्यप – २३

भगवान् बुद्धका तीन शिक्षा
लालजीराम शुक्ल – २६

अनुभव नगरी विश्वास नगर
भिक्षु बुद्धदास – ३२

बुद्धको सिद्धान्त समानता
सुवर्ण शाक्य – ३६



Downloaded from http://www.dhamma.digital

## बुद्धको दर्शन


बुद्धधर्म
के. श्री धम्मानन्द – ४१

भगवान् बुद्ध र जीवन-दर्शन
आशाराम शाक्य – ४८

बुद्ध-दर्शन : एक परिचय
इन्द्रनारायण मानन्धर – ६१

बुद्ध-दर्शन र नेपाली संस्कृतिमाथि बुद्धको प्रभाव
घनश्यान कँडेल – ७१

पुनर्जन्म
भिक्षु सुमङ्गल – ७८

गौतम बुद्धको दर्शन
छत्रराज शाक्य – ९१


## बुद्धको तरिका शिक्षा दिने


बुद्धको शिक्षा दिने तरिका
घनश्याम राजकर्णिकार – १०५

बुद्ध कसरी उपदेश दिन्थे
प्रकाश वज्राचार्य – ११८


## बुद्धको मूल्याङ्कन : आजको विश्वमा


भगवान् बुद्धका उपदेश र वर्तमान् विश्व
देवेन्द्रराज उपाध्याय – १२९




Downloaded from http://www.dhamma.digital

मानवताको विकासमा बुद्धको देन
मीना पाण्डे – १३५

## बुद्धको परंपरा : जाति र स्थानविशेषमा

बुद्धको परम्परा : मानव जातिमा
माधवलाल कर्माचार्य – १४३

सार्क देशहरूमा बुद्धधर्म
भिक्षु सुदर्शन, भिक्षु मैत्री – १४९

बुद्ध धर्म र दर्शनको विस्तार
केदार शाक्य – १५६

एशियामा बौद्ध धर्म र कलाको प्रचार
साफल्य अमात्य – १६९



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धको परिचय

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धले आफूलाई किन बुद्ध भन्नुभयो

**– आचार्य भिक्षु अमृतानन्द**

'बुद्ध' भन्ने शब्द सुन्नेबित्तिकै विभिन्न मानिसहरूले विभिन्न प्रकारले उक्त शब्दको अर्थ बुझ्न सक्छन् । 'बुद्ध' भन्ने शब्द सुन्नेबित्तिकै विभिन्न देशका बौद्धहरूको दिमागमा शाक्यमुनि बुद्ध, आदि बुद्ध तथा अमिताभ बुद्ध आदिको चित्रण चित्रित हुन्छ ।

साँच्चै भन्ने हो भने 'बुद्ध' भनेको कुनै व्यक्ति होइन । न त यो कुनै व्यक्तिका आमा-बाबुले दिएको नाम हो । पालि मागध भाषानुसार 'बुद्ध' शब्द 'बुध बोधने' भन्ने धातुबाट बनेको हो । अतः यो गुणवाचक शब्द हो । अर्थात् जसले बोध गर्ने काम गर्छ उसलाई बुद्ध भनिन्छ । खासगरी बुद्ध भनी साधारणतया गौतमबुद्ध आदि बुद्धत्व प्राप्त गरेका महापुरुषहरूको



Downloaded from http://www.dhamma.digital

नाम भए तापनि जुनसुकै मानिस पनि बुद्ध बन्न सक्छन् । बोध-कार्य सुसम्पन्न गर्ने सबै मानिसहरूलाई 'बुद्ध' भन्न सकिन्छ ।

बुद्धधर्मअनुसार चतुरार्य सत्यलाई अवबोध गर्नेलाई 'बुद्ध' भनिन्छ । गौतम बुद्धले बुद्ध भन्ने नाम पाएको यही चारसत्य-लाई यस युगका मानिसहरूमध्येमा सबभन्दा पहिले बोध गर्नु भएको हुनाले वहाँलाई 'बुद्ध' भनिएको हो । जबसम्म यी चार सत्यलाई सत्यको रूपमा अवबोध गर्नुभएको थिएन तबसम्म वहाँले न आफूलाई बुद्ध भन्नुभयो न त अर्कालि नै वहाँलाई बुद्ध भने ।

दुःखसत्य, समुदायसत्य, निरोधसत्य र मार्गसत्यलाई चतुरार्यसत्य भनिएको हो ।

दुःख भन्ने कुरा त सबैलाई थाहा नै छ । तर यसलाई दर्शनको रूपमा अथवा सत्यको रूपमा यस युगका कुनै पनि महापुरुषहरूले घोषणा गरेका थिएनन् । २५६९ वर्षअगाडि गौतम बुद्धले नै यसलाई सर्वप्रथम दर्शनको रूपमा अथवा सत्यको रूपमा घोषणा गर्नुभएको थियो । अतः यो वहाँको आफ्नै मौलिकता हो । वहाँले यस साधारण तत्वलाई औंल्याई सत्यको रूपमा घोषणा गर्नाको कारण – स्वर्ग, नरक, तिर्यक् तथा मनुष्यादि जुनसुकै लोकमा जन्मेका प्राणीलाई जन्म, जरा तथा मरण, दुःखले छाडेको हुन्न बरू दुःखै दुःखले भरिएको हुन्छ ।

दुःख शब्दको परिभाषा गर्ने हो भने आफूले चिताएको जस्तो नपाउनु वा चिताएको जस्तो नहुनु नै दुःख हो । जन्मिने प्राणीहरू सधैं साश्वत भएर रहन पाए हुन्थ्यो भन्ने कामना गर्छन् । तर त्यस्तो हुन सक्तैन । जन्मिने प्राणीहरू आफ्नो



Downloaded from http://www.dhamma.digital

प्रिय वस्तुसँग कहिल्यै विमुख हुन नपरोस् भन्ने चाहन्छन् । तर त्यस्तो हुन सक्तैन । आखिरमा आफ्ना इन्द्रियहरू पनि आफूले चाहेबमोजिम आफ्नो इच्छाअनुसार रहन्नन् । अहो, यो मेरो सुन्दर शरीर कहिल्यै जराजीर्ण नभई नित्य तथा ध्रुव रहे हुन्थ्यो भन्ने इच्छा प्राणीमा हुन्छ । तर त्यो पूरा हुन सक्तैन । चाहे यो आध्यात्मिक होस् वा भौतिक । नित्य र ध्रुवताको इच्छा गर्दा गर्दै पनि अध्रुव र अनित्य भएर नै जान्छ । यसले गर्दा मनमा असन्तोष भई दुःख अनुभव हुन्छ । यस्तै यस्ता कारणहरूलाई 'आफूले चिताएको जस्तो नपाउनु' भनी भनिएको हो । यो अनित्य स्वभावलाई कसैले पनि नित्य तथा ध्रुव बनाउन सक्तैन । बरू अनित्यता नै ध्रुव तथा नित्य शाश्वतको रूपमा देखा पर्न आउँछ र वास्तवमा यही नै यथार्थ सत्य ठहरिन आउँछ ।

अनित्यताको कारणले नै दुःखको अनुभव हुन्छ । यो सबैले प्रत्यक्ष रूपमा देख्न र अनुभव गर्न सक्ने तत्त्व हो । अनित्यताले गर्दा नै दुःख, असन्तोष, पीडा तथा सन्ताप आदिको अनुभव हुन्छ । यस दुःखसत्यलाई सत्यको रूपमा देखाउनु भई भगवान् बुद्धले प्राणीहरूलाई हतोत्साहित वा निराश बनाउनुभएको होइन । हो, दुःखको मात्र कुरा सुनाई त्यसबाट मुक्त हुने मार्गको कुरा नबताइदिनुभएको भए साँच्चै नै प्राणीहरू दुःखको मात्र कुरा सुनी निराश हुने थिए होलान् । तर वहाँले दुःखको मात्र कुरा नऔंल्याई त्यसबाट तारण हुने उपायको कुरा पनि औंल्याई देखाइदिनुभएको छ । दुःखको कुरा जुनसुकै मानिसले पनि तुरुन्तै देख्न सक्ने र बुझ्न सक्ने भएको हुनाले



Downloaded from http://www.dhamma.digital

चतुरार्यसत्यमा सर्वप्रथम दुःखसत्यको कुरा दर्शाइएको हो ।

जस्तै कुनै चिकित्सकले सर्वप्रथम रोगीलाई हेर्छ अनिपछि रोगको निदान पत्तो लगाउने कोशिश गरी रोगको निदान पत्ता लगाउँछ। रोगको निदान पत्ता लागिसकेपछि त्यसबाट मुक्त गराउने उपाय सोची तदनुरूप औषधी दिई रोगबाट मुक्त गराइदिन्छ। त्यसैगरी शाक्यमुनि बुद्धले पनि सर्वप्रथम दुःखलाई देख्नुभयो र देखाउनुभयो। अनि त्यसको निदान के रहेछ भन्ने कुरा खोजी गर्दा त्यसको निदान अथवा मूल कारण 'तृष्णा' हो भन्ने अवबोध गरी त्यसलाई पनि बताउनुभयो। जब कुनै मानिसले दुःखको निदान अथवा मूल कारण तृष्णा हो भन्ने थाहा पाउँछ तव सो बुध्दिमान् पुरुषलाई स्वतः यो पनि ज्ञान हुन्छ कि दुःखको कारणलाई हटाइदिएको खण्डमा त्यसबाट हुने दुःख र पीडा स्वतः निरुध्द हुन सक्छ। जब यस्तो ज्ञान हुन्छ तव उसमा त्यसो भए कुन उपायद्वारा यो निदानलाई हटाउनु-पर्ला भन्ने जिज्ञासा हुन्छ। त्यसपछि उसले सो उपाय पत्तो लगाउनेतिर खोजी गर्छ। खोजी गर्नेले कुनै न कुनै दिन उपाय पत्ता लगाइछाड्छ। यो उपायलाई 'अष्टाङ्गिकमार्ग' भनिन्छ।

यस्तैगरी शाक्यमुनि बुध्दले जब दुःखलाई ध्रुवसत्यको रूपमा देख्नुभयो तव वहाँले दुःखको मूल कारण भएको तृष्णाको पनि पत्ता लगाउनुभयो। यद्यपि यी दुवै कारणहरू यसै लोकमा वा यसै जीवनमा विद्यमान छन्, तथापि यसलाई सत्यको रूपमा यस युगका कुनै पनि पुरुषले देख्न सकेका थिएनन् र बताएका पनि थिएनन्। अतएव यो बुद्धको आफ्नै मौलिकता हो। त्यसैले बुध्दले यसलाई आफैले खोजी गरी पाएको सत्य हो भनी



Downloaded from http://www.dhamma.digital

वताउनुभएको हो ।

जब वहाँले आजभन्दा २५६९ वर्षअघि बुध्दगयाको पीपलको एक रूखमुनि ध्यान गरिरहेको वेलामा वैशाख पूर्णिमाको रात-को अन्तिम समयमा यस सत्यलाई सत्यको रूपमा अवबोध गर्नु भयो तब वहाँलाई देवमनुष्यहरूले बुध्द भनी घोषणा गरेका थिए । यो अवबोधपछि वहाँले पनि आफूलाई बुद्ध भनी घोषणा गर्नु भएको थियो । जस्तै वहाँले दुःखसत्यलाई अवबोध गर्नु भयो त्यस्तै गरी त्यसको निदान, निरोध तथा मार्गसत्यलाई पनि अवबोध गर्नु भएको थियो । यी चारसत्यलाई कसैले पनि असत्य पार्न नसक्ने भएको हुनाले यसलाई 'चतुरार्यसत्य' मानिएको हो ।

वहाँले स्वयं पनि भन्नुभएको छ कि– "भिक्षु हो, जवसम्म चतुरार्यसत्यलाई सत्य हो भनी अवबोध गरेको थिइन, जबसम्म मैले आफूलाई बुध्द भनी यो ब्रह्माण्डमा घोषणा गरेको थिइन । जब मैले पहिले कसैबाट नसुनेको उपर्युक्त चारसत्यलाई सत्य भनी अवबोध गरें तब आफूलाई बुध्द भनी घोषणा गरें ।"

यही अवबोध ज्ञानलाई बुध्द भनिएको हो । अवबोध गर्ने ज्ञान कुनै व्यक्तिमा हुने भएको हुनाले सो अवबोध गर्ने पुरुष-लाई 'बुध्द' भनिएको हो भन्ने कुरा पनि बिर्सनु हुन्न । अतः यो अवबोध गर्ने ज्ञान सबै मानिसहरूमा पाउन नसकिने होइन ।

जस्तै वहाँले वैशाख पूर्णिमाको रातको अन्तिम याममा बुध्दत्व प्राप्त गर्नु भयो त्यस्तै गरी वहाँको जन्म पनि वैशाख पूर्णिमाकै दिन नेपालकै लुम्बिनी उद्यानमा भएको थियो तथा वहाँको देहावसान अर्थात् महापरिनिर्वाण पनि वैशाख पूर्णिमाकै रातको अन्तिम याममा कुशीनगरवासी मल्लहरूको शालोद्यान-



Downloaded from http://www.dhamma.digital

मा भएको थियो ।

त्यसैले विश्वका सबै बुध्दमार्गीहरूका निमित्त यो दिन अत्यन्त महत्त्वपूर्ण रहेको छ । यो दिनमा उपर्युक्त तीनओटा महत्त्वपूर्ण घटनालाई स्मरण गरी आ-आफूले पनि दुःखलाई सत्यको रूपले हेर्ने बानि बसाल्न सकेमा वैशाख पूर्णिमाको महोत्सव मनाउने काम सार्थक हुनेछ ।

*

**आजका वैज्ञानिक आवश्यकतालाई सुहाउने कुनै धर्म छ भने बौद्ध धर्म नै छ ।**

**– अल्बर्ट आइन्स्टिन**



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्धको जीवनी र कार्यक्षेत्र

**— चेतोनाथ शर्मा आचार्य**

सृष्टिको जुनसुकै युगमा पनि अलौकिक वस्तुसित सम्बन्ध राख्ने, विचारधारालाई व्यवस्थित पार्ने, जीवनलाई आदर्शतिर उन्मूख गराउने आदि अनेक रूपमा धर्मलाई विभिन्न जीवनी-शक्तिमध्ये मानेर आएको देखिन्छ। यसरी जीवनका अनेक आवश्यकतामध्ये एक मानिएर आए तापनि, धर्मको एकै पद्धतिमा दीर्घकालसम्म मानव समाजको आस्था रहेको भने पाइन्न।

उक्त नियमअनुसार धर्ममा पनि देशकालअनुसार परिस्थिति भएको पाइन्छ। संसारमा प्रचलित विभिन्न धर्ममध्ये प्राचीन



Downloaded from http://www.dhamma.digital

मानिएको हिन्दू धर्मले धेरै कालसम्म आफ्नो सम्प्रदायलाई प्रभावित पार्दै आएको छ तापनि बौद्ध, जैन, सिख्ख, आर्य समाज जस्ता विभिन्न शाखा-प्रशाखाहरूको अस्तित्व पनि यस धर्ममा पाइन्छ। उक्त शाखामध्ये पनि बौध्द धर्म नै त्यस्तो देखिन्छ जसले आफ्नो प्रभाव आजको विशाल जनसंख्यामध्ये एक चौथाइलाई आफ्नो अन्तर्गत पारेको छ। विशालताको दृष्टिले यो ज्यादै ठूलो संख्या हो। यद्यपि बौध्द धर्म र दर्शनको जुन स्वरूप छ त्यसलाई दृष्टिगत गरेर आजका बौध्द-हरूलाई तुलना गर्दा आनका तान परेको देखिन्छ तर जे भए पनि आफू पनि आफूअनुसार पेशा र वेश-भूषा अपनाएर पनि आफूलाई बुध्द धर्मावलम्बी मान्नेहरूको कमी भने आज पनि छैन। कुनै पनि विशेष परिस्थितिले प्रचलित धर्ममा अवान्तर भेद वा नयाँ धर्मको सृजना भएको पाइन्छ। त्यसैअनुसार हिन्दू धर्मले पनि यज्ञ-यागादिमा गरिने पशुवध जस्ता हिंसाको आधिक्य, कट्टर जातिपाती प्रथा, अधिक संग्रह, लोलुपता र विषयोन्मुखता जस्ता कुरामा आफ्नो लक्ष्य सीमित गर्न थाले-पछि यसमा सुधारको आवश्यकता पऱ्यो। वेला-वेलामा आइ-पर्ने यस्ता धर्मका ऐजेरू निर्मूल पार्न ईश्वरावतार हुने कुरा त हिन्दू धर्मको मान्य सिध्दान्त नै भैहाल्यो। त्यसैले आजभन्दा करीव सवा पच्चीस सय वर्ष अघि वर्तमान नेपाल अधिराज्यको लुम्बिनी अञ्चलअन्तर्गत लुम्बिनी काननमा बुध्दको जन्म भयो।

उतिवेला त्यस क्षेत्रमा शाक्य वंशीय राजाको राज्य भएको कुरा ऐतिहासिक तथा पुरातात्विक प्रमाणद्वारा पनि सिध्द



Downloaded from http://www.dhamma.digital

भएको छ । शाक्य राजा शुध्दोदनका कोलीय राजपुत्री महा-माया र महाप्रजावती नामका* दुई रानीहरू थिए । तीमध्ये जेठी महामायाबाट ४५ वर्षमा आफ्नो माइत देवदेह जान लाग्दा बाटैमा वेथा लागी लुम्बिनीकुञ्जको एक शालवृक्ष-मुनि बुध्दको जन्म भयो । बुध्द धर्मका महान् प्रचारक राजा अशोकले बुध्दको जन्म त्यहीं भएको कुरा शिलापत्रद्वारा अङ्कित गरेका छन् । जन्मको पाँचौं दिनमा बालकको नाम सिध्दार्थ राखियो र सातौं दिनमा उनकी आमाको मृत्यु भयो ।

बालकको लालन-पालन सौतेनी आमा प्रजावतीबाट सम्पन्न भयो । शिशु अवस्थापछि सिध्दार्थको पहिलो शिक्षा-दीक्षा विश्वामित्र नामक गुरुबाट भयो । राजकुमार सिध्दार्थले आफ्नो ज्ञानको प्रौढता र लेखनशैलीको विशेषताले गर्दा गुरु-लाई नै अचम्म पाऱ्यो । यसपछि राम, धज, लक्खण, मन्ति, यत्र, सुयाम, सुभोग, सुदत्त नामका गुरु र वेद-वेदान्तविद प्रख्यात वैयाकरण सब्बमित्रलाई पनि शिक्षार्थ राजा शुध्दोदनले बालक सिध्दार्थलाई समर्पण गरे । पुस्तकीय शिक्षाका साथै धनुर्वाण चलाउने विद्यामा पनि सिध्दार्थको ठूलो चाख थियो, यसैले आफ्ना दौंतरीहरूमा अर्जुन जस्तै प्रसिध्द उनको वैशिष्टच सबै स्वीकार गर्दथे । यस्तै किसिमको शिक्षा-दीक्षा र आमोद-प्रमोदका साथ पिताको अत्यन्त स्नेह भाजन भएर सिध्दार्थका पन्ध्र वर्ष बिते । सोह्रौंमा प्रवेश गरेपछि मामाकी नातिनी सुप्रबुध्दकी छोरी यशोधरासित उनको विवाह भयो । दश वर्षको वैवाहिक जीवनमा उनलाई राहुल नामक एक पुत्र मिल्यो । पुत्र जन्मेको सुसमाचार कुमार सिध्दार्थलाई नदी



Downloaded from http://www.dhamma.digital

किनारको एक उद्यानमा मिल्यो, शायद त्यो नदी पर्वमान बाण गङ्गा नै होला । पुत्र जन्मको समाचार मिलेपछि घर फर्कंदा उनले शहरभरि जय जयकारको वातावरण पाए। त्यसै वातावरणअन्तर्गत आफ्नै सम्बन्धी बहिनी कुमारी किसा गौतमीले गाएको "सुखी हुन् यस्ता पुत्रका पिता, सुखी हुन् यस्ता पुत्रकी माता" आदि शब्दले कुमार सिद्धार्थलाई सजग तुल्यायो । यहाँ सुनेको सुख शब्दबाट उनको आत्माले सजग भएर सोच्यो, के सुख शब्दको वाच्य अर्थ यही हो त ?

सुख शब्दको गान गरेर आत्मबोधका निमित्त घचघच्याई दिने कुमारी किसालाई सिद्धार्थले एउटा मोतीको हार दिए, जसलाई उनले प्रेमोपहार संझिन् । यस पछिका अरू पनि दुई चार घटना यस्ता घटे जसले कुमार सिद्धार्थलाई सुख प्राप्तिको वास्तविकता बुझ्ने प्रेरणा मिल्यो । कुनै पनि व्यक्तिलाई सामान्य अवस्थाबाट विशेष स्थितितिर उन्मुख गराउन यस किसिमका घटना घटेकै देखिन्छन् । यसकै अनुरूप युवक सिद्धार्थको पनि त्यो सुषुप्त संस्कार उद्‌बुद्ध भएर आयो । संस्कार उनको आत्मामा प्रच्छन्न रूपमा थियो । उनले दुःखी, अशक्त, असत्य आफूले त्यस्तैको अनुसरण गरेको अनुभव गरे। यसरी जीवनको स्थितिद्वारा उत्प्रेरित भएपछि उनको आत्म निरीक्षण शुरू हुन्छ ।

उक्त किसिमले आत्मालोचना गरेर त्यसको लक्ष्यप्राप्तिमा उन्मुख हुने उनी नै सर्वप्रथम व्यक्ति थिए भन्ने कुरा त हैन, आर्य परम्परामा यस्ता अनेक व्यक्ति देखिएका छन् । जुन पथको अवलम्बन बारे वृहदारण्यक उपनिषद्‌मा याज्ञवाल्क्यको



Downloaded from http://www.dhamma.digital

यस्तो उक्ति मिल्दछ – "ज्ञान वान् तथा बुद्धिमानको निमित्त सन्तानको इच्छा हुँदैन, जसको घर नै आत्मा छ त्यस्तालाई सन्तानको के मतलब ? उनीहरू त सन्तति कामना, धनका लागि संघर्ष र सांसारिक सुखलाई त्यागी तपस्वी भएर निस्कन्छन् ।" यसबाट उक्त सिद्धान्त अनुसारको मार्ग अवलम्बन गर्नेहरूमा सिद्धार्थ पनि एक देखिन्छन् । यस किसिमको मार्ग अवलम्बन गर्ने व्यक्तिको न्यूनता भने 'हज्जारौं जनमा एक मुक्तिको यत्न गर्दछ" भन्ने उक्तिबाट पनि व्यक्त भएको छ । उद्रोधअनुसार लक्ष्य प्राप्तिका निमित्त घरबाट निस्कदा सिद्धार्थ २५।२६ वर्षका नवयुवक नै थिए । उमेरको साथै उनलाई वैभवको पनि कत्ति कमी थिएन, तर आत्मनिरीक्षणमा अग्रसर भएका उनका निमित्त ती सब विलासका वस्तुहरू तृण बराबर भए। गृह त्यागको ६ वर्षसम्म सिद्धार्थले अनेक शारीरिक क्लेश सहेर सत्य खोजीका निमित्त सततप्रयास गरे । यो प्रयासको फलस्वरूप उनको शरीर अत्यन्त दुब्लो र निर्बल भयो, तर पूरा मानसिक शान्ति चाहिं प्राप्त भएन । यति हुँदा पनि सत्यान्वेषी युवक निराश भएनन् उनको सक्रियता जारी नै रह्यो । यसपछि बुद्धगयाको एक वृक्षमुनि समाधि लगाएर सिद्धार्थ आत्मचिन्तनमा तल्लीन रहे । यो चिन्तनबाट उनलाई ज्ञान-ज्योति फुट्यो, अनि उनी सिद्धार्थबाट बुद्ध बने ।

यो न भयो बुद्धको वैराग्य र साधनासम्बन्धी सामान्य दिग्दर्शन । अनि यो साधनाद्वारा प्राप्त गरेको ज्ञानले केवल उनी आफूमात्र सुखी भएका छैनन् अपितु संसारका अगणित मानव समुदायलाई सुखी तुल्याउन पनि ४५ वर्षसम्म निरन्तर



Downloaded from http://www.dhamma.digital

प्रयास गरे। उनको यो प्रयास यति सफल र सशक्त भयो जसले गर्दा चोर, ज्यानमारा, खुनी, सामान्य, सज्जन विद्वान्‌देखि लिएर राजा महाराजासम्म पनि त्यसबाट प्रभावित भएका मात्र हैनन् अपितु अनुयायी नै भए। यस्तो हुनुमा मुख्य कारण के देखिन आउँछ भने बुद्ध त्यो मध्यमार्गावलम्बी थिए जो कट्टर सनातनी र विकृत मतभन्दा अलग मतद्वारा दुवैलाई आकर्षण गर्दथे। यद्यपि हिंसा नगर्नु, असत्य नबोल्नु, कसैको सम्पत्ति चोरी नगर्नु, ब्रह्मचर्यब्रत पालन गर्नु, आवश्यकभन्दा बढी संग्रह नगर्नु भन्ने सिद्धान्त भएको बौद्ध धर्म सनातन धर्म-भन्दा फरक थिएन तर यसमा एक सत्यान्वेषीको प्रेरणा थियो र जातिवाद, सम्प्रदायवाद जस्ताको निराकरणसम्बन्धी कतिपय विशेषताहरू पनि। त्रिकाल सत्य तथ्य र अरू विशेषता समेतले गर्दा यातायातको कठिनता भएको त्यो जमानामा पनि द्वीप, उपद्वीप, खाडी र समुद्रलाई समेत नाघेर बुद्धिष्टहरू यस धर्मको प्रचारार्थ अमेरिकासम्म पनि पुगेको प्रमाण आजभोलि कैयौं अन्वेषकहरूले फेला पारेका छन्।

ज्ञान जत्तिको दुष्प्राप्य हुन्छ उपयुक्त ज्ञान दिलाउन लायक पात्र पाउन पनि कम मुश्किल हुँदैन। यस सत्यलाई बुद्धले राम्रोसंग हृदयङ्गम गरेका थिए, अतएव आफूले प्राप्त गरेको ज्ञान दिन उपयुक्त पात्रको खोजी गर्दा निन्दक, कौडिन्य, भद्रिक अश्वजीत, वाष्य समेत ५ जना शिष्य उनलाई मिले। यिनै ५ शिष्यलाई मृगकुञ्ज (सारनाथमा) उनले पहिलो उपदेश गरेर धर्मचक्रको पनि प्रवर्तन गरे। उक्त ५ शिष्यलाई नै उनले आफूले अनुभव गरेका दुःख, दुःखका कारण, दुःख समाप्ति र



Downloaded from http://www.dhamma.digital

त्यसतिर उन्मुख पार्ने पथ समेत ४ आर्य सत्य र प्रत्येक सांसारिक वस्तुको नश्वरता तथा अस्थिरतासम्बन्धी निपुणता दिलाएर उनीहरूलाई आफ्नै सिद्धान्तमा पूरा दीक्षित तुल्याए। यसपछि प्रवचनकै सिलसिलामा सारनाथबाट पूर्वतिर बढ्दै राजगृह बाहिरको यष्टिवनमा पुगे। त्यहाँ उनलाई भेट्न स्थानीय राजा विम्बिसार आफ्ना अनेक जनता र ब्राह्मणसहित आए र आफूलाई बुद्धको शिष्य स्वीकार गरे। राजा बिम्बिसारले शिष्यसहित बुद्धलाई भोजनार्थ आमन्त्रित गरी आफ्नै हातले भोजन पस्केर तृप्त गराएर भोजनोपरान्त बेलुवन समेत उपहारका रूपमा प्रदान गरे। अब यसपछि बुद्धको मुख्य निवासस्थान राजगृह नै भयो। बुद्धले आफ्नो प्रवचनको माध्यम संस्कृत भाषा नबनाएर सर्वसुलभताको दृष्टिले मागधीलाई (त्यति वेला पाली भनिन्थ्यो) तुल्याए। प्रवचनको वेला उनको गाम्भीर्य अरू बढी हुन्थ्यो जसले गर्दा विना रिस राग उनी आफ्नो सिध्दान्त प्रतिपादन तर्क पूर्णरूपमा गर्दथे।

बुध्दको दैनिक क्रियाकलाप ज्यादै नै नियमित र व्यवस्थित रूपमा हुन्थे, जुन क्रियाकलापमध्ये भिक्षा पनि पर्दथ्यो। भिक्षाका निम्ति बुध्द आफै पनि निस्कन्थे, त्यतिवेला दाताहरूको तँछाडमछाड चल्दथ्यो। अश्वघोषले उनको दैनिक चरित्रबारे जुन कुरा व्यक्त गरेका छन् त्यसअनुसार उनी नित्य प्रातःकाल ५ बजे करीव उठेर कुनै अनुचरलाई कष्ट नदिई स्नान शौचको काम पूरा गर्दथे अनि भिक्षा माग्न निक्लनुभन्दा पहिले एकान्तमा वसेर चिन्तन गर्दथे। कहिले एक्लै र कहिले शिष्य सहित जव उनी भिक्षापात्र लिएर निस्कन्थे त्यति वेला गृहस्थ-गृहस्थी-



Downloaded from http://www.dhamma.digital

हरू उनलाई अतिथि बनाउन सौभाग्य सम्झन्थे आतिथ्य स्वीकारपछि बुध्द आफ्नो उपदेशले गार्हस्थ्य कर्ममा संलग्न व्यक्तिहरूलाई पनि आफ्नो धर्ममा दीक्षित गर्ने प्रयत्न गर्दथे । ४५ वर्षको कार्यकालमा तथागतको कार्यक्षेत्र मुख्य गरेर भारतको पूर्वीय क्षेत्र श्रावस्ती राजगृह नामक नगर नै भए । यिनको निकटवर्ती क्षेत्र थिए नालन्दा पाटलीपुत्र, वैशाली, भद्रगाम, पावा, कुसिनगरा, कपिलवस्तु, सेतव्य, बनारस र कौशाम्बी ।

उस वेला तीन महिना बिताएर राजगृह फर्केपछि उनलाई लिन पिताज्यूले बार बार मानिस पठाए, तर पठाइएका ती सब मानिस बुध्दको शिष्यत्व स्वीकार गरी पिताको सन्देश भन्न नै भुल्दथे । नौ पटकसम्म यस्तो भएपछि राजाले आफ्नो बाल्य-कालको साथी उदायिनलाई यस कार्यको निम्ति खटाए । हुन त उनीं पनि शिष्यत्व स्वीकार गर्नेमा त परे तर शिशिरको अन्त्य वसन्तको आरम्भ वेला पारेर उनले बुध्दलाई राजाको सन्देश सुनाए । तथागतले पितृ सन्देशअनुसार कपिलवस्तु जान स्वीकार गरी हिंडेर २ महिनामा उहाँ पुगे । कपिलवस्तु पुगेर उनी शहर बाहिरको वटकुञ्जमा रहे जहाँ उनका पिता र सम्बन्धी पनि भेट्न आए । तर भोजनको व्यवस्था मिलाउन भुलेका भोलिपल्ट बुध्द शिष्यहरूसहित भिक्षा माग्न शहरबाहिर निस्के, तर पितालाई यो भूल तुरुन्त थाहा भयो र अनुनय विनयका साथ उनले बुध्दलाई भोजन दिलाए । भोजनपछि महलका सब नारीहरू दर्शनार्थ आए तर भावुक उनकी पत्नी भने आइनन् र उनी खुद पत्नीको कोठामा पुग्दा भावावेशमा



Downloaded from http://www.dhamma.digital

आएर यशोधरा पाउमा परिन् । अर्को दिन सौतेनी आमाको छोरो नन्दको राज तिलक र प्रख्यात सुन्दरी जनपद कल्याणी-का साथ विवाह पनि हुने निश्चय थियो तर न्यग्रोध वनमा लगेर बुद्धले उनलाई भिक्षुक बनाए । ७ दिनपछि राहुललाई उनकी माताले पैतृक उत्तराधिकारी माग्न पठाएको त उनलाई पनि प्र–व्रज्या दिलाउन सारि पुत्रलाई आज्ञा दिए । आफूले ठूलो त्याग र तपस्याद्वारा प्राप्त गरेको ज्ञानमार्गलाई राहुल जस्ता पुत्रले उत्तराधिकारीत्व वहन गर्लान् भन्ने तथागतको आशा थियो । यसरी आफ्नो जीवनकालमा नै बुद्धले अनेक बौद्धभिक्षु संघ खडा पारेर उनीहरूलाई आफ्नो सिद्धान्त प्रचार गर्ने आदेश दिएका थिए ।

संघका नियम मर्यादाहरूमा उनको पूरा आस्था भएको मात्र हैन अपितु स्वयं पनि सर्वप्रथम पालक थिए । मर्यादा पालन विना जीवनको लक्ष्य पुग्न मानिस समर्थ हुँदैन भन्ने कुरालाई उनले राम्रो हृदयङ्गम गरेका थिए । यस्तै मर्यादा पालन पूर्वकको त्यागमय सात्विक जीवनको दिग्दर्शनद्वारा नै बुद्धले जोवनकालमा समाजबाट ठूलो सम्मान पाएका थिए ।

कुनै धर्म प्रचारक वा नवीनतम प्रचारकमा पर्न आउने विघ्न बाधा जस्तै बुद्धलाई पनि आफ्नो मत प्रचार गरेर संघ सञ्चालन गर्दा अनेक विघ्न बाधा पर्न आए जस्तै एक पल्ट सुन्दरी नामक भिक्षुणीको हत्या गरी उनको लाशलाई बिहार निकट राखेर त्यसको दोष बुद्धमाथि लगाइयो । यसै गरी श्रावस्तीमा सातौं वर्षा ऋतु बिताउँदा चिञ्चा नामककी एक



Downloaded from http://www.dhamma.digital

स्त्रीलाई कृत्रिम गर्भवती तुल्याएर यसको दोष उनमाथि लगाइयो । बुद्धको आयु ७२ वर्षको भएपछि उनको काका पुत्र भाइ देवदत्तकले वृद्धताले गर्दा अब तपाईंबाट बौद्ध संघको राम्रो नेतृत्व हुन सक्तैन त्यसकारण त्यसको नेतृत्व मलाई मिल्नु पर्दछ भन्ने प्रस्ताव राखे । तीनपल्टसम्म बुद्धले यस प्रस्तावलाई अनङ्गीकार गरेपछि दत्तक यति क्रुद्ध भए उनले अजात शत्रुसंग मिलेर बौद्ध धर्मका रक्षक राजा विम्बिसारलाई राज्यत्याग र पुत्रद्वारा नै उनको हत्या समेत गराई बुद्धलाई संघीय नेतृत्वबाट वञ्चित पार्ने कोशिश पनि गरे । विरोधीहरूद्वारा बारम्बार वेइज्जतीको प्रयत्न पनि कम भएको हैन । तर ती सब विरोधीहरूको दुष्प्रयासबाट उनी कहिल्यै विचलित भएनन् आफ्नो सत्य आचरण र धार्मिक विशुद्धता बारे उनलाई कत्ति शङ्का थिएन, कुनै प्रपञ्च खडा गरी लोकलाई धोखा दिने उनको ध्येय थिएन, त्यसै भएर विरोधीहरूद्वारा अनेक बार अपनाइएका ती दुराचारहरू स्वत : नै विलाएर गए र उनी आफ्नो आचरण र मतमा विशुद्ध नै निस्किए । पन्ध्रौं वर्षाऋतु श्रावस्तीमा विताइरहेको वेला क्रुद्ध भएका ससुरा सुप्रवुद्धले निर्दोषमा आफ्नी छोरीको त्याग गरेकाले बुद्धलाई श्राप दिए, तर पनि उनी कुनै किसिमको विकृति र भावावेशमा आएनन् । उनको त सिद्धान्त थियो कुनै श्राप या निन्दा गर्नेभन्दा त्यसलाई धैर्यपूर्वक सहन गर्न सक्नेको वढी विजय हुन्छ । जीवनको उत्तरभागमा धात्री माता प्रजावती र पत्नी यशोधरा समेत अनेक स्त्रीहरू बौद्ध संघमा दीक्षित हुन आए, जसलाई बुद्धले निराकरण गर्न सकेनन् र धर्ममा दीक्षित त



Downloaded from http://www.dhamma.digital

गराए तर यो भन्न बिर्सेनन् "मेरो धर्म हजार वर्ष चल्थ्यो भने अब पाँच शय वर्षभन्दा बढी चल्ने छैन ।"

उक्त किसिमले सदुपदेश र संयमपूर्वक जीवन व्यतित गरेपछि आफ्नो निवासस्थानमा राजगृहको गृध्रकूतबाट शिष्य आनन्दका साथ यात्रा गर्दै वैसालीका निकटवर्ती बेलुवन नामक स्थानमा पुगेपछि उनी सख्त बिरामी भए । यति वेला नै उनले 'आजभन्दा ३ महिना पछि मेरो देहान्त हुनेछ' भन्ने भविष्यवाणी गरेका थिए । अन्त्यकालमा उनी पावा पुगे र त्यहीं मृत्यु शय्यामा लडे । मरणासन्न वेलामा सव भिक्षुकहरूलाई बोलाएर उनले सोधे कि तिमीहरूलाई मेरो उपदेश बारे कुनै शङ्का भए भनिहाल, जसबाट तिमीहरूलाई मेरो मृत्युपछि कुनै पश्चाताप नपरोस् – यस बारेको शङ्का त हाम्रो समाधान गर्ने थियो । उनको यो प्रश्न पछि सारा भिक्षुसमुदाय मौन रह्यो, अनि उनको मुखबाट अन्त्यमा यी शव्द निक्ले "भिक्षु हो ! मलाई अब यति वेला यत्ति नै भन्नु छ कि समस्त वस्तुमा नश्वरता विद्यमान भएकोले सवलताका साथ काम गर र स्वयं मुक्त होओ ।"

यति भनेर ती महान् व्यक्तिको निर्वाण भयो । आज बुद्ध हाम्रा सामू छैनन् तर उनको त्यो महान् त्याग, आदर्श जीवन, परोपकारिता जस्ता गुण भने यथावत् विद्यमान भएकोले भौतिकवादको विभीषिकाबाट त्रस्त मानव समुदायलाई उनको योगदानबाट प्रशस्त लाभ हुन सक्छ । जुनसुकै वस्तुको ज्ञानभन्दा त्यसलाई जीवनमा प्रयोग गर्नेको दुर्लभता स्पष्ट भएकोले बुद्धको आदर्श बारे व्याख्यान दिने र आफूलाई



Downloaded from http://www.dhamma.digital

बुद्धिष्ट हुँ भनेर गर्व गर्नेले सर्वप्रथम आफूलाई बुद्धका आदर्श गुणद्वारा दीक्षित तुल्याउन प्रयत्न गर्नु पर्दछ । कुरै कुराको निमित्त मात्र बुद्ध हाम्रा हुन् हाम्रा देशका विभूति हुन् भन्ने वानीले मात्र त उनीप्रति नैतिक आस्था व्यक्त गरेको मान्न सकिँदैन । सद्‌गुणको अनुसरण गर्ने वानी भएकाले अर्कै देश-को व्यक्तिबाट पनि सद्‌गुण प्राप्त गर्न सक्छ, किनभने कुनै पनि महान् व्यक्ति देश र कालको सीमामा सीमित हुँदैन । बुद्धको निर्वाणपछि उनको मतलाई त्रिपिटकको रूपमा सुरक्षित राखियो जसको समर्थनमा विशाल दार्शनिक र साहित्यिक परम्परा चल्यो ।

Dhamma.Digital

**"बुद्ध एक नेपालको मात्र नभई विश्व महापुरुष हुन् ।"**

**– महासचिव उथान्त**



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# स्वतन्त्र चिन्तन गर

**– भिक्षु कुमार काश्यप**

बुध्दलाई कसरी चिन्ने र बुध्द धर्मलाई कसरी बुझ्ने यो महत्वपूर्ण कुरो हाम्रो अगाडि छ। बुध्द साँच्चैको मार्ग-प्रदर्शक हुनुहुन्छ किनकी उहाँ स्वयं आफूले अनुभव गरेर, कार्यमा संलग्न भएर मात्र अरूलाई उपदेश दिनुहुन्छ। बुध्दले भन्नु भएको छ–मैले भनेको भनेर विनासोची सम्झी स्वीकार गर्नु पर्दैन।" यो एउटा ठूलो स्वतन्त्र चिन्तन हो : उहाँको ठूलो देन हो।

बुध्दको चरित्र स्वच्छ छ। उहाँका व्यावहारिक ज्ञान र चरित्रले नै उहाँ सिध्दार्थ कुमार बुध्दको नाउँले प्रख्यात हुनु भएको हो। बुध्दको नाउँ न त आमा–बाबुले राखेको हो न महाब्रह्माले नै राखेको हो, आफ्नो शुध्द चरित्र र सत्यको



Downloaded from http://www.dhamma.digital

खोजीले नै बुध्द बन्नु भएको हो ।

संसारमा तीन प्रकारका मानिसहरू छन्:- अन्धा, एउटा मात्र आँखा भएका र दुइओटै आँखा भएका ।

अन्धा भनेको साँच्चै आँखा नभएको होइन । आँखा नभए पनि जसले आफू र अरूको पनि अहितकर काम गर्दछ उसलाई अन्धो भन्दछन् ।

एक आँखा भएको माने स्वार्थी, आफ्नो मात्र हित खोज्ने तर अरूको वास्ता नगर्ने ।

दुइओटा आँखा भएको माने वहुजनहितमा संलग्न हुने; आफू र अरूको पनि हित हुने काम गर्ने ।

गौतम बुध्दले भन्नु भएको छ- "भिक्षुहरू ! यो संसारमा तीन प्रकारका मानिसहरू छन् । कुन तीन प्रकारका ?"

(१) पामानलेखुपमो = ढुङ्गामा लेखिएका जस्ता;

(२) पठविलेखुपमो = पृथ्वीमा लेखिएका जस्ता र

(३) उदकलेखुपमो = पानीमा लेखिएका जस्ता ।

"कस्तालाई ढुङ्गामा लेखिएका जस्ता मानिस भन्छन् ?

"भिक्षुहरू, यहाँ कुनै मानिसहरू सधैं रिसाउने, रिसालु स्वभावका हुन्छन् । अनि यिनका ती रिस, क्रोध, धेरै दिनसम्म मनमा वसिरहन्छ । कसैले उसलाई सानु कुरा गरे तापनि, उसले यसलाई ठूलो ठानी धेरै दिनसम्म मनमा लिइराख्दछ । जस्तो कि ढुङ्गामा कुँदिएका अक्षर धेरै दिनसम्म रहन्छ त्यस्तै यस्ताका मनमा क्रोध-भाव धेरै दिनसम्म गडिरहन्छन् र यस्तालाई ढुङ्गामा लेखिएका जस्ता मानिस भनिन्छ ।

"कस्तालाई पृथ्वीमा लेखिएका जस्ता मानिस भनिन्छ ?



Downloaded from http://www.dhamma.digital

यहाँ कुनै कुनै मानिसहरू सधैं रिसाउने स्वभावका भए तापनि उनीहरूको रिस धेरै वेरसम्म मनमा रहिरहन्न । जस्तो कि भुइँमा लेखिएको अक्षर हावाले वा पानीले गर्दा चाँडै मेटिएर जान्छ त्यस्तै यिनीहरूको मनबाट रिस–राग चाँडै मेटिएर जान्छ ।

"कस्तालाई पानीमा लेखिएका जस्ता मानिस भनिन्छ त ? यहाँ कुनै मानिसहरू त्यस्ता पनि छन् जसलाई कसैले धेरै भने पनि, रिसाउने गरी जोडले भने पनि, उनीहरूको मनमा रिसले वास लिन सक्तैन, उनीहरू रिसाउँदैनन् । बल्कि बोल्नेसित मिलनसारिता नै देखाई मित्रताकै भावनाले कुरा गर्दछन्, व्यवहार गर्दछन् । आफ्नो मनमा कत्ति पनि ईर्ष्या र अप्रेमको भाव राख्दैनन् । जस्तो कि पानीमा लेखिने अक्षर लेख्दालेख्दै विलाएर जान्छ त्यस्तै उनीहरूको मनमा फाटो आउँदैन. क्रोध रहँदैन वल्कि प्रेमपूर्वक मिलनसार नै भइरहन्छ ।"

उपर्युक्त कुराहरूवाट बुद्धको शिक्षाबारे केही परिचय मिलेको छ । अस्तु ।

*

**'बुद्धधर्मको प्रचार गर्नु मानव समाजको सेवा गर्नु हो ।'**

**डा. भीमराव अम्बेदकर**



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धका तीन शिक्षा

श्रीलालजीराम शुक्ल

संसारमा जति पनि शान्ति स्थापना गर्ने पुरुष आए, त्यसमा प्रमुख भगवान् बुद्ध हुन् । सांसारिक दुःख देखेर त्यसबाट मुक्ति पाउने बाटो खोज्न नै उनले सबै राज-भोग छोडेर भिक्षु बने र वर्षौंको गम्भीर विचारपछि जुन मार्ग खोजी लिए त्यसलाई उनले संसारको कल्याणहेतु भनी प्रकाशित गरे । हाम्रा आधुनिक आध्यात्मिक आवश्यकताहरूको पूर्ति भगवान् बुद्धका यी शिक्षाबाट हुन्छ । संसारको मूल रोग आध्यात्मिक रोग हो । आध्यात्मिक अशान्ति नै शारीरिक सामाजिक तथा राजनीतिक रोगमा स्फुरित हुन जान्छ । जसरी हाम्रो भित्री जगत् हुन्छ त्यसरी नै बाहिरी जगत्



Downloaded from http://www.dhamma.digital

निर्मित हुन जान्छ । आधुनिक मनोविज्ञान यो सिद्ध गर्दछ कि सबै प्रकारका अपराधको जड मानिसको मानसिक अशान्ति हो । जुन मानिसको मनमा कुनै प्रकारको मानसिक ग्रन्थि हुँदैन, जो संशय विमुक्त हुन्छ त्यसले आनन्दको अनुभव गर्छ । त्यस्ता मानिसले कहिल्यै अरूलाई सताउँदैन । जो आफै सुखी हुन्छ त्यसले नै अरूलाई सुखी बनाउन सक्छ ।

आनन्द प्राप्तिको लागि भगवान् बुद्धले जुन शिक्षा दिए त्यो पुरानो भएर पनि एकदम नयाँ छ । त्यस शिक्षामध्येमा तीन कुरा, जुन हाम्रो वर्तमान समयको लागि अति नै लाभ-दायक छ, यहाँ उल्लेख गरिन्छ –

(१) भगवान् बुद्धका पहिलो शिक्षा आत्मनिर्भरता हो । जसप्रकार मानिसको उन्नतिको लागि आत्मनिर्भरता आवश्यक छ त्यसै प्रकार उसको आध्यात्मिक उन्नतिको लागि पनि आत्म निर्भरता आवश्यक छ ।

जीवन एक समस्या हो, त्यस समस्यालाई उही हल गर्न सक्छ जो त्यसलाई हृदयदेखि समाधान गर्ने प्रयत्न गर्छ । आफूबाट नै आफ्नो उद्धार हुन्छ आफूले नै आफ्नो विनाश गर्छ । आफ्नो लागि आफै बाहेक कोही त्यस्तो देवता छैन, जसले हामीलाई सुखी बनाइदिन्छ । आध्यात्मिक समस्या हाम्रो आफ्नै समस्या हो । यसलाई हामीले स्वयं नै हल गर्नुपर्छ । दैव, ईश्वर इत्यादिमाथि यस समस्यालाई छोड्नु यसलाई भुल्ने चेष्टा मात्र हो ।

भगवान् बुद्धले आफ्नो अनुभवलाई नै उच्चतर प्रणाम



Downloaded from http://www.dhamma.digital

मान्नुभएको छ। उनको कथन हो कि कुनै कुरालाई यसको लागि नमान कि त्यो कुनै ठूलो धर्म–ग्रन्थमा लेखिएको छ, न यसको लागि मान कि त्यो कुनै ठूलो महर्षिले भनेको हो, त्यसलाई यसको लागि पनि नमान कि, त्यो म (बुद्ध) भन्दछु बरू त्यसलाई यसको लागि मान कि त्यो तिम्रो आत्मानुभवबाट सत्य सिद्ध हुन्छ। अर्थात् प्रत्येक सिद्धान्तको सत्यतालाई स्वयं जान, मात्र नमान।

भगवान् बुद्धको उक्त कथन उनलाई संसारमा सबभन्दा ठूलो क्रान्तिकारी सिद्ध गर्दछ। स्वतन्त्र विचार नै संसारको सामाजिक र राजनैतिक क्रान्तिको मुख्य कारण बन्दछ। आध्यात्मिक स्वतन्त्रताको आधार पनि विचार स्वातन्त्र्य छ। यदि संसारका अधिकांश मानिस स्वतन्त्र विचार गर्न थाल्छ भने हाम्रो समाज तथा राज्य व्यवस्था केही न केही हुन्थ्यो। शत्रु मानिस अरूबाट अनुचित लाभ यसको लागि उठाउँदछ कि त्यो अन्धविश्वासी छ तथा त्यसमा स्वतन्त्र विचार गर्ने अभाव छैन। छुवाछुत, जात–पात, हिन्दू–मुस्लिम झगडा, नाजीवाद र मार्क्सवादको मूलाधार खोजियो भने अन्धविश्वासको अतिरिक्त अरू केही पाउँदैन। मानिस आफ्नो स्वत्वलाई बिर्सेर समाजमा प्रचलित विचारमा भर्न जान्छ र त्यसैले जतातिर लग्छ त्यतै बगेर जान्छ। मानिसको वैयक्तिक र सामाजिक अशान्तिको उदय त्यो नै अनात्मविस्मरणद्वारा हुन्छ।

(२) भगवान् बुद्धको अर्को शिक्षा जीवनबाट विषमता



Downloaded from http://www.dhamma.digital

हटाउने को थियो । साम्यावस्था नै आत्मशान्ति प्राप्त गर्ने उच्चतर उपाय हो । एकतर्फ जहाँ भगवान् बुद्धले अति विषय भोग गर्नेको निन्दा गर्नु भयो भने अर्कोतर्फ शारीरिक कष्ट भोग्ने पनि । वास्तवमा मध्यम मार्ग जसको उपदेश भगवान् बुद्धले मानिसलाई दिनुभयो त्यो श्रेयस्कर छ ।

आधुनिक मनोविज्ञान हामीलाई यसतर्फ नै लैजान्छ । आश्चर्यको कुरा त यो कि जुन खोज यूरोपमा बीसौं शताब्दि-मा भयो ती खोजको रूपरेखा मात्र होइन बरू त्यसको विस्तृत रूप हामी इशा पूर्व मा नै पाउँदछौं । मनो-विश्लेषण हामीलाई यो सिकाउँदैछ कि जो व्यक्ति एकाएक आफ्नो भोग इच्छालाई दबाउने चेष्टा गर्छ त्यो त्यसबाट मुक्त नभएर बरू अरू ज्यादा फँस्न जान्छ । त्यो आफ्नो अचेतन मनमा व्यभिचारी बन्न जान्छ । ठूला तपस्वीलाई आत्म–ग्लानी हुने दूषित सपना हुन्छ । मनको वास्तविक निर्मलता प्राप्त गर्नेको लागि विस्तार विस्तारै त्यसको प्रसुप्त वासना जान्नु आवश्क छ र त्यसलाई जान्न सामाजिक जीवन आवश्यक छ । समाज व्यक्तिको वासनाको स्फुर मात्र हो । जो संसारबाट मुक्त हुन चाहन्छ, उसलाई वासनाबाट मुक्त हुनु आवश्यक छ । यसको लागि शरीरलाई सजायँ दिनु निरर्थक हो । शरीर वासनाको तृप्तिको साधन मात्र हो । वासनाबाट मुक्त भएपछि शरीर स्वतः रहँदैन ।

(३) भगवान् बुद्धको तेश्रो शिक्षा हो – आत्म-वञ्चना नगर्नु । उनको आदेश हो कि छिपिएको लागि प्रकट गरीदेऊ;



Downloaded from http://www.dhamma.digital

छिपिएकोलाई खोलिदेऊ त शान्ति मिल्दछ, छिपाइएको पाप नै लाग्दछ, प्रकट गरिएको लाग्दैन । आधुनिक मनोविज्ञानको खोज भगवान्को यस कथनको सत्यता प्रमाणित गर्दछ । जस-प्रकार रोगको कीटाणु अँध्यारोमा रहेर नै बढ्दछ उस्तै प्रकारले हाम्रो पाप पनि जो कि हाम्रो मानसिक ग्रन्थि रूप अचेतन मनमा रहेर परिपुष्टि हुन्छ । यसलाई हामी स्वयं स्वीकार गर्न चाहँदैनौं । जब मानसिक ग्रन्थि अर्थात् पाप चेतनाको समक्ष आउँदछ त कीटाणु सूर्यको रोशनीको अगाडि नष्ट हुने जस्तै नष्ट हुन्छ । मनोविज्ञानको रचनाबिधिबाट मानसिक रोग नष्ट गर्ने प्रतिक्षाको मूल आधार यही सिद्धान्त हो । मानिस पहिले आफ्नो कमजोरी अरूको अगाडि लुकाउन खोज्छ पछि त्यसले आफ्नै अगाडि पनि स्वीकार गर्न चाहँदैन ।

जसले आफ्नो कमजोरी स्वीकार गर्दैन त्यसले अनेक प्रकारको आत्म-वञ्चनको उपाय सोच्दछ । बहानावाजी आरोपण (*Projection*) अध्याय ( *Introjection Retionalization* ) आफैलाई धोखा दिने मार्ग हो । तर यस-प्रकारको आफ्नो कमजोरी लुकाउनेले मानिसलाई सुखी बनाउँदैन, दुःखी बनाउँदछ । यसबाट मानसिक जटिलता बढ्दछ । त्यसले आफ्नो भित्री शत्रुलाई बिर्सन बाहिरी शत्रु-को निर्माण गर्दछ र त्यसको विनाशको इच्छा गर्दछ । यस-प्रकार संसारमा ठूलो ठूलो युद्ध हुन्छ ।

भगवान् बुद्धको आदेश हो आफ्नो मनमा स्थिर शत्रुलाई जान । यदि हामी आफ्नो कमजोरीलाई स्वीकार गरी लिन्छौं



Downloaded from http://www.dhamma.digital

भने अवश्य नै त्यसबाट मुक्त हुन्छौं। जुन मानिस संसारमा आफ्नो चारैतिर शत्रु देख्दछ त्यो वास्तवमा आत्म-शत्रु हो। आत्म-शत्रुताको भावले नै अरूलाई आरोप लगाउँछ। यो हाम्रो आत्म-विस्मृति र बहिर्मुखताको परिणाम हो। आत्म-निरीक्षण र मैत्री भावना यसको विनाशक हो।

"यदि कसैले मलाई कुनै एक धर्म मान्न विवश गरेमा म बुद्धधर्म मात्रै मान्छु।"

— बर्ट्रेण्ड रसेल

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अनुभव नगरी विश्वास नगर

भिक्षु बुद्धदास

कसलाई र कसको कुरामा विश्वास गर्ने भनी बुद्धले सिकाउनु भयो ?

कालाम सूत्रमा भनिएको बुद्धको उपदेशको आधारमा यसको जवाफ दिन सकिन्छ । हामी आफैंले प्रत्यक्ष, स्पष्ट रूपले देखेको चीजलाई पत्याउनुपर्दछ । 'स्पष्ट रूपले देख्नु' को अर्थ के हो यसलाई बुझ्नुपर्दछ । कुनै तर्क नगरीकन, कुनै अन्दाज या अनुमान नलगाइकन प्रष्ट देखिने नै स्पष्ट रूपले देखिने हो । यसो गर्नाले यस्तो हुन्छ भन्ने कुरा प्रष्ट देखे झैं प्रष्ट देख्नु नै प्रष्ट रूपले देख्नु हो । यसमा तर्क या अनुमान गर्न वा अन्दाज लगाउनुपर्दैन । आफैंले प्रत्यक्ष अनुभव नगरी-



Downloaded from http://www.dhamma.digital

किन कुनै व्यक्तिमा वा कुनै वस्तुमा विश्वास गर्नु हुँदैन भनी बुद्धधर्ममा हामीलाई सिकाइएको छ ।

तलका प्रश्नका के अर्थ हुन् हामी बुझ्न सक्छौं । हामीलाई त्रिपिटकमा विश्वास नगर, गुरुमा विश्वास नगर, हल्लामा विश्वास नगर, तर्क गरिएका कुरामा विश्वास नगर, तर्कबाट निस्केका परिणाममा विश्वास नगर भनी किन भनिएको ? यस सिद्धान्तले कुनै कुरालाई सही तरीकाले बुझ्न र जान्न मद्दत गर्दछ । आँखा चिम्लेर कुनै कुरालाई पत्याउनु मूर्खता हो । हामो त्रिपिटक पल्टाउँछौं, केही अंश पढ्छौं र विचारै नगरी पत्याउँछौं, परीक्षण नगरी पत्याउँछौं, आलोचना नगरीकनै पत्याउँछौं भने त्रिपिटकमा मूर्खतापूर्ण अन्धविश्वास मात्रै हुन जान्छ । भगवान् बुद्धले यस्तो चीजको निन्दा गर्नुभएको छ । आफ्नो आँखाले नहेरी, कानले नसुनी, पक्ष-विपक्ष नजाँची, गुरुले भनेको कुरालाई यस्तै हो भनी पत्याउनु गुरुलाई पत्याउनु हो । कसैको कुरा पत्याउनु वा हल्लालाई पत्याउनु पनि नभएको कुरालाई पत्याउनु हो । यही तर्क गर्ने तरीका जानेपछि यसमा अनुभव प्राप्त गरेपछि यस्तो कुरा तर्कयुक्त हुन् भनी पत्याउनु तर्कको परिणाममा विश्वास गर्नु हो । यस प्रकारको तर्कमा पनि हामीले विश्वास गर्नु हुँदैन ।

तर यहाँ ख्याल राख्नुपर्ने यो छ कि यस कुराले त्रिपिटक-को अध्ययन नगर भनेको होइन, गुरुको राय नलेऊ भनेको पनि होइन, तर्क नगर भनेको पनि होइन ।

एउटा उदाहरण लिउँ – लोभ, क्रोध र अज्ञान दुःखका उत्पत्तिका कारण हुन् भनी बुद्धले सिकाउनुभयो । हामाले



Downloaded from http://www.dhamma.digital

लोभ, क्रोध र अज्ञान भनेको कुरा नजानेको भए यसलाई पत्याउने आधार रहन्न। पत्याउनु पनि जरूरत छैन । यसलाई पत्याउनु पनि मूर्खता नै हुने थियो । तर लोभ कस्तो हुन्छ, क्रोध कस्तो हुन्छ, मोह कस्तो हुन्छ मनमा उठ्ने भएकोले हामीले यिनलाई जान्दछौं र आगाले पोलेको अनुभव गरे झैं यसले दुःख उत्पन्न गर्दछ भन्ने कुरा हामी अनुभव गर्दछौं । त्यसैले बुद्धले यस सिलसिलामा त्रिपिटकमा यस्तो भन्नुभएको हो –

पढिसकेपछि सुनिसकेपछि सिकाइएका कुरा प्रष्ट रूपले नदेखिएसम्म खोजविन गरिरहनुपर्दछ । अझै पनि हामीले प्रष्ट देख्न सक्दैनौं भने हामीले तर्कको सहारा लिनुपर्दछ । अनि केही समयको लागि छाडिदिनुपर्दछ । स्पष्ट रूपमा नदेखाइकन विश्वास गर्नु वा अभ्यास गर्नु भन्दा पछि फेरि आरम्भ गर्नलाई छाडिदिनुपर्दछ तब विस्तार विस्तार हामी पत्याउन थाल्नेछौं र प्रष्ट रूपमा देख्न थाल्नेछौं । कुनै विदेशीले यस चीजलाई ठीक ठीकसित व्याख्या गर्नुहोस् भनी सोधेमा गलत तरीकाले व्याख्या गर्नुभयो भने बुद्धको उपदेश-को विपरीत हुनेछ । त्रिपिटकमा विश्वास नगर्नु भनेको कुरा र हल्लामा विश्वास नगर्नु, तर्कले देखिएका कुरा नपत्याउनु यी सबैका रहस्यमय अर्थ छन् । यसको खोजी गर्नु मूर्खता हो । बुद्धले दृढताका साथ यसको निन्दा गर्नुभयो । आफै परीक्षा नगरीकन, प्रत्यक्ष रूपले अनुभव नगरीकन कुनै पनि चीजमा विश्वास नगर भनी वहाँले सिकाउनुभयो ।

सोझै पत्याउनु मूर्खता हो, प्रष्ट रूपले अनुभव गरेपछि



Downloaded from http://www.dhamma.digital

पत्याउनु बुध्दिमानी हो । पत्याउने नपत्याउने भन्ने विषयमा बौध्दहरूको यही नीति हो । मूर्खतापूर्ण विश्वास नगर्नु, मानिसहरूमा भर नपर्नु, धर्मग्रन्थमा विश्वास नगर्नु, अनुमान, तर्कमा विश्वास नगर्नु, बहुमतले विश्वास गऱ्यो भन्दैमा विश्वास नगर्नु, प्रत्यक्ष रूपले आफूले अनुभव गरेको कुरामा मात्रै विश्वास गर्नु – यही नै बौध्दधर्ममा पाइन्छ यसैलाई हामी बौध्दहरूले नीति बनाउनुपर्दछ ।

*

**जातिवाद भएको ठाउँमा बुद्धधर्मको विकास हुन सक्दैन, जातिवाद नभएको ठाउँमा ब्राह्मणधर्म टिक्न सक्दैन ।**

**– महापण्डित राउल सांस्कृत्यायन**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुध्दको सिध्दान्त समानता

**– सुवर्ण शाक्य**

वैदिक धर्मावलम्बीको कुलमा भगवान् गौतम बुद्धको जन्म भएको थियो । बुद्धत्व प्राप्तिपछि उनले आफ्नो कुलपरम्परामा चलिआएका कुराहरूमा निकै संशोधन गरे । त्यही संशोधनको फलस्वरूप बुद्धको आफ्नै सिद्धान्त प्रतिपादन हुन गयो । त्यसरी सिद्धान्त प्रतिपादन हुँदा वैदिकधर्मका धेरै कुरासँग मेल नखाने कुराहरू देखापर्न थाले । मूलभूत सिद्धान्तमा नै फरक हुँदा यो एउटा नयाँ धर्म झैं हुन गयो । वैदिकधर्मका मूल आधार ईश्वरको सत्ता मान्नु र आत्मालाई नित्य मान्नुलाई बुद्धको सिद्धान्तले यसको उल्टो दिशा अपनाउँदा बुद्धधर्ममा ईश्वरमा विश्वास नराख्ने र आत्मालाई नमान्ने



Downloaded from http://www.dhamma.digital

नै मूल कुरा हुन गयो ।

संसार प्राकृतिक भए पनि यो संसार मानवको लागि नै सृजित भए झैं रहेको छ । जति पनि नियम विनियम बने मानवको लागि बनेका सिवाय अरूको लागि हो भन्ने ठाउँ नरहने गरो चेतनशीलता र बुद्धिविवेक प्रयोग गर्ने पात्र मानव नै रहन आएको छ । सृष्टि, स्थिति र संहारका कुरा ब्रह्मा, विष्णु र महेश्वरका जिम्मा हुन् भनी वैदिकधर्म परम्परामा भनिए तापनि मानव नै यसका कारण बनेको छ । मानव विना संसारको अस्तित्व छैन । बुद्धले खोजि गरेको धर्ममा मानवकल्याण नै सर्वतोमुखी रहन आएको छ ।

मानवकल्याणको दृष्टि अपनाउँदा मानवशरीर अनि मानवमनलाई चिरफार गरी कण-कणको अध्ययन र मनन गर्नु जरूरी हुन गयो । भगवान् बुध्दले प्रत्येक पक्षमा डुबुल्की-मार्दै समुद्रमा हीरा खोजे झैं खोज्दै आफ्नै अनुभवद्वारा पत्ता लगाएका विभिन्न पक्षलाई समुच्चा मानवजीवनको अगाडि राखिदिए तब कुनै ग्रन्थलाई स्वतः प्रमाण नमान्ने र जीवन-प्रवाहलाई यसै शरीरसम्म परिमित नमान्ने कुरा उनले सबैको सामु राखिदिए ।

अनुभवलाई प्रथम स्थान दिदा मानवका बीच भेदभाव रहुन्जेल मानवकल्याण नहुने निश्चिततातिर उनी पुगे । मानवता 'तँ तँ' र 'म म' को कारण नै मानवकल्याणको वाधक भएको कुरा मुख्यरूपमा प्रमाणित हुन आयो । यसले गर्दा हिन्दूधर्म कहिने वैदिकधर्मका प्रत्येक कुरामा बुध्दका विचार फरक हुँदै वर्णव्यवस्थामाथि नै प्रहार भए झैं भई



Downloaded from http://www.dhamma.digital

'बुध्द' भन्नु नै हिन्दुधर्मका विरोधी झैं हुन गयो। तर बुध्द कसैको विरोधी होइनन् भन्ने कुरालाई उनको मानवतावादी सिध्दान्तले नै पुष्टयाईं गर्दछ। उनको धर्ममा भएका कुरा अरू धर्ममा हुँदैन भन्ने आशय बुद्धधर्मरा कहीं झल्केको छैन। व्यावहारिक आचरणशुद्धिलाई उनले कहीं कुनै बेला पनि नकारेका छैनन्। असमान स्थिति देखिएका ठाउँमा मात्र उनको समानता सिद्धान्त छुट्टै देखिने गरेको हो। चार वर्णमा गनिने ब्राह्मण शब्दलाई उनले नकारेका छैनन् किन्तु जातीले ठूलो हुने भन्ने जात्याभिमानी ब्राह्मणका अशुद्ध आचरणलाई मात्र उदाङ्ग पारिदिएका छन्। ब्राह्मण यदि ठूलो हो भने पदअनुसार आचरण गर्नुपर्छ भन्ने उनको भनाई थियो। ब्राह्मणलाई उनी मान्दछन् तर सच्चा ब्राह्मणको परिभाषा दिन्छन्।

ब्राह्मणहरू मानवहितबाट विचलित हुँदा नै मानवसमुदायमा भेदभावको उत्पत्ति भई सृष्टिबाट स्थिति भएको यो संसारमा मानवकल्याणमा डाँवाडोल स्थिति आएको हो। कर्मकाण्ड ब्राह्मणहरूको उपज हो र पुरोहितवाद ब्राह्मणहरूको अधिनायकवाद हो भन्ने कुरा वैदिक धर्मावलम्बी मानवसमुदायमा अनुभवको कुरा बनेपछि बुद्धले मानवहितको लागि सुधारको अभिप्रायले यसमाथि प्रहार गरेका थिए। कुनै जात जातीका उच्चता सकार्न नपरेपछि एक अर्काको हितमा मन जानु स्वाभाविक हो। एक जातीले अर्को जातीलाई अह्राउने र शोषण गर्ने अभ्यासलाई निरुत्साहित गर्न होम, यज्ञ र दान दक्षिणा जस्ता अनुत्पादक एवं क्षतिपूर्ण व्यवस्थालाई हटाउनु-



Downloaded from http://www.dhamma.digital

गर्ने खयालमा आउनु नै बुद्धको दिमाग बुध्दत्वले भर्नु हुन गएको थियो । बुध्दले जातीभेदलाई अनावश्यक मात्र नभनी अस्वाभाविक नै भनिदिए । जातीभेदले सामाजिक स्तर निम्न र हीन हुने कुरामा कसैले नकार्न सक्दैन, यो व्यवहारिक कुरा हो । यसैले बुध्दका सिध्दान्त मानव-मानवका बीच समानताका लागि परिपोषक बन्न गएको छ । मानिस-मानिसको भेदलाई सुदृढ गर्ने खालको जातीव्यवस्थाको विरोध गरेर महात्मा बुध्दले मानवसमाजलाई उध्दार गरेका थिए ।

समानतालाई बुध्दले मानवजातीमा मात्र अपनाइनु आवश्यक ठानेनन् र मानवजातीय समानताका आधारस्वरूप मानसिक समानतामा पनि ध्यान दिएका थिए । मानसिक समानता भनेको दु:ख-सुखको समानता हो । दु:ख-सुख दुवैमा अप्रमादी हुनु मानसिक समानता हो । यस्तो स्थितिमा कुनै पनि वस्तु आफ्नो र अर्काको भन्ने भेदभाव रहँदैन । यस्तो मानिसमा यसप्रकारको समानता जति सबल हुन्छ जीवनमा उति नै मंगल प्रस्फुटित हुन्छ । मानवमनमा समता जागेपछि जीवनजगत्‌बाट मानिस विमुख हुँदैन । यसै कुरामा ध्यान राखेर बुध्दले मानिसलाई ध्यानभावनामा जागृत राखेका थिए । मानसिकरूपमा सोचिने 'म' 'मेरो', तँ, 'तेरो' को भावना हट्दै गएमा मानिसले जे जति कर्म गर्दछ त्यो मानवको लागि कल्याणकारी हुन जान्छ । बुध्दको मानव समताको सिध्दान्त घाम-पानी, हार-जीत, निन्दा-प्रशंसा, मान-अपमान र लाभ-हानिबाट अलग रहनु हो । यसरी आन्तरिक समानता बुध्दको लक्ष्य हो । बाह्यसमानता जाती



Downloaded from http://www.dhamma.digital

वर्गमा एकरूपता हो अधिकार र कर्तव्यमा ।

मनमा सामञ्जस्यता आएमा जीवनमा स्वस्थता आउँछ । मनमा स्वस्थता ल्याउन आन्तरिक बाह्य दुवैको चाँजो मिल्नुपर्दछ । रोग मानसिक र शारीरिक दुवै हुने हुँदा जोवन-मा दुःख-सुखका कारण र शान्ति-अशान्तिका कारण आन्तरिक र बाह्य दुई समानतामा निर्भर रहने हुन्छ। यसको लागि दुवैको सुधार आवश्यक छ । भगवान् बुध्द दुवै कुरातर्फ सजग थिए, फलस्वरूप उनी समानताका सिध्दान्तका सफल प्रति-पादक बने । यसैले कुनै पनि प्रकारको समानता नै स्वस्थताको परिचायक हो। बुध्दको समानताको सिध्दान्तले मानव-मात्रको कल्याण हुन्छ किनकि भलो गर्नेको भलो नै हुन्छ । मतलव भलो गर्नेले चालेको कदमले आफ्नो यदाकदा नोक्सान भए पनि अर्काको त भलो हुन्छ नै । यही नै भगवान् बुध्दको समानता सिध्दान्त हो ।

**मैत्रीभाव अर्थात् सहृदय प्रेमको शिक्षा नै बौद्ध धर्मको महानता हो ।**

**— बिशप कोपलस्टन**



Downloaded from http://www.dhamma.digital

# बुद्धको दर्शन

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म

**– के. श्री धम्मानन्द**

बुद्धधर्म के हो ? यो प्रश्नले धेरैलाई अलमल्याएको छ । यसबाट बुद्धधर्म भनेको दर्शन हो कि धर्म हो कि वा जीवनको एक कला हो भन्ने अर्थ लाग्छ । यसको सजिलो उत्तर यही हो कि बुध्दधर्म यति विशाल र गहन छ कि यसलाई कुनै एक विभाजनमा बाँधेर राख्न सकिदैन । यो पक्कै हो कि बुद्धधर्ममा दर्शन, धर्म र जीवनको कला निहित छन् । तर बुद्धधर्म यी विभाजनहरूभन्दा विशाल छ ।

बुद्धधर्मलाई गर्ने गरिएका यी विभाजनहरू वा लगाउने गरिएका लेवलहरू तो साइनबोर्डहरू जस्तै हुन् जुन धर्महरूको स्वरूप जाहेर गर्न मान्छेहरू देखाउने गर्छन् । हामी बुद्ध



Downloaded from http://www.dhamma.digital

धर्मलाई एक औषधी पसलसँग तुलना गर्न सक्छौं । औषधी पसलमा टाँगिएको साइनबोर्डले रोग निको पार्दैन । औषधी प्रभावकारी छ भने त्यसलाई प्रयोग गर र खालि औषधीलाई मात्रै जाहेर गर्ने साइनबोर्डको वास्ता नगर । त्यसरी नै बुद्धको शिक्षा कल्याणकारी भए यसलाई उपयोग गर र लेवल वा साइनबोर्डको वास्ता नगर । त्यसरी नै बुद्धधर्मलाई पनि कुनै एक विभाजनको सीमामा घुसाउने प्रयत्न नगर ।

विभिन्न समय र विभिन्न स्थानका मानिसहरूले बुद्धधर्म-लाई विभिन्न साइनवोर्डहरू' र विभिन्न व्याख्या दिएका छन् । कसै-कसैको लागि बुद्धधर्म खालि अन्धविश्वासी कामहरूको एक समूह मात्रै हुन सक्छ । कसैको लागि बुद्धधर्म मानसिक लाभको एक विश्वासिलो लेबलमात्रै हुन सक्छ । अरूको लागि बुद्धधर्म एक विचारपद्धतिको रूपमा महत्वपूर्ण हुन सक्छ । एक धार्मिक बौद्धभक्तलाई बुध्दधर्म उसको सारा जीवन हुन सक्छ । यसबाट उसको अगाडि-पछाडिका सबै कुराको पूर्ति हुन सक्छ ।

कोही कोही विद्वान्हरू बुध्दधर्मलाई भारतीय वातावरणको फल वा अरू कुनै भारतीय शिक्षाको परिणामको रूपमा देख्न सक्छन् । तर बुध्दधर्म यो होइन । हो, त्यो वेला जम्बूद्वीपमा उच्चस्तरीय बौध्दिक खोजविन र नैतिक प्रयत्न चलेको थियो । यी दुवै नै विस्मृतिको अन्धकारवाट धर्मको ज्योति पुनः प्रकट हुनुका महत्वपूर्ण कारणहरू थिए । हजारौं हजार वर्षको धार्मिक र दार्शनिक विकासले भारतको बौध्दिक माटोमा विचार र आदर्शहरूको एक पोषिलो र उब्जाउ तह थुपारेको



Downloaded from http://www.dhamma.digital

थियो जुन (बुध्द) धर्मको बीउ टुसाउनको लागि हुन सम्मको असल गर्भ बन्यो । ग्रीस, चीन, इजिप्ट र बेबिलोनियाका प्रगतिशील विचारधाराहरू भारतका जंगल र हिमालयमा बस्ने ऋषिहरूको दृष्टिको दाँजोमा पुग्न सकेका थिएनन् । मुक्ति (बोधिज्ञानको) त्यो बीउ हो जुन टाढा-टाढाको खेतबाट उडेर आएको बीउ झैं हामीभन्दा स्थान र समयको हिसावले अनन्त दूरीबाट आएको हो र त्यस्तो बीउले भारतको उत्तरपूर्वी भागमा हुर्कन र विकसित हुन पायो। वोधिज्ञानको यो बीउले अनुभवी व्यक्ति गौतमबुद्धको माध्यमबाट पूर्णरूपले प्रकट हुन पायो । बुद्धधर्मको मुहान यही अनुभव हो जसलाई बोधिज्ञान भनिन्छ। बोधिज्ञानको माध्यमद्वारा बुद्धले धर्मप्रचारको थालनि गर्नुभयो जब हामी यो विचार गर्छौं कि बुद्धले लिंडेढिपि र रहस्यद्वारा आफ्नो मत प्रचार गर्नुभएको थिएन बरू वैधानिक सर्वलौकिक (सबैलाई लागू हुने) अनुभवद्वारा गर्नुभएको थियो, तव बुद्धधर्मको साँच्चैको परिभाषाको लागि सबभन्दा उपयुक्त शब्द हुनेछ - सत्य। स्मरणरहोस् कि बुध्दले सिध्दान्तहरूबाट मार्ग देखाउनुभएन । उहाँले सधैं आफ्नो अनुभवले, आफ्नो ज्ञानले र सत्यको माध्यमले मार्ग देखाउनुभयो ।

२५०० वर्षअगाडि गौतमबुध्द भन्ने व्यक्तिमा निहित भएको सत्यको रूपमा बुध्दधर्मको उदय भयो जब बुध्दले आफ्नो शिक्षा प्रकट गर्नुभयो, उहाँले खालि जीवनको व्याख्या मात्रै गर्न खोज्नुभएन । उहाँले त आफूले पत्ता लगाएको सत्य औंल्याउन र मोक्ष प्राप्तिको लागि ठीक र व्यावहारिक मार्ग देखाउन खोज्नुभयो ।



Downloaded from http://www.dhamma.digital

बुध्दको मौलिक शिक्षामा जीवन र संसारको सत्य समेटिएको थियो । तैपनि बुध्द स्वयंले दिनुभएको मौलिक शिक्षा (जसलाई प्राय: गरी धम्म वा बुध्द उपदेश भनिन्छ) र पछि मान्छेहरूलाई यसमा आकर्षित पार्न बनाइएको धर्मको बीचमा फरक छुट्याउनु अनिवार्य छ । उहाँको परिनिर्वाण भएको केही शताब्दीपछि उहाँका अनुयायीहरूले उहाँको शिक्षाको आधार लिएर एक धर्मको सृजना गरे । यसरी धर्मको सङ्गठन गरेको वेलामा तिनीहरूले आफ्नो गुरुको मौलिक शिक्षामा नभएका विभिन्न चमत्कार-गुप्तविद्या, ज्योतिषविद्या, मन्तर, जन्तर, स्तुति र थुप्रै तमाशा-विधिहरू घुसाए। यी असम्बन्धित धार्मिक विश्वास र अभ्यासहरू आएपछि धेरै मानिसहरूले यसका मौलिक शिक्षाहरू - आत्मअनुशासन, आत्मसंयम, नैतिकताको वृध्दि र मानसिक विकासको अभ्यासलाई उपेक्षा गरे । मौलिक शिक्षाको अभ्यासको ठाउँमा भूत-प्रेतबाट आफ्नो बचावट र सौभाग्यशाली हुनमा उनीहरूले बढी प्रयास र ध्यान केन्द्रित गरे । विस्तार-विस्तारै मानिसहरूले मूल शिक्षामा ध्यान दिन छाडे; र नक्षत्र, कुविद्या र रोगव्याधिको कुप्रभाव वा दुदशाबाट बच्ने उपाय र तरीकाहरू पत्ता लगाउनतर्फ बढी ध्यान दिन थाले । यसरी धार्मिक अभ्यास र विश्वासहरू सांसारिक प्रवृत्तिहरूमा मात्रै सीमित रहन थाले । आजै पनि, कतिपय मानिसहरू विश्वास गर्छन् कि बाहिरी शक्तिको प्रभावबाट उनीहरू आफ्नो कठिनाईबाट मुक्त हुन सक्छन् । मानिसहरू अझै पनि यस्तो विश्वासमा जकडिएका छन् । त्यसैले उनीहरू संकल्पशक्ति, बुध्दि, बुझ्नसक्ने क्षमता



Downloaded from http://www.dhamma.digital

र अन्य मानवीय गुणहरूको विकास गर्नुमा वास्ता गर्दैनन् ।

यसरी हामी देख्छौं कि धर्मको रूपमा बुध्द शिक्षा विभिन्न सामाजिक र सांस्कृतिक वातावरणमा बस्ने मानिसहरूको एक परिणाम मात्र हो । जे होस्, धर्मको रूपमा बुध्द शिक्षा स्वर्ग-बाट झरेको अलौकिक व्यवस्थाको रूपमा शुरू भएको होइन । बरू यो लामो ऐतिहासिक प्रक्रियाबाट उत्पन्न र विकास भएको हो । विकासको यो क्रममा धेरै मानिसहरू बुध्दका मौलिक शिक्षाबाट विस्तारै टाढा हुँदै गए ।

बुध्दको मौलिक शिक्षाले एक धर्मलाई मात्र नभै पूरा सभ्यतालाई नै प्रेरित गर्‍यो । यो शिक्षाले कतिपय मानवकृति र राष्ट्रहरूको इतिहासमा एक ठूलो सभ्यताप्रेरक शक्तिको रूपमा काम गर्‍यो । वास्तवमा बुद्धधर्म विश्वले अहिलेसम्म थाहा पाएको उत्तम सभ्यताहरूमध्ये एक हुन आएको छ । साहित्य, कला, दर्शन, नीतिशास्त्र र शिल्प-विद्याको क्षेत्रमा विश्वले हासिल गरेको अद्भूत सफलताको इतिहास यसमा निहित छ । सयौं वर्षको अवधिमा विभिन्न राष्ट्रहरूमा अनगिन्ति सामाजिक र शैक्षिक संस्थाहरू देखापरे जसले बुद्धको शिक्षाको लागि आफ्नो सेवा अर्पित गरे । बुद्धधर्मको इतिहास भ्रातृत्वभाव र मैत्रीको सुनौला अक्षरले लेखिएको छ । बुध्दले आफ्नो शिक्षाको प्रचार गरेको दिनदेखि संसार एक बेग्लै ठाउँ हुन आएको छ ।

आजको विश्वमा बुध्दधर्म एक सभ्यताप्रेरक शक्तिको रूपमा रहेको छ । सभ्यताप्रेरक शक्तिको रूपमा बुध्दधर्मले अनगिन्ति मानिसहरूमा आत्मसम्मान र उत्तरदायित्वको भाव जगाएको छ



Downloaded from http://www.dhamma.digital

र थुप्रै राष्ट्रहरूको भावनात्मक शक्तिलाई उत्तेजित गराएको छ। यसले मान्छेलाई उसैको विचार शक्तिसँग मिलेर मानसिक प्रगतिको लागि उक्साउँछ। यसले जनतालाई धर्म र राष्ट्रियताको संकुचित भाव र कट्टरपना छाडेर सहनशक्तिको विकास गर्न टेवा दिन्छ। यसले नागरिकहरूको मनलाई निर्मल र संयमी पारी सुधार्छ र पशु-प्रवृत्तिलाई हटाउँछ। छोटकरीमा, बुध्दधर्मले मान्छेको सारा भविष्य उसको आफ्नै हातमा छ र उच्च लक्ष्य हासिल गर्न आफ्नो शक्ति र परिज्ञानको विकास गर्ने क्षमता ऊ आफैसँग छ भन्ने तथ्य सिकाएर आत्मबिश्वासको भावलाई जागृत गराउँछ।

२००० वर्षभन्दा बढी समयदेखि बुध्दधर्मले झण्डै एक तिहाई मानव-समाजको मानसिक शून्यताको पूर्ति गर्दै आएको छ। आज पनि बुध्दधर्मको अपील उत्तिकै बलियो छ।

बुध्दको शिक्षा मानव-समाजको सबभन्दा धनी मानसिक स्रोतहरूमध्ये एक रहेको छ किन कि यसले मानव-प्रयासको क्षितिजलाई खालि मान्छेको सदा संतुष्ट आवश्यकता र भोकमा मात्र सीमित नगरी त्यसभन्दा पनि माथि उठाइदिएको छ। जीवनप्रतिको बुध्दको दृष्टिकोणमा यसको विशाल स्वरूपको कारणले गर्दा आफ्नो र अरूका मन थकित र खालिपारिसकेका विद्वान्हरूलाई तान्ने शक्ति रहेको छ।

बुध्दधर्मले गर्न सक्ने अर्को अपील यो पनि छ कि यो यथार्थवादी छ र यसले विश्व र जीवनको सत्य स्वरूपलाई प्रस्तुत गर्दछ। यसले मानिसलाई मूर्खहरूको स्वर्ग (काल्पनिक) स्वर्ग तिर जालझेल गरेर तान्दैन, न त यसले मानिसहरूलाई



Downloaded from http://www.dhamma.digital

सबै प्रकारका काल्पनिक भय र दोष देखाएर तर्साउने र कष्ट दिने काम नै गर्छ । बुध्दधर्मले मुख्यरूपमा हामीलाई हामी को हौं र हाम्रो चारैतिरको संसार के हो ठीकसँग भन्छ र हामीलाई पूर्ण मुक्ति, शान्ति, आनन्द र सुखको बाटो देखाइदिन्छ ।

आजको मानवलाई अधर्मबाट बचाउनु छ भने बुध्दधर्म नै सबैभन्दा प्रभावशाली गाडी हो । बुध्दधर्म त्यो मानवधर्म हो, जसका संस्थापक त्यो मान्छे थिए जसले आफ्नो शिक्षाको विकास गर्न कुनै पनि दैवोप्रेरणा र हस्तक्षेपको सहयोग लिएनन् । भौतिक जगत्लाई नियन्त्रण गर्न सफल भएकोले झन् आकुल-व्याकुल भइरहेका आजको युगको मान्छेले पछाडि फर्केर आफूले गरेको सबभन्दा गाह्रो विषयको नियंत्रण – आफैंको नियन्त्रणका सफलताका रिकर्डहरू लिएर हेर्न चाहन सक्छन् । उसले यस धर्मलाई आफ्ना थुप्रै समस्या र शंकाहरूको उत्तरको रूपमा पाउने छ ।

आज बुध्दधर्मले पश्चिमी समाजलाई पनि आकर्षित गरेको छ । कारण यसमा कुनै अन्धविश्वास छैन र यसले तर्क र हृदय दुवैलाई सन्तुष्ट पार्छ । यसले आत्मविश्वासको साथै अरूप्रतिको सहिष्णुतामा पनि जोड दिन्छ । यसले विज्ञान, धर्म, दर्शन, मनोविज्ञान, नीतिशास्त्र र कलालाई अँगाल्छ । बुध्दधर्मले मान्छे आफैं मात्र आफ्नो वर्तमान जीवनको सृष्टिकर्ता हो र ऊ नै आफ्नो भाग्यको एक्लो नक्साकार हो भनी औंल्याउँछ । यस्तो छ बुध्दधर्मको प्रकृति ।

*



Downloaded from http://www.dhamma.digital

# भगवान् बुध्द र जीवन दर्शन

**– आशाराम शाक्य**

यस बिशाल संसारमा मानिसको सृष्टि भएदेखि अनेक धर्मोपदेशकहरू आए, शिक्षा दिए, गए तर मानिसको स्वभाव त्यही गतिले अपरिवर्तनशील भएर बगिरहेको छ। हुन सक्छ बाटो देखाउनेहरू नै राम्रो बाटोमा नपरेका हुनाले मानिसहरूले उनीहरूलाई वास्ता नगरेका होलान्। साँच्चै भनूँ भने विज्ञानको भयानक उन्नति भइहेको यो आधुनिक विश्वमा फेरि अध्यात्मवादको उदय हुनु जरूरी छ। वेलायतका प्रकाण्ड विद्वान् श्री बर्टाण्ड रसेलका भनाइमा आजकलका वैज्ञानिकहरूमा ज्ञान ( *Knowledge* ) बढ्ता भए जस्तो बुध्दि ( *Wisedom* ) पनि भैदिएको भए बालकृष्ण समज्यूले



Downloaded from http://www.dhamma.digital

"ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ" भनेर कराउन पर्दैनथ्यो होला। बुद्धि विनाको तीव्रतर गतिले अगाडि बढ्दै गएको यो विश्वलाई सबल नेतृत्वको आवश्यकता छ जुन नेतृत्वले वैज्ञानिक र राजनैतिक नेताहरूमा आएको पशुवल र हिंसालाई भ्रातृत्व र प्रेमले भरीदेओस्। यसको निम्ति मेरो विचारमा यस विश्वलाई नेतृत्व दिन सक्ने र दिंदै आउनुभएको केवल भगवान् बुद्ध मात्रै हुनुहुन्छ। किनभने २५०० वर्ष वितिसक्दा पनि बुद्धका शिक्षा दीक्षा र विचारधारा सँधैको निम्ति हितकर नै छन्। यस संदर्भमा विचार गरी हेरौं – बुद्धले आधुनिक विश्वलाई कुन क्षेत्रमा नेतृत्व दिनुभएको छैन ?

## मनुष्यता र बुद्धत्व

सर्वप्रथम हामीले के विर्सन हुँदैन भने बुद्ध हामी जस्तै एक साधारण मानिस हुनु हुन्थ्यो। हुनसक्छ, पूर्व जन्मको असल संस्कारले उहाँको स्मृति, बुद्धि, ज्ञान हामीहरूको भन्दा तीखो थियो होला, तर उहाँ जन्मनु हुँदा मानिसकै कुलमा जन्मनु भएको थियो। हुन त बुद्धका अनुयायीहरूले उहाँलाई देवताभन्दा पनि देवता बनाए तर जबसम्मा बुद्धलाई साधारण मानिसको रूपमा अध्ययन गरिन्न उहाँको शिक्षा र उपदेश कहिल्यै पनि बुझ्न सकिन्न र यसबाट फायदा पनि उठाउन सकिन्न।

शाक्य गणतन्त्रका राजा शुद्धोदनका एकमात्र पुत्र भएर जन्मनुभएका भगवान् बुद्धले सर्वप्रथम भिक्षुहरूलाई र गृहस्थ उपासक उपासिकाहरूलाई पूर्ण व्यक्तिगत स्वतन्त्रता र



Downloaded from http://www.dhamma.digital

विचार स्वतन्त्रता दिएर भन्नुभयो – "म त केवल एक पथ-प्रदर्शक हुँ । मैले देखाएको बाटोमा कसैले हिंड्नै पर्दछ भन्ने केही छैन । मैले देखाएको बाटो लागेर लाभ हुन्छ भने त्यो बाटो लाग, होइन भने नलाग, म कसैको स्वर्ग वा नर्कको ठेक्का लिएर आएको पनि होइन । मैले बताएको बाटोमा लाग्नाले आफूलाई वेस हुन्छ भने लाग्ने नत्र छाड्ने गर ।" यसरी उहाँले प्रत्येक व्यक्तिले आफूसँग रहेको विवेक शक्ति र स्वतन्त्रतालाई ठूलो प्रोत्साहन दिनुभएको छ । सके यस्तो विशाल भावना तपाईं अरू कुनै महापुरुषमा पनि पाउनु हुन्न होला ।

## अनात्मवाद

बुद्धले अर्को कुरा हामीलाई बताउनुभएको छ – अनात्म-वादको । 'अनिच्चावत संखारा' भन्ने उपदेश दिनु भएर भगवान् बुद्धले हामीलाई देखाउनुभएको छ – संस्कार जत्ति सबै अनित्य छ, नाशवान् छ, अतः यस संसारमा निर्वाण बाहेक कुनै पनि सत्य छैन, आत्मा भन्ने चीजको यहाँ अस्तित्व नै छैन । किनभने पञ्चस्कन्धवाट हेतुको माध्यमद्वारा सबै चीज र जीवात्मा निस्किने हुनाले यहाँ कुनै एक सर्वशक्तिमान ईश्वरको अस्तित्व केवल कमजोर मनको सृष्टि मात्रै हो । अप, तेज, वायु, आकाश र पृथ्वी – यी पाँच तत्वको संमिश्रणद्वारा निर्माण हुने संस्कारवाट उत्पन्न भएको यो दुनियाँमा आत्मा भन्ने अक्षय, अविनाशी, नित्य कुनै चीज छैन । चेतनालाई आत्मा मान्ने हो भने चेतना नित्य परिवर्तन हुँदै



Downloaded from http://www.dhamma.digital

जान्छ, शरीरभित्रका हृदयलाई आत्मा मान्ने हो भने त्यो पनि एकदम नाश भएरै जान्छ । भावना र ज्ञानलाई आत्मा मान्ने हो भने तिनीहरू पनि आजको स्थितिमा भोलि रहँदैनन् । एउटा खोलोमा एकजना मान्छे दुइपटक तर्न सक्दैन भन्ने तर्कको व्याख्या पनि यही हो । एकपटक तर्दाको पानी वगेर अन्तै गैसकेको हुन्छ त्यस्तै अर्को पटक तर्दा अर्कै पानी हाम्रा अगाडि गइरहेको हुन्छ । अनि हामो हाम्रो अगाडि जुन नदी देख्छौं त्यो पनि सधैं परिवर्तन भैरहने अर्थात् विनाशतिर अग्रसर भैरहेको दृश्य हो ।

## ईश्वर र पुनर्जन्म

भगवान् बुद्धले अर्को क्रान्तिकारी उपदेश दिनुभएको छ – ईश्वरको अस्तित्व नमान्नु । मनुष्य स्वयं स्वतन्त्र र सार्वभौमिक जीव हो । ऊसंग ज्ञान र बुद्धि यथेष्ट मात्रामा पाइन्छ । कमसेकम ऊसंग आफ्नो हित र अहितको ज्ञान छ । मानिसलाई ऊसंग रहेको सुषुप्त ज्ञान र शक्तिलाई खोज्न लगाएर एउटा सर्व-शक्तिमान ईश्वरको सृजना गरी उसलाई उभ्याई दिंदा स्वतः उसमा एउटा हीनताको आभास देखिन्छ र ईश्वरको अगाडि ऊ भयभीत, कातर, निकम्मा र भगवानको निगाहा पाए मात्रै जीवित हुन सक्ने प्राणीको रूपमा अनुभव गर्छ । अतः भगवान् बुद्धले ईश्वरको अस्तित्वलाई कहिल्यै पनि स्वीकार्नु भएन र उहाँको दृष्टिमा ईश्वर केवल मनुष्यको सृष्टि हो र ऊ आफ्नै सृष्टिको शिकार भएर हिनतामा जकडिएको हुनाले बुद्धले मानिसलाई त्यस हीनताबाट मुक्त गर्ने प्रेरणा दिनुभएको छ ।



Downloaded from http://www.dhamma.digital

तर हज्जारौं वर्षको संस्कार जानुत्यत्ति सजिलो छैन । विकासवादको सिध्दान्त र आधुनिक मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा ईश्वरको अस्तित्व कतैबाट पनि प्रमाणित हुन आउँदैन ।

बुध्दले पुनर्जन्मलाई लिएर भन्नुभएको छ – मानिसको दु:खको मूल कारण तृष्णा,तृष्णाले संस्कार बन्छ, अनि संस्कार क्षय भएपछि तृष्णा क्षय हुन्छ । तृष्णाक्षय भएपछि जन्म र मृत्युको चक्रबाट मानिस मुक्त हुन्छ । तर संस्कार क्षय गर्न धेरै जन्मको आवश्यकता पर्छ । अत: हामीले असल काम गरी असल संस्कार बसाल्न सक्यौं भने मात्र हामी मरेर अर्को जन्म लिंदा राम्रो संस्कार लिएर जन्मन सक्ने छौं अनि क्रमश: यस्तै राम्रो संस्कारले आफूलाई शुध्द गर्दा गर्दै एक दिन तृष्णा क्षीण भएर अर्हत् पद प्राप्त हुन्छ, र क्रमश: अन्तमा बुध्द पद प्राप्त हुन्छ । संस्कार असल हुनुपर्छ भन्ने कुरालाई लिएर श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ – "हे अर्जुन, मर्ने वेलामा जसले मलाई सम्झन्छ, ऊ मँमा लीन हुन्छ ।" के त सधैं अर्कालाई दु:ख दिएर अर्काको उपकारमा कहिल्यै नलाग्नेले श्री कृष्णलाई आफ्नो अन्त समयमा सम्झन सक्ला ? ऊ त आफ्नै सम्पत्ति, बालबच्चा र कुकृत्य मात्र सम्झिरहन्छ । श्री कृष्णको तात्पर्य पनि यो अवश्य होइन होला कि मानिसले जनमभर पाप गरी मर्ने वेलामा मात्र कृष्णले उसलाई पापबाट मुक्त गरी वैकुण्ठ पुऱ्याइदिनु हुनेछ ।

## प्रजातान्त्रिक आस्था

यो आधुनिक विश्वमा प्रजातन्त्र, समाजवाद र व्यक्तिको



Downloaded from http://www.dhamma.digital

स्वतन्त्रताले जति मान्यता प्राप्त गरेका छन् अरू कुनै चीजले पनि छैन। जहाँसम्म प्रजातन्त्रको प्रश्न छ–बुद्द स्वयं एउटा गण-तन्त्रको राजपुत्र हुनुहुन्थ्यो र भिक्षु संघमा पनि उहाँले बहुमत-लाई अधिक महत्व दिनुभएको छ। बुद्ध बिलकुल व्यावहारिक हुनुहुन्छ। किनभने कुनै कुरामा सर्वसम्मत हुनैपर्छ र सधैं सर्वसम्मत हुन्छ नै भनेर भन्न सकिन्न। यसकारण संघमा उहाँले बहुमतले गरेको निर्णयलाई मान्यता दिनुपर्छ भन्ने जुन नियम बनाएर जानुभएको छ त्यो संघमा अद्यावधि कायमै छन्।

अर्को कुरा बुद्धले पहिले पहिले सामन्तका छोराहरूलाई ल्याएर भिक्षु बनाउनु भयो। उनीहरूलाई दान महिमा सिकाउनु भयो। किनभने जबसम्म मानिसमा आफ्नो सुख श्रीसम्पत्ति र आरोग्य आफूभन्दा कम सुखी कम धनी र रोगीसंग बाडचुँड गरेर बाँच्ने भावना हुँदैन, त्यसवेलासम्म मानिसले मनुष्यत्व पाउन सक्दैन र उसको संस्कार शुद्धता पाउने बाटोमा पर्न सक्दैन। धनीहरूलाई दानको महत्व सिकाउनु हुँदा साधु सन्तहरूलाई मात्र दान दिनुपर्छ भनेर उहाँले भन्नुभएन। उहाँले जो गरीब छन्, जो अशक्त छन्, जो अज्ञानी छन् यिनीहरूलाई दान दिनुमा बढ्ता श्रेय दिनु भएको छ। आफ्नो सङ्घमा उहाँले कस्तो नियम बनाईदिनु भएको छ भने भिक्षु सङ्घको साझा सम्पत्ति हुन्छ। कुनै पनि भिक्षुलाई दिएको दान पनि सङ्घकै हुन्छ र सङ्घले हेरी कुन कुन भिक्षुलाई के के गर्नुपर्छ गरिदिन्छ। यसरी सम्पत्तिलाई सामाजीकरण गर्ने प्रथम व्यक्ति बुद्ध नै हुनुहुन्छ र समाजमा कुनै प्रकारको शोषण हुन हुँदैन भन्ने उहाँको नारा नै थियो।



Downloaded from http://www.dhamma.digital

त्यस!वेला कै पुरोहितवादको वढ्दो शक्तिलाई बिचार गरी भन्ने हो भने बुद्धको यो क्रान्ति अत्यन्तै ठूलो क्रान्ति मान्न पर्दछ। जुन क्रान्ति आधुनिक संसारले १९ सौं शताब्दीका आधाआधीमा आएर मात्रै सूत्रपात गर्न सक्यो।

## मनोवैज्ञानिकता

मनोवैज्ञानिक क्षेत्रमा डा० सिगमण्ड फ्रायडको ठूलो नाउँ छ। तर बुद्ध दर्शनका विद्यार्थीहरूलाई थाहा हुन्छ कि बुद्धका सिद्धान्त सम्पूर्ण मनोविज्ञानमै निर्भर छन्। भगवान् बुद्धले "मनो पुब्बङ्गमा धमा मनोमाया यः मेट्ठया" भन्ने उपदेश दिनु भै मनोविज्ञानको प्रथम पाठ विश्वलाई दिनुभएको छ। बुद्धको उपदेशानुसार हामीहरूको सबै कुशल र अकुशल कर्मको अग्रगामी म ननै हुन्छ। घोडाको पछाडि रथको चक्का गुडे झैं हाम्रो मनको बेगमा हामी हिंड्छौं। बुद्धको शील, समाधि र प्रज्ञा यही मनलाई तहलाउने तीन खुड्किला हुन् र यी तीन खुड्लिका बुझेपछि बुद्धका चतुरार्थ सत्य र आर्य अष्टाङ्गिक मार्गको ज्ञान हुन्छ। अनि प्रतित्य-समुत्पादको सिध्दान्त हामीलाई थाहा हुन आउँछ। यसै क्रममा यी सबै मध्यम मार्गद्वारा मात्र सम्भव हुन्छ भन्ने कुरा पनि बोध हुन आउँछ। अतः मनोबिज्ञानका विश्वका आधुनिक प्रणेता भगवान् बुध्द नै हुनुहुन्छ।

## मध्यम मार्ग

अब हामीहरूको अगाडि प्रश्न आउँछ – बुध्दले दिनुभएको उपदेश हामीहरू कसरी हाम्रो जीवनमा प्रयोग गर्न सक्छौं।



Downloaded from http://www.dhamma.digital

समस्या उहाँलाई पनि परेको थियो । यो दुःखबाट मुक्त हुनं उहाँले राजपाठ छोड्नुभयो, वनजङ्गल घुम्नुभयो, अनेक प्रकारका हिन्दू साधूहरूकहाँ अध्ययन गर्नुभयो । कहींबाट पनि उहाँलाई ज्ञान प्राप्त भएन । केवल वायु मात्रै सेवन गरी तपस्या गर्दा पनि उहाँको सबै रगत सुक्यो, मासु गल्यो, कङ्कालमात्र बाँकी रह्यो र मूर्छा समेत पर्नुभयो । त्यसवेला बाख्रा चराउन आएका केटाहरूले देखी बाख्राको दूध मुखमा हाली उहाँलाई नबचाएको भए शायद सिध्दार्थ गौतम बुध्दत्व प्राप्त नगरीकुनै मर्नु हुन्थ्यो र विश्वले उहाँको ज्ञानबाट विमुख हुनुपर्ने थियो । होशमा आएपछि उहाँलाई ज्ञान भयो । पेटमा खानेकुरा नभएपछि रगत बन्दैन, रगत नभए-पछि शारीरिक अङ्ग प्रत्यङ्गले राम्रो काम गर्न सक्दैनन् अनि शरीररूपी साधनले राम्रो काम नगरेमा बोधिज्ञान कसरी प्राप्त गर्न सकिन्छ ? अतः शरीरलाई कष्ट दिएर कुनै ज्ञान प्राप्त हुँदैन, न यो शरीरलाई पञ्चेन्द्रियको प्रतिनिधि सम्झी यी इन्द्रियहरूले मागेको चीज प्रशस्त दिंदैमा बोधीज्ञान प्राप्त हुन्छ । तर उहाँले छोड्नपर्‍यो राजप्रासाद पनि ज्ञानको खोजीमा । अतः यस शरीरलाई सुगम, सुबोध र सरल साधनको रूपमा प्रयोग गरी ज्ञानको खोजी गर्नुपर्छ । यसको निम्ति यस शरीरले न धेरै खानु हुन्छ न बिल्कुलै नखाई कङ्काल बन्नु हुन्छ । अतः मध्यम मार्ग नै सर्वोत्तम मार्ग भन्ने बुध्दले पहिल्याउनु भयो । बुध्दले यस महान् मध्यम मार्गको उपदेश दिंदै भिक्षुहरूलाई उपमा दिएर सम्झाउनु भएको छ – "बीणाको तार ज्यादै कस्सिए पनि तीखो स्वर



Downloaded from http://www.dhamma.digital

मात्र आउँछ, ज्यादै खुकुलो भए पनि राम्रो स्वर आउँदैन। राम्रो सुललित र मधुरस्वरको निम्ति बीणाको तार न ज्यादै कस्सिएको हुनुहुन्छ न खुकुलो, बीचको बाटोमात्र हाम्रो जीवन हरएक क्षेत्रमा काम लाग्छ।" अतः बुध्दले भिक्षुहरूलाई उपदेश दिनु हुँदा "सर्वजनहिताय" सर्वजनसुखाय नभनिकन "बहुजनहिताय बहुजनसुखाय लोकानुकम्पाय चरथ भिक्खवे" भनी बहुजनलाई जोड दिनुभएको छ। जैनहरूको अहिंसा र बैदिक बलिप्रथालाई बुध्दले त्याग्नु भयो। बास्तवमा आधुनिक विश्वले हाल भैररहेको अन्तरिक्षको होड र आणविक शस्त्रास्त्रबाट ल्याएको होडबाट बच्नु छ भने यही मध्यम मार्ग मात्र बाटो छ र दुवै (अति) लाई विश्वले छोडिदिनु पर्दछ।

## हेतु र चतुरार्य सत्य

भगवान् बुध्दले हेतुलाई कुनै पनि कार्यको मूल स्रोत मान्नु भएको छ। "हेधर्मा हेतु प्रभावा हेतु तेषां तथागता। ह्यवदत तेषां च योनिरोध एवम् वादि महाश्रमण" हेतुवाद उनको वाद हो। कुनै पनि कुराको कारण हुन्छ त्यो कारण थाहा भएपछि त्यसको समाधान हुन्छ। उहाँले बताउनु भएको चतुरार्य सत्य यस प्रकारका छन् : यो संसार दुःखमय छ, यहाँ दुःख छ, यो दुःख हुनको कारण छ, यो दुःख हटाउन सकिन्छ, अनि दुःख हटेपछि निर्वाण प्राप्त हुन्छ। अर्थात् दुःख सत्त्वय सत्य दुःख समुदाय सत्य, दुःख निरोध सत्य, र दुःख निरोधगामिनी सत्य। यही



Downloaded from http://www.dhamma.digital

चतुरार्य सत्य हाम्रो जीवनमा आइपर्ने प्रत्येक समस्यामा प्रयोग गर्न सकिन्छ। एक क्षणलाई मानौं लिउँ हामीलाई क्षयरोग भयो। हामीलाई थाहा छ हामीलाई क्षयरोग लागेको छ, यस क्षयरोगको कारण छ, यस क्षयरोग निको तुल्याउन सकिन्छ, अनि यो रोग निको भएपछि हामी पुनः स्वस्थ भएर जीवनको राम्रो उपभोग गर्न सक्छौं। यसरी नै यस संसारको जन्मजरा व्याधी र मरणको पनि कारण छ, अन्त छ, समाधान छ।

## आर्य अष्टाङ्गमार्ग

यसको निम्ति भगवान् बुध्दले आर्य अष्टाङ्गमार्ग देखाई-दिनु भएको छ। यी हुन्:-

सम्यक्दृष्टि अर्थात् दुःख कहाँबाट आयो, कसरी आयो भन्ने हेर्ने शक्ति, सम्यक् सङ्कल्प – अर्थात एकान्तमा बसी मलाई यो कारणले रोग लागेको हो अब बहुजन हित र सुख-लाई ध्यानमा राखी कुनै पनि खराब काम गर्दिन भन्ने दृढ अठोट, सम्यक् वाचा अर्थात् आफूलाई पनि हित हुने अर्कालाई पनि हित हुने साँचो कुरा मात्र गर्न, सम्यक् कर्म अर्थात् अरू प्राणीको हिंसा नगरी दानशील भावनाले अरूलाई उपकार गर्ने काम, सम्यक् आजीविका अर्थात् यस्तो असल काम गर्ने जुन कामले आफूलाई पनि फायदा हुन्छ अरूलाई पनि। सम्यक् व्यायाम अर्थात् तथागत बुद्धहरूले बनाएर गएका ग्रन्थहरूमा अध्ययन र मनन, सम्यक् स्मृति अर्थात् लौकिक र अलौकिक



Downloaded from http://www.dhamma.digital

सहवासबाट अलग बस्न सक्ने सबै प्राणीहरूमा विद्यमान भएको पञ्चमहाभूतको राम्रो चिन्तन गर्ने र सम्यक् समाधि अर्थात् आफ्नो सबै इन्द्रियहरूलाई बशमा राखी वहुजनको हित र सुखमा संधै आफूलाई संलग्न राख्ने । यी आठवटा बाटाबाट गयौं भने जस्तोसुकै व्यक्ति पनि मरीसकेपछिको के कुरा अहिल्यै पनि सुखी हुन सक्छ ।

## बौद्ध पञ्चशील

यी सबैको आधार पञ्चशील हुन् । कुनै पनि कार्यमा सर्वप्रथम आफूलाई शुद्ध गरेर मात्रै कुनै ठूलो काम गर्न सकिन्छ । यसकारण सबभन्दा पहिले आफूलाई शीलवान् बनाउनु अति जरूरी छ । आज प्रत्येक व्यक्तिले दिनहुँ पञ्च-शीलको मात्रै पालन गरेमा पनि तुरून्त फल प्राप्त हुन्छ । यो कुनै देवताको प्रसाद पनि होइन, जादुगरी पनि होइन, कसैको हिंसा नगर्नु, कसैको चोरेर नलिनु, झूठो नबोल्नु, परस्त्री वा परपुरूषको गमन नगर्नु र रक्सी इत्यादि मादक पदार्थ खाएर आफ्नो स्मृति नबिगार्नु । साँच्चै भन्ने हो भने आजकलका नेताहरूले यो पांचवटा शील मात्रै राम्रोसंग पालन गरी दिएमा यो विश्वबाट युद्धको खतरा संधैको निम्ति हट्ने छ । हिंसा नगर्नाले झूठ नबोल्नाले, चोरी नगर्नाले, रक्सी इत्यादि नखानाले, परस्त्री वा परपुरूष गमन नगर्नाले हामीलाई के नोक्सान हुन्छ ? तर यी पाँच कुरा गर्नाले हामी जन्मजन्मान्तरसम्म पनि खराब संस्कार लिएर यही जन्मदेखि दुःखमा भौतारिन पनि स्वतः सिद्ध छ ।



Downloaded from http://www.dhamma.digital

यस्तो निर्मल सबैले बुझ्न सकिने सिद्धान्त र मानवमात्रको अभेद नीतिको विगुल फुक्न सक्ने बुद्ध हाम्रै नेपालमा जन्मेका भए पनि हामीले विश्वलाई उहाँको प्रकाश र ज्ञानलाई लिएर जुन दिनुपर्ने हो त्यो दिन सकेका छैनौं। अरनिको र सुरथवज्र पछि यस्ता कुनै विभूति नेपालबाट बाहिर जान सकेनन् ।

यद्यपि त्यसबेला संस्कृतको प्रबलता थियो । बुद्धले धर्मोपदेश गर्नु हुँदा संस्कृत भाषामा गर्नु भएन । किनभने बुद्धको सन्देश सर्वसाधारण जनतालाई दिनु थियो र सर्वसाधारण जनताले त्यसबेला पाली मात्र जान्दथ्यो । अर्को कुरा उहाँ यत्तिको व्यावहारिक हुनुहुन्थ्यो भन्ने कुरा तलका दृष्टान्तबाट स्पष्ट हुन्छ ।

एक दिन उहाँले धर्मदेशना गरिरहनु भएको वेलामा एउटा भिक्षुले प्रश्न गऱ्यो – "भन्ते, यो संसार कसरी बन्यो कसरी अन्त हुनेछ ?" बुद्धले यस प्रश्नको उत्तर नदिएर त्यस प्रश्नकर्ता भिक्षुसंग सोध्नुभयो – "तिमीलाई, बाटामा हिंड्दा बाण लाग्यो । एउटा दयावान व्यक्तिले बाण झिकी दिन लाग्दा तिमीले बाण कहाँबाट आएको, किन आएको, कसरी आएको भन्ने प्रश्न गरिरहने कि बाण पहिले झिक्न दिने ?" भिक्षुले उत्तर दियो – "पहिले बाण झिक्न दिनुपर्छ ।" अनि बुद्धले भन्नुभयो – "त्यस्तै तिमी अहिले भयानक दुःखमा छौ । संसारको उत्पत्तिको कारण र विनाश जान्नुभन्दा पहिले तिम्रो दुःख हटाउनु नै जरूरी छ ।"



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धको धर्म अरू धर्म जस्तो नभएर नैतिक आचरण र दार्शनिक अभिव्यक्तिमा आधारित भएकोले विश्वमा समस्त जनताको ४ खण्डमा ३ खण्ड अहिले बुद्ध धर्ममा श्रद्धा गर्दछन् र हाम्रो नेपालले पनि यस महान् विभूतिको शिक्षालाई अनुशरण गर्न सकेमा अरूलाई गराउन सकेमा अहिले पनि कल्याण हुन्छ, पछि पनि कल्याण हुनेछ ।

*

**संसारले थाहा पाएको महान् धर्महरूमध्ये आफ्नो इतिहासकालमा बौद्धधर्मले नै आफ्ना अनुयायीहरूलाई सबैभन्दा बढी दृढतापूर्वक तथा प्रभावपूर्ण किसिमले शान्तिको शिक्षा प्रदान गरेको छ ।**

— जे. टी. सुन्दरलैण्ड



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्म : एक परिचय

– इन्द्रनारायण मानन्धर

बुद्ध धर्मलाई सही रूपमा हेर्नु पर्दछ । तर त्यसरी हेर्नेहरू कम नै छन् । यसलाई धर्म नै होइन भन्नेहरू पनि छन् । यो अन्य धर्मको एक अंश हो भन्नेहरू पनि छन् । बुद्ध धर्म बौद्धहरूको लागि मात्र हो भन्नेहरू पनि छन् । यस सन्दर्भमा सर्वप्रथम यो स्पष्ट हुनु जरूरी छ कि धर्म र कर्मको केन्द्र-विन्दु ईश्वर होइन हाम्रो चित्त हो । बुद्ध धर्म आंशिक धर्म होइन यो पूर्ण तथा भवचक्रबाट मुक्ति पाउन सक्ने व्यवहारिक धर्म हो । बुद्ध धर्ममा सम्प्रदायको घेरा छैन; न यसको कुनै सीमाना नै छ; न त अन्य धर्मसंग संघर्ष वा विरोध गर्न अनुयायीहरूको जमातले नै पहरा गराइराख्ने गरेको छ ।



Downloaded from http://www.dhamma.digital

यसका अनुयायीहरू पनि वाहिरको लागि मैत्री र भित्रको लागि प्रज्ञाको अस्त्र प्रयोग गर्नेहरू हुँदा अरूसँग संघर्ष गर्दैन र आफ्नो अन्तर्मनमा रहेका क्लेशहरूसँग नै संघर्ष गरिरहन्छ ।

भगवान् बुद्धले धर्मदेशनाको क्रममा कहिल्यै गोप्य बैठक बसालेन, न त गुप्त उपदेश नै कसैलाई दिए । कसैलाई बुद्ध धर्ममा जवर्जस्ति भित्र्याइएको पनि छैन; न कसैलाई यस धर्ममा प्रवेश गर्न नदिएको छ । यसबाट स्पष्ट पनि हुन्छ कि बुद्धको उपदेश तथा वहाँले देखाउनु भएको आर्यअष्टाङ्गिक मार्ग दीवारभित्र रहनेहरू याने साम्प्रदायिक भावना हुनेहरूको लागि होइन किन्तु सकल प्राणीको लागि नै हो । बुद्ध धर्ममा सारिपुत्र र मौद्गोल्यायन जस्ता उच्च ब्राह्मणहरू अनुयायी बन्न आउँदा रोकावट भएन । अगुलिमाल जस्तो ९९९ व्यक्तिको ज्यान लिने हत्यारा, बुद्ध धर्मको शरणमा आउँदा थुत्कारिएन, शहरका गुण्डाहरूलाई रमाउने व्यवसायमा लागेकी आम्रपाली जस्तीले बुद्ध धर्म अपनाउन आउँदा पनि छेकिएन । सबैको लागि यसमा समान अवसर रहेको यसको उदारता हो । पापीलाई घृणा नगर्नू, पापलाई घृणा गर्नू भन्ने बुद्धधर्मले सोच्न लगाएको यो गम्भीरता हो । जन्मले ब्राह्मण वा चाण्डाल हुँदैनन्, कर्मले मात्र ब्राह्मण वा चाण्डाल हुने भन्ने बुद्ध धर्मले दर्शाएको सरलता हो । शारीरिक शक्तिभन्दा मानसिक शक्ति नै बलियो हुन्छ भन्ने बुद्ध धर्मले लिएको दृढता हो । बहुजन हिताय बहुजन सुखायको



Downloaded from http://www.dhamma.digital

सिद्धान्त बुद्ध धर्मले अपनाएको महानता हो । .

भगवान् बुध्दले जे भन्ने गरेको छ त्यही गर्ने गरेको पनि छ र जे गर्दछ त्यही भन्दछ पनि, गुह्य र गोप्य न वहाँमा छ न वहाँले देखाएको धर्ममा नै छ । वहाँको धर्म सार्वजनिक र सार्वकालिक हो । चित्त विशुध्दि गर्नु नै बुध्द धर्म अपनाउनु हो । आफ्नो चित्त आफैले शुध्द गर्न सबैलाई बुध्द धर्मले आह्वान गर्दछ । कसैलाई आदेश दिदैन । चित्त शुध्द गर्नेहरूलाई स्वागत गर्दछ र नगर्नेहरूप्रति घृणा गर्दैन । सिर्फ अज्ञानीहरूको अज्ञानतालाई मात्र हेरी तिनीहरूमा ज्ञानचक्षु होस् र अज्ञानता हटोस् भनी आशिका गर्दछ ।। परम्परा देखिका दुई विचारधारा (१) क्रियावाद ( कार्यको फल भोग्नुपर्ने छ भन्ने ) (२) अक्रियावाद (कार्यको फल हुँदैन भोग्नु पनि पर्दैन भन्ने ) मध्ये बुध्द धर्म क्रियावादको पक्षमा भएको पाउँछौं । क्रियावादको अर्को नाम कर्मवाद हो । आफ्नो फल हुन्छ सो फल कर्मकर्ताले नै भोग्नुपर्दछ भन्ने कर्मवादको विचारधारा हो । कर्मवादमा पनि कर्मको फल भोग्नुपर्ने नपर्ने भन्ने ईश्वरको हातमा छ भन्ने धारणा बुध्द धर्मले मानेको छैन । कर्मको फल भोग्नु नपर्ने गर्न अरूको निगाह वा कृयामा निर्भर हुने होइन, आफैले आफ्नो चित्त परिशुध्द गरेमात्र यो सम्भव हुने बुध्द धर्मको सिध्दान्त हो । फलफूलको बियाँ जस्तै फल दिन सक्ने कर्म पनि एक बीउ समान हो । फलफूलको बीउलाई हाँडीमा राखी भुटेपछि त्यस बीउबाट पुनः फल दिन समर्थ हुँदैन, त्यस्तै आफ्नो सञ्चित कर्मको फल फल्नु अगाडि नै आफैले आफ्नो चित्त



Downloaded from http://www.dhamma.digital

परिशुध्द गरी अरहन्त हुन सके पुनर्जन्म गराउने कर्मले फल दिन नसक्ने हुन्छ र अर्को जन्मजन्मान्तर भोग्दै जानुपर्ने संचित भैरहेको कर्मको फल भोग्नु नपर्ने हुन्छ। अरहन्तको स्थितिमा नपुगेसम्म प्रत्येक कर्मको फल नभोगी सुख पाउँदैन। हाम्रो शरीर, वचन र मनद्वार हामीले प्रतिक्रिया जनाई कर्म बनाउँदछौं भने हाम्रै पहिलेको कर्मले गर्दा नै हामी यो स्थितिमा जन्म भएका पनि हो। कुशल कर्म होस् अकुशल कर्म होस् सो हामीसँग सँगै जुनसुकै जन्ममा पनि आईरहन्छ। अवसर मिल्नासाथ फल दिन्छ पनि। कुरालाई लिएर भगवान् बुध्दले "सब्बेसत्ता कम्म सकाँ" भनी भन्नु भएको हो। यसको अर्थ सकल प्राणीहरूको आफ्नो भन्नु नै आफ्नै कर्म हुन्। हामीलाई नरकमा लाने पनि हाम्रै कर्म हो। मनुष्य योनिमा ल्याउने तथा देवलोक र ब्रह्मलोकमा लाने पनि हाम्रै कर्म हो। त्यो कर्म जुन हामीले हाम्रो शरीर, वचन र मनद्वारा बनाउँछौं। त्यही कर्मले जसले हामीलाई बनाउँछ र भवचक्रमा घुमाउँछ। यस तथ्य कुराको आधारमा "अत्ता हि अत्तनो नाथो – कोहि नाथो परोसिया" भनी आफ्नो मालिक आफै हो, अरू कोही होइन भनेर गलत धारणामा रहेकाहरूलाई बिउँझाउन भगवान् बुध्दले उपदेश दिनुभएको हो।

हामी मनुष्य योनिमा जन्म हुनु नै हाम्रो कुशल कर्मको फल हो। अतः प्रायः सबै मानिसहरू साधारण अवस्थामा छँदा पाप गर्नमा भन्दा धर्म गर्नमा ढल्कने र रूची गर्ने हुन्छन्। तै पनि मानिसहरूले पाप गरिरहेको पाउँछौं। किन होला? त्यो स्पष्ट तरीकाले सोझो बाटो र त्यसमा लाग्न यथार्थ ज्ञानको



Downloaded from http://www.dhamma.digital

अभावमा मानिसहरू अलमली, अज्ञानताले छेकी, धर्म गरेको भन्दा भन्दै पाप गर्न पुगी शुध्द धर्मको सम्पर्कमा जाने अवसरबाट समेत बञ्चित भैरहेकोले हो। त्यसरी अलमलमा नपरोस् भनि भगवान् बुध्दले निम्न १० वटा पाप अथवा अकुशल कर्मबाट बचेर बस्नु नै धर्म वा कुशल कर्म गर्नु हो भनी सरल स्पष्ट रूपमा शुध्द धर्मको सम्पर्कमा जान सजिलो होस् भन्ने हेतुले धर्मदेशना गर्नु भएको हो। नैतिकतामा आधारित यो धर्ममा लाग्न सहाराको रूपमा पञ्चशील, अष्टशील र दशशील पनि पालन गरी आफ्नो रक्षक सृजना गर्न पनि अर्ति दिनुभएको छ।

## क) शरीरबाट हुने पाप

(१) प्राणी हिंसा (२) चोरी (३) परस्त्री वा पुरुषसँग व्यभिचार गर्नु।

## ख) बचनबाट हुने पाप

(१) झूठो बोल्नु (२) कडा बचन बोल्नु (३) चुकली गर्नु (४) फजुल गफ गर्नु।

## ग) मनबाट हुने पाप

(१) अविध्या ( अरूहरूको सुख सम्पत्तिमा गिध्द दृष्टि राखी ) लोभ गर्नु (२) व्यापाद (अरूको लाभमा डाहा गर्नु, हानीमा हर्ष हुनु ) ( ३ ) मिथ्यादृष्टि ( उल्टो धारणा ) रहनु।

उपर्युक्तानुसार बुध्द धर्म वास्तवमा अनुभवको आधारमा



Downloaded from http://www.dhamma.digital

अन्तिम सत्य पत्ता लगाएर उदय भएका धर्म हो। भौतिक धर्म (रूप) लाई अष्टकलापको तहसम्म फार्दै, मानसिक धर्म (नाम) लाई रूपको दाँजोमा १७ गुणा द्रुत गतिले उत्पत्ति स्थिति भङ्ग हुने तथ्य पत्ता लगाई चित्तलाई संक्षिप्त ८९ र बिस्तृतमा १२१, चैतसिकलाई ५२ र रूपलाई २८ मा विभाजन गरी देखाइराखेको यो धर्म हो। (१) दुःख सत्य (२) दुःख समुदाय सत्य (३) दुःख निरोध सत्य (४) दुःख निरोध मार्ग सत्य समेत चतुरार्य सत्य बुद्ध धर्मको मेरुदण्ड समान हो। आर्यअष्टाङ्गिकमार्ग अन्तिम सत्यको सम्पर्कमा जान भगवान् बुद्धले देखाएको मध्यममार्ग हो। (१) श्रोतापत्ति (२) सकृदागामी (३) अनागामी र (४) अरहन्त समेत चार लोकोत्तर धर्मको सिढी हो। निर्वाण साक्षात्कार गर्नु नै बुद्ध धर्मको अन्तिम लक्ष्य हो। आमाले आफ्नो बच्चासँग आफू पनि बच्चासरह भई खेली हेलमेल गर्ने तथा तोतेबोली वोलेर बच्चाको भाषामा सम्झाउने बुझाउने गर्ने गरे जस्तै सर्वसाधारणको प्रचलित भाषामा सरल तरीकाले व्यावहारिक उपमा दिई सम्झाई बुझाई अभ्यास समेत गराई दुःखबाट मुक्त गर्ने यो सरल धर्म हो। बुद्ध धर्मलाई आफ्नो विवेक बुद्धिले स्वतन्त्र रूपमा पारख गरी चिन्तन मनन गरी आफ्नै अनुभवको आधारमा अरूलाई हानी नहुने आफूलाई फाइदा हुने भनी विश्वस्त भए मात्र स्वीकार गरी अपनाए हुने यो एक स्वतन्त्र धर्म हो।

हाम्रो हेराइ, सोचाइ र व्यवहार गराइमाभन्दा बुद्धधर्मका



Downloaded from http://www.dhamma.digital

सही समझदारीमा अलि फरक छ साधारणतः हामीले देखेका चन्द्र, सूर्य, पहाड, समुद्र आदि रूप सदा रहने नित्य हो भनी सम्झन्छौं । त्यो नित्य भन्ने धारणा मात्र हो । बुद्ध धर्मअनुसार ती सब निरन्तर परिवर्तन भै नै रहेकोले अनित्य हुन्, यो अनित्य भनेको ज्ञान हो र सत्य पनि हो । क्षणिकको लागि भए पनि मन पर्नेलाई सुख र मन नपर्नेलाई दुःख भन्ने गरेकोमा अलि गहिरिएर हेरेमा मन परेको सुख पनि सदा रहिरहने र सो अन्त भएपछि फेरि दुःख नै हुने हुँदा त्यस्तो सुख भन्नेलाई पनि बुद्ध धर्मले दुःख नै मानी हामीमा रहेका पञ्चस्कन्धलाई नै दुःख भनि लिएको छ । क्षणिक मन परेकोलाई सुख भन्नु पनि धारणा मात्र हो सो लगायत सबै दुःख नै हो भन्ने ज्ञान हो, त्यही सत्य पनि हो । त्यस्तै हाम्रो आत्मा नित्य छ भन्ने आत्मभावमा हामी विश्वास गरी आएका छौं । बुद्ध धर्मानुसार आत्मालाई एक धारणा मात्र हो कारण आत्मा खोज्ने कसैले पत्ता लगाएका छैनन् । रथको सबै पार्ट-पूर्जा छुट्टाछुट्टै झिकेर निरीक्षण गरी हेर्दा "रथ" भन्ने खास कुनै फेला नपर्ने जस्तै हाम्रो नाम र रूपलाई पनि फार्दै अलग अलग गरी हेरेमा आत्मा भनेको कुनै पत्ता नलाग्ने हुँदा आत्मा छैन भन्ने अनात्मभाव धारणा होइन किन्तु आत्मा छैन भन्ने ज्ञान नै अनात्म हो । यस तथ्यलाई भगवान् बुद्धले मात्र होइन वहाँका अनुयायी अरहन्तहरूले विपश्यना ध्यानद्वारा पत्ता लगाई सिद्ध गरिसकेको र हामीले पनि विपश्यना ध्यान भावनाद्वारा सो ज्ञान हासिल गर्न सकिने भएकोले बुद्ध धर्मले



Downloaded from http://www.dhamma.digital

हामीलाई पनि सो ज्ञान पत्ता लगाउन जोड दिएको छ।

हाम्रो चित्तसँग बुद्ध धर्मको ज्यादै घनिष्ठ सम्बन्ध छ साथै कर्मको पनि हाम्रो चित्तसँग त्यस्तै घनिष्ठ सम्बन्ध छ। बुद्ध धर्म हाम्रो कर्मको क्षेत्रमा केन्द्रविन्दुको रूपमा रहेको हाम्रो चित्त शुद्ध गर्न भगवान् बुद्धले विपश्यना ध्यानभावना सिकाउनुभएको हो। हामीमा सञ्चित पुरानो राग, द्वेष र मोहले गर्दा दैनिक जीवनमा हाम्रो सम्पर्कमा आउने सबैमा मन परेको वा मन नपरेको भन्ने प्रतिक्रिया हामीले गरी राग वा द्वेषको बीउ समाइरहने संस्कारहरू बनाउँदै गइरहने गरेकोमा त्यस्तो नयाँ संस्कार नबनाउने विद्या हामी विपश्यना ध्यानभावनाबाट सिक्छौं। हामीमा उत्पन्न हुने सम्पूर्ण वेदना र घट्ने सम्पूर्ण घटना हामीले भोग गर्नुपर्ने हाम्रै कर्मके फल हो, त्यो पनि अनित्य सदा रहिरहने भनेर जानी बुझी त्यसमा मन पर्ने वा नपर्ने भन्ने केही पनि प्रतिक्रिया नगरी तटस्थ भएर, साक्षीभावले हेरेर मात्र समतामा बस्न जान्नासाथ त्यस क्षण नयाँ संस्कार बन्ने कार्य बन्द हुन जान्छ। त्यस्तो स्थितिमा रहेसम्म चित्तधारालाई क्षण क्षण आहाराको रूपमा नभई नहुने नयाँ संस्कार बन्ने कार्य बन्न गई पुराना संस्कारहरू उखेल्दै निर्मूल पार्नेछ। विपश्यना ध्यानभावनामा बसी नयाँ संस्कार नवनाउन र पुराना संस्कारहरू निर्मूल गर्दै मुक्ति हुन भगवान् बुद्धले सिकाउनुभएको उपाय वा युक्ति यही नै हो। यो सार्वजनिक र सर्वकालिक नै हो।

अतः बुद्ध धर्मलाई निम्न तीन दृष्टिले हेर्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

१) क्रान्तिकारी :– आफ्नो मालिक आफै हो अरू होइन भन्ने आत्मभावको धारणामा रहने होइन अनात्मको ज्ञान पत्ता लगाउनु भन्ने पापीलाई होइन पापलाई घृणा गर्नु भन्ने जन्मले होइन कर्मले ब्राह्मण वा चाण्डाल बन्दछ भन्ने तथा भवचक्र चालिरहेकोमा धर्मचक्र प्रवर्तन गरी प्रवल परिवर्तन ( *Drastic change* ) गरेकोले यी सबलाई बुद्ध धर्मको क्रान्तिकारी कदमको रूपमा हेर्न सकिन्छ ।

(२) सुधारवादी:– धर्म र कर्मको केन्द्रबिन्दु ईश्वर होइन हाम्रै चित्त हो भन्ने; हिंसा गर्नु धर्म होइन भन्ने; स्वार्थी हुनुभन्दा अरूको सेवा गर्नु धर्म हो भन्ने; मनबाट अकुशल चिताउनु पनि पाप हो भन्ने; सरल जीवन बिताउनु र विकाल भोजन नगर्नु भन्ने; पदार्थमा अति नै भरपरी आशक्त बन्ने होइन अनासक्त हुनु भन्ने; गाउँ गाउँ, नगर नगर चहारी जन समूहमा धर्म उपदेश गर्नु भन्ने; प्रगतिको लागि अगाडि बढ पछि नहट भन्ने; हिंसात्मक र ध्वंसात्मक अस्त्रको होडबाजी छाडी मैत्री र प्रज्ञाको अस्त्र वृद्धि गरी विश्वशान्ति कायम गर्नु भन्ने आदि बुद्ध धर्मको सुधारवादी कदमको रूपमा हेर्न सकिन्छ ।

३) विशेषता र मौलिकता :– चतुरार्य सत्य; आर्य-अष्टाङ्गिकमार्ग; प्रतीत्य समुत्पाद-नय ( *Law of dependent origination* ) पट्ठान-नय ( *Law of conditional relations* ) लोकोत्तर धर्म र सोमा पाइला चाल्न अभ्यासको लागि सिकाउनुभएको विपश्यना ध्यानभावना; उक्त



Downloaded from http://www.dhamma.digital

भावनाको माध्यमबाट देखिने त्रिलक्षण-अनित्य, दुःख, अनात्म तथा प्रज्ञाको माध्यमबाट क्लेशको समाप्ति र तृष्णाको निर्मूल गरी साक्षात्कार गर्ने निर्वाणलाई बुद्ध धर्मको विशेषता र मौलिकताको रूपमा हेर्न सकिन्छ ।

सबै बुद्धहरूको उपदेश संक्षिप्तमा भन्ने "अकुशल धर्मबाट टाढा रहनु; कुशल धर्म वृद्धि गर्नु र मन शुद्ध गर्नु भन्ने हो । त्यसै क्रममा गौतम बुद्धका सारा उपदेशको सक्षिप्तीकरण गरी एक वाक्यमा भन्ने हो भने "प्रत्येक क्षण अप्रमादी (जागरूक) भई वस्तु र लोकोत्तर धर्मको लागि सदा अघि बढ पछि नहट" भन्ने हो । वास्तवमा हाम्रो चित्तबाट लोभ, द्वेष, मोह हटाई चित्त शुद्ध पारी मुक्ति पाउन सही तरीकाले गरिने हाम्रो सम्पूर्ण कार्य संक्षिप्तिमा बुद्ध धर्म हो ।

•

**बुद्धले स्वयम् आफ्नो वा आफ्ना सृष्टिकर्ताको महानताको निमित्त मात्र नभई मानवजातिको भलाइ-को निमित्त नै महापरिश्रम गर्नुभयो । उहाँको लागि शक्ति-बलद्वारा धर्म परिवर्तन गराउनुमा कुनै अर्थ छैन ।**

**– प्रो. इलियट**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धदर्शन र नेपाली संस्कृतिमाथि बुद्धको प्रभाव

**– घनश्याम कँडेल**

बुद्ध हाम्रा हुन्, बुध्दको सारा संसार हो । हामी बुध्दलाई आफ्नो राष्ट्रिय विभूति मान्छौं तर बुध्द सारा संसारको बनिदिन्छन् । हामी अतीततर्फ फर्केर बुध्दको काल निर्धारण गर्न लाग्छौं, कैयौं मानिसका श्रध्दा । र विश्वासमा बुध्द अझै जीवित देखिन्छन् । यस्तै हुन्छ हरेक महान् व्यक्तिको स्थिति । ऊ समयको बन्धनले बाँधिदै र भूगोलको परिधिभित्र थुनिदै । स्वच्छन्द घुम्न विश्वभरि आफ्ना व्यक्तित्व र विचार-का पखेटाहरू फैलाएर – युगको पहाडभन्दा माथि र राष्ट्रिय-ताको पर्खालभन्दा माथि । तर हामी समयले बाँधिएका र राष्ट्रियताले घेरिएका मान्छे बुध्दको उँचाइमा उठ्न सकेका



Downloaded from http://www.dhamma.digital

छैनौं त्यसैले बुध्द हाम्रो लागि नेपालका हुन् र चम्किलो नेपाली प्रतिभाका अभिव्यक्ति हुन् ।

सर्वप्रथम हाम्रो कुत्कुती हुन्छ – "बुध्ददर्शन के हो ?" बुध्दले जुन कुरालाई दुःख भनेका छन् त्यो कस्तो किसिमको दुःख हो ? सामाजिक घातप्रतिघातले पैदा हुने दुःख हो या जीवनको नैसर्गिक प्रक्रिया हो ? हामीलाई थाहा छ – बुध्दको मनोजगत जरा, मृत्यु र रोग देखेर छटपटिएको थियो । बूढो हुनु, मर्नु र रोग लाग्नु सामाजिक घातप्रतिघातकाभन्दा बढी नैसर्गिक कुरा हुन् । यी प्राणी मात्रको जीवनमा देखा पर्ने स्वाभाविक प्रक्रिया हुन् । तर बुध्दको संवेदनशील हृदयले यसमा अस्वाभाविकता देख्यो । बुध्दको दृष्टिमा यी दुःख ठहरिए । संसारलाई यी दुःखबाट मुक्ति दिलाउन बुध्दले कठोर तपस्या गरे, सामान्य आहार लिएर शान्त, संयमित जीवन बिताए । उनको कठोर संयम र साधनाको क्रममा उनलाई केही अनुभूतिहरू भए । यीनै अनुभूतिहरू नै बुध्द दर्शनका आधार हुन् ।

बुध्दका उपदेशहरूमा मुख्य चार कुरा छन् – दुःख, दुःख समुदाय, दुःख निरोध र दुःख निरोधगामी मार्ग । यी चार कुरालाई बुध्द धर्मको शब्दावलीमा चार आर्य सत्य भनिन्छ । बुध्दले पहिलो कुरो भने – संसारमा दुःख छ । जन्मको मुहानदेखि लिएर मृत्युको दोभानसम्मको जीवनप्रवाह अरू केही होइन खालि दुःख हो । अनि दोस्रो कुरा भने – कुनै पनि कार्य विना कारण हुँदैन । त्यसैले दुःखको पनि अवश्य



Downloaded from http://www.dhamma.digital

कारण छ। उनले आफ्नो चिन्तन र मननबाटपत्ता लगाएको दु:खको कारण हो – तृष्णा। हाम्रो जीवनको आशा, संसारको माया र सुखको, सम्पत्तिको अभिलाषा सबैलाई बुध्दले तृष्णा भनेका छन्। तृष्णाको परिणामवारे उनको भनाई [illegible] मार्मिक छ, कहिले कहिलेदेखि तिमीले आमा-बाबु, छोरा-छोरीको मृत्यु-लाई खप्यौ, भोक रोगको आपत्‌लाई सह्यौ। प्रियको वियोग र अप्रियको संयोगमा रूँदै तिमीले जति आँशु बगायौ त्यो चार समुद्रको पानीभन्दा पनि बढी छ। उनले भनेको तेस्रो कुरा छ – सांसारिक दु:खको विनाश। कुनै पनि वस्तु स्थायी हुँदैन। हरेक वस्तु विनाश भएर समयको गर्तमा बिलाउँछ। त्यसैले दु:ख पनि एकदमै अविनाश्य कुरा होइन। यसको नाश गर्न सकिन्छ। अनि अन्तिम चौथो [illegible] त्यसमा बुध्दले [illegible] गर्ने उपाय बताए। ती उपायहरू आठ [illegible] अष्टाङ्गमार्ग भनिन्छ। ती हुन् – ठीक दृष्टि, ठीक संकल्प, ठीक वचन, ठीक कर्म, ठीक जीविका, ठीक प्रयत्न, ठीक स्मृति र ठीक समाधि। यिनीहरूलाई तीन भागमा बाँडिएको छ र तीन संज्ञाद्वारा व्यवहृत गरिएको छ – ज्ञान, शील र समाधि। त्यसमा पहिला दुई ज्ञान संज्ञा भित्र पर्छन्, अनि बाँकी छमध्ये पहिला तीन शील संज्ञाभित्र र अन्तिम तीन समाधि संज्ञाभित्र पर्छन्। अष्टाङ्गमार्गमध्येमा जुन कुरा 'शील संज्ञाभित्र पर्छन् ती ज्यादै महत्वपूर्ण छन्। यीनै शीलसम्बन्धी कुराहरूबाट आजको विश्वले पञ्चशीलको सिध्दान्त पाएको छ।

बुध्द दर्शनको समग्रतालाई एकत्रित केही शब्दमा भन्ने हो



Downloaded from http://www.dhamma.digital

भने हामी भन्न सक्छौं – क्षणिकवाद, आत्मवाद, अनीश्वरवाद र अभौतिकवाद । बुद्धले नाम र रूप अर्थात् चेतना र पदार्थ दुवैलाई नाशवान् मानेका छन् । हाम्रो जीवन पनि नाम र रूप तृष्णासंग मिलेर बनेको हुनाले स्वतः नाशवान छ । बुद्धको क्षणिकवाद आधुनिक भौतिक विज्ञान र मनोविज्ञानसंग कता कता मिल्दाजुल्दा जस्तो छ । पदार्थलाई प्रतिक्षण परिवर्तनशील मान्नु चेतना या मनःस्थितिलाई अनवरत नयाँ बन्दै जाने मान्नु भौतिक विज्ञान तथा मनोविज्ञानका कुरा हुन् । बुद्धदर्शनअनुसार जसरी अनवरत रूपमा प्रवाहमान नदीको जलराशि एउटै जस्तो लाग्छ, जसरी प्रदीप्त अग्निज्वाला सिंगो र अविभाज्य इकाई जस्तो लाग्छ त्यस्तै हामी जीवन र जगतलाई पनि मान्छौं । तर प्रवाहमान जलराशिको प्रत्येक जलकण अनि प्रदीप्त अग्निज्वालाको ज्वालाकण अलग हुन्छन् एउटाको समाप्तिपछि अर्को जन्मने । त्यस्तै छन् जीवन र जगत् प्रतिक्षण नाश हुने र प्रतिक्षण नयाँ रूपमा जन्मने । विनाश उत्पत्ति, फेरि विनाश फेरि उत्पत्ति । यो क्रम प्रतिक्षण चलि नै रहन्छ । न विनाशको लागि लामो समय लाग्छ न नयाँ उत्पत्तिको लागि । पण्डित नेहरूको शब्दमा "विच्छिन्न निरन्तरता" । यो विनाश र उत्पत्तिको समय ज्यादै छोटो भएर विनष्ट र उत्पन्न दुवै एउटै जस्ता लाग्छन् तर वास्तविकता भने त्यस्तो छैन । हामी प्रतिक्षण मर्छौं र प्रतिक्षण जन्मन्छौं । यही प्रतिक्षण मर्ने र प्रतिक्षण जन्मने क्रम टुट्नु र मरेर जन्मने समय लम्बिनु नै मृत्यु हो । 'प्रतीत्य समुत्पाद' भन्ने संयुक्त शब्दले बुद्धदर्शनका मान्यतालाई बुझ्न अरू बढी



Downloaded from http://www.dhamma.digital

अट्टत दिन्छ । प्रताप्त समुत्पादको अर्थ हो – वितेपछि उत्पत्ति। एउटा जब वित्छ या नाश हुन्छ अनि तुरुन्तै अर्को पैदा हुन्छ। अस्तिमान नाम र रूप (चेतना र पदार्थ) को नाशपछि नयाँ नाम र रूप जन्मिन्छन् । यसरी पुरानो नाम र रूप नै नयाँ नाम र रूपको उत्पत्तिको कारण हुन्छ । संक्षेपमा प्रतीप्त समुत्पादअनुसार कार्य कारण सम्बन्धलाई अविच्छिन्न प्रवाहको (एउटाको नाशपछि विच्छिन्न बन्ने तर तुरुन्तै अर्को पैदा भएर प्रवाह क्रम नटुट्ने रूपमा मानिएको छ ) ।

बुद्धले धार्मिक दर्शनले स्वीकार गरेको अविनाशी आत्माको अस्तित्वलाई स्वीकार गरेका छैनन् । बुद्धको भनाइ छ – सूँड, कान, पुच्छर नभएको ठूलो पशु विशेषलाई हात्ति भने जस्तै शरीरका अवयवहरूको समष्टि आत्मा हो र यो आत्मा शरीरका अवयवहरू संगसंगै नाश भएर जान्छ । बुद्धले ईश्वर या असीम सत्ता अस्तित्वलाई पनि स्वीकारेका छैनन् । उनको भनाइ छ – ज्ञात जगतभन्दा पर हाम्रो बुद्धि तर्क र अनुभवले नभेट्टाउने कुनै कुरालाई हामीले मान्नुपर्दैन । आखिर त्यस्तो ईश्वर मानेर के फाइदा असलाई हामी देख्न, सुन्न, बुझ्न र अनुभव गर्न सक्तैनौं । मानवीय चेतनाको परिधिभित्र मानवका इन्द्रियहरूले साक्षात्कार गर्न सक्ने कुरालाई मान्ने सल्लाह बुद्धले दिएका छन् । बुद्ध परम्परागत धार्मिक दर्शनहरूले झैं चार प्रमाण मान्दैनन् । उनको विचारमा प्रत्यक्ष र अनुमान प्रमाण नै वास्तविक प्रमाण हुन् र पर्याप्त प्रमाण हुन् । बुद्ध-दर्शनमा कहीं कसैलाई पनि सर्वज्ञ भनेर मानिएको छैन । कुनै



Downloaded from http://www.dhamma.digital

निष्कर्षमा पुग्न नसक्ने मानेर बुद्धले कतिपय विषयमा आफ्ना शिष्यहरूलाई प्रश्न सोध्ने अनुमति पनि दिएका छैनन् । जस्तै संसारको नित्यता र अनित्यतासम्बन्धी कुरा र निर्वाणपछिको स्थितिसंग सम्बन्धित कुरा आदि । अन्त्यमा आउँछ बुद्धदर्शनको महत्वपूर्ण मान्यता निर्वाण । सामान्यतः बुद्धदर्शनको निर्वाण र वेदान्तदर्शनको मोक्ष एउटै कुरा हुन् । दुवै मृत्यु-पछिका अवस्था । तर दर्शनशास्त्रमा यी दुवैको स्थिति भिन्दै भिन्दै छ र यी दुवै भिन्दै नै रूपमा व्यवहृत हुँदै आएका छन् । निर्वाण शब्दको अर्थ हुन्छ – 'निभ्नु' । जस्तै बत्ती निभ्यो सकियो । निर्वाण नकारात्मक हुन्छ । यसभित्र दुःख नहुनु भन्ने नकारात्मक अभिप्राय लुकेको हुन्छ । यसको विपरीत मोक्षभित्र कैवल्य प्राप्ति अथवा शाश्वत शान्तिको प्राप्ति भन्ने सकारात्मक भाव रहेको हुन्छ । निर्वाण सांसारिक दुःखहरूको निषेध हो र मोक्ष साश्वत सुखको प्राप्ति हो । मोटामोटी रूपमा यीनै हुन् बुद्धका धार्मिक तथा दार्शनिक विचारहरू ।

बुद्धका बिचार समाजमा आमूल परिवर्तन ल्याउन आएको क्रान्तिकारी विचार होइनन्, अपितु आफ्नो युगका धार्मिक तथा आध्यात्मिक विकृतिहरूलाई हटाउन आएको सुधारवादी बिचार हो । त्यतिखेरको विद्या बेच्ने, समाजलाई ठग्ने, पाखण्डी पण्डितहरूको पञ्जाबाट जनताहरूलाई मुक्ति दिलाउनु बुद्धको सबभन्दा ठूलो देन हो । वर्ण-व्यवस्थालाई कठोरतासाथ पालन गरिने त्यस्तो वेलामा व्यक्तिको मूल्याङ्कन जातिको आधारमा नगरेर वैयक्तिक गुणका आधारमा गर्नु



Downloaded from http://www.dhamma.digital

कम साहसिला कुरा होइनन् । बुद्धले संघ भित्रका भिक्षु-भिक्षुणीहरूमा पारस्परिक समानताको प्रचार गरेका थिए । यी सब कुरा बुद्धका चम्किलो प्रतिभा, साहसिलो व्यक्तित्व तथा दूरगामी दृष्टिका प्रतीक हुन् ।

•

**धर्मको विषयमा तुलनात्मक अध्ययन गर्ने एकजना शिक्षार्थीको हैसियतले मैले बौद्धधर्म नै आजसम्म संसारमा प्रादुर्भाव भएका धर्महरूमध्ये सबभन्दा परिपूर्ण भएको धर्म हो भन्ने ठानेको छु ।**

**–प्रो. कार्ल गुस्टेय जंग**

Downloaded from http://www.dhamma.digital

# पुनःर्जन्म

## भिक्षु सुमङ्गल

जन्मको कारण पञ्चस्कन्धको परिणाम हो । आमाको गर्भमा मानिसले जन्म लिंदा यी नै पञ्चस्कन्धको सामूहिक विकास हुन्छ ।

(१) रूप, (२) वेदना, (३) संज्ञा, (४) संस्कार र (५) विज्ञान ।

मानिस किन जन्मन्छ भन्ने बुझ्नको लागि कर्मलाई बुझ्नु अत्यावश्यक छ, किनभने कर्मले नै मानिसलाई फेरि फेरि जन्मने तुल्याउँछ ।

बिशुद्धि मार्गमा पुनःर्जन्मको कारण यसरी व्यक्त गरिएको छ –



Downloaded from http://www.dhamma.digital

"कुनै दुई व्यक्तिहरूमा जतिसुकै देखावटी समानता झल्के तापनि ती दुई व्यक्तिहरूमा आन्तरिक गुणहरूको समानता पाउनु असम्भव छ। ती दुई व्यक्तिहरूमा एकमा दुर्गुण र अर्कोमा सद्गुण समावेश भएको हुन सक्छ। यतिसम्म कि एउटै आमाको एउटै गर्भबाट जन्मेका दुई जुम्ल्याहाहरूमा समेत आन्तरिक गुणको समानता पाउन सकिंदैन। यो असमानता कुनै कारणवश भएको हुनुपर्छ। त्यो कारण नै कर्म हो। कर्मले प्राणीलाई फेरि फेरि जन्मनुपर्ने गराउँछ। कर्मले गर्दा नै उच्च र निम्न वर्गका प्राणीहरूको सृष्टि गराउँछ र भिन्नता ल्याउँछ।"

यो दोहोरिरहने पुनःर्जन्मको क्रियामा कुनै व्यक्ति-अस्तित्व अथवा व्यक्ति-विशेषता भन्ने कुरा पाइँदैन अर्थात् 'अह' भन्ने कुनै तत्त्व सम्भव छैन। पुनःर्जन्म केवल आउने र जाने वा बगिरहने एउटा प्रक्रिया मात्र हो। यो सत्यलाई तथागत गौतम बुद्धले आफैले यसरी दर्शाउनुभएको छ –

कर्म गर्ने र त्यसको विपाक भोग्ने कुरामा दुई मतहरू प्रचलित छन्। एउटा मतले भन्छ कि यो जन्ममा कर्म गर्ने व्यक्ति र अर्को जन्ममा त्यस कर्मको विपाक भोग्ने व्यक्ति त्यहाँ हुन्छ र दोस्रो मतले भन्छ कि यो जन्ममा कर्म गर्ने व्यक्ति र अर्को जन्ममा त्यस कर्मको विपाक भोग्ने व्यक्ति अर्के हुन्छ। यी दुवै मतहरूलाई तथागतले त्यागी सिकाउनुभएको छ कि सात्विक तर्क यी दुवै धारणाहरूको बीचमा छ। अज्ञानले कर्म गराउँछ; कर्मले विज्ञानको सृजना गर्दछ; पुनःर्जन्मले



Downloaded from http://www.dhamma.digital

यो अवस्थितिहरूलाई वृद्ध बनाउँछ, मृत्यु गराउँछ, दुःख, दर्द, वेदना, अशान्ति र चिन्तामा डुबाउँछ ।"

कम्मस्स कारको नत्थि, विपाकस्स च वेदको ।
सुद्ध धम्म पवत्तन्ति, एवेतं सम्मदस्सन ।।

न कर्म गर्ने नै छ, न त फल भोग्ने नै । शुद्ध धर्म (संस्कार) मात्र प्रवर्तित हुन्छ; यसरी जानी लिनु नै सम्यक्‌दर्शन हो ।

न हेत्थ देवो ब्रह्मा, वा संसारस्सत्थि कारको ।
सुद्ध धम्मा पवत्तन्ति, हेतुसम्भार पच्चया ।।

कोही संसारको कर्ता देव या ब्रह्मा छैन, हेतु-प्रत्ययको कारण शुद्ध-धर्म मात्र प्रवर्तित हुन्छ ।

बौद्धदर्शनअनुसार एउटा जीवनकाल एक चित्तक्षणबाट अर्कोमा अवगत भइरहेको कुनै स्थायी अस्तित्वविना पनि सम्भव छ, त्यसकारण जीवनहरूको क्रम एउटा अस्तित्वबाट अर्कोमा नसारीकन पनि सम्भव छ ।

पुनःर्जन्मसम्बन्धी बौद्धदर्शनको सिध्दान्त र अरू दर्शनहरू-को सिध्दान्तमा धेरै अन्तर छ । अरू दर्शनहरूमा एक शरीर-बाट अर्को शरीरमा एउटै आत्मा प्रवेश गरेर पुनःर्जन्मको क्रम चलिरहन्छ र दुई भौतिक शरीरहरूमा कुनै सम्बन्ध रहँदैन ।

राजा मिलिन्दको प्रश्नमा भिक्षु नागसेनले अनेक उपमा-हरूद्वारा यो सत्यलाई अभिव्यक्त गरेको छ कि कुनै पनि वस्तु (भौतिक या अभौतिक) एक जीवनबाट अर्को जीवनमा सार्न सकिँदैन । यहाँ बत्तीको उपमा उल्लेखनीय छ । जीवनलाई



Downloaded from http://www.dhamma.digital

एउटा बत्तीसँग तुलना गरिएको छ। एक बत्तीको ज्वाला अर्को बत्तीमा सार्नु नै पुन:र्जन्म हो। जीवनको ज्वाला पनि निरन्तर बलि नै रहन्छ, यद्यपि त्यहाँ देखावटी विच्छेदहरू छन्, जसलाई हामी मृत्यु भन्दछौं।

राजा मिलिन्द प्रश्न गर्दछन् –

"भन्ते ! के यस्तो कुनै जीव छ, जो यो शरीरबाट निक्लेर अर्को शरीरमा प्रवेश गर्दछ ?"

"महाराज ! त्यस्तो कुनै जीव छैन, जो हरेक जन्ममा त्यही भएर प्रवेश गर्दछ।"

"भन्ते ! मलाई एउटा उदाहरणद्वारा बुझाउनोस्।"

"महाराज ! कसैले एउटा बत्तीले अर्को बत्तीलाई जलाउँदा के त्यही बत्ती अर्को बत्तीमा गयो त ?"

"गएन, भन्ते।"

"त्यसरी नै कुनै जीव एक शरीरबाट अर्को शरीरमा नगई-कन पनि पुन:र्जन्म हुन सक्छ ?"

"भन्ते ! अर्को उदाहरणद्वारा बुझाउनोस्।"

"महाराज ! के बालकावस्थामा गुरुद्वारा सिकाइएको कुनै श्लोक कण्ठ पार्नुभएको तपाईंलाई सम्झना छ ?"

"संझना छ, भन्ते !"

"त्यसो भए, के त्यो श्लोक तपाईंको गुरुबाट तपाईंमा सरेको थियो ?"

"थिएन, भन्ते।"

"त्यसरी नै कुनै जीव एक शरीरबाट अर्कोमा नगइकन पनि पुन:र्जन्म हुन सक्छ।"



Downloaded from http://www.dhamma.digital

राजा मिलिन्द फेरि प्रश्न गर्छन् –

"भन्ते ! अर्को जन्ममा जन्मिने त्यो के हो त ?"

"त्यो मन र शरीर हो जुन अर्को जन्ममा जन्मिन्छ ।"

"के त्यही मन र शरीर हो, जुन अर्को जन्ममा जन्मिन्छ ?"

"महाराज ! त्यो त्यही मन र शरीर होइन जुन अर्को जन्ममा जन्मिन्छ । तर यो मन र शरीरले कर्म गर्छ – त्यो सत्कर्म हुन सक्छ र दुष्कर्म पनि र यही कर्मको कारणले अर्कै मन र शरीर अर्को जन्ममा जन्मिन्छ ।"

"भन्ते ! यदि त्यो यही मन र शरीर होइन भने जुन अर्को जन्ममा जन्मिन्छ, के मानिस आफूले गरेको खराब कर्मबाट स्वतन्त्र छैन त ?"

"यदि कोही अर्को जन्ममा नजन्मेको भए, त्यो आफूले गरेको खराब कर्मबाट स्वतन्त्र हुन्छ, तर जबसम्म कोही अरू जन्महरूमा जन्मिन्छ, त्यो आफूले गरेको खराब कर्मबाट स्वतन्त्र हुँदैन ।"

"एउटा अर्को उदाहरणद्वारा बुझाउनोस् ।"

"महाराज ! यो कुरा यस्तो छ । मानौं कि कुनै व्यक्तिले कसैको आँप चोर्‍यो आँपको मालिकले त्यसलाई चोरी गर्दा समात्यो र राजाको अगाडि उजूर गर्‍यो, "महाराज ! यो मानिसले मेरो आँप चोरेको छ, यसमाथि सजायँ बक्सियोस् ।" र चोरले भन्यो – "महाराज ! मैले यसको आँप चोरेको छैन, यो मान्छेले रोपेको आँप र मैले लिएको आँप त्यही होइन, फरक छ । त्यसकारण, मलाई सजायँ दिनु उचित छैन ।"



Downloaded from http://www.dhamma.digital

त्यसवेला के त्यो मानिसलाई सजायँ दिन उचित छ ?"

"भन्ते, सजायँ अवश्य उचित छ।"

"के कारणले उचित छ ?"

"किनभने चोरेको आँप रोपेकै आँपबाट पैदा भएको हो।"

"त्यसरी नै यो मन र शरीरद्वारा कुन व्यक्तिले असल होस् या खराब होस् कर्म गर्दछ र यो कर्मको कारणले अर्कै मन र शरीर दोस्रो जन्ममा जन्मिन्छ। त्यसकारण आफूले गरेको दुष्कर्मबाट कोही पनि स्वतन्त्र छैन।"

यस्तै प्रकारले शरीर नष्ट हुन्छ र यसको कर्मशक्ति अर्को जन्ममा प्रादुर्भाव हुन्छ – विना कुनै जीव अर्को जन्ममा नसरीकन यो जीवनको अन्तिम चित्त–क्षण अर्को जीवनमा जन्मन्छ। त्यो अर्को जीवनको नयाँ व्यक्ति न त सम्पूर्णतया उही व्यक्ति हो, न त बिल्कुलै फरक व्यक्ति हो।

त च सो न च अञ्ञो

त्यहाँ केवल एउटा विशेष जीवन-प्रवाहको निरन्तरता छ।

## चित्त-क्रम

बौद्ध–दर्शनमा चित्त–क्रमका पाँच अवस्थाहरू छन्।

(१) प्रतिसन्धि
(२) भवांग
(३) मनोद्वार
(४) जवन
(५) च्युति

प्रतिसन्धि विज्ञान पुनःर्जन्म लिने व्यक्ति गर्भाधान हुँदा त्यस व्यक्तिको मनमा उत्पन्न भइरहेको चेतना हो। वास्तव-



Downloaded from http://www.dhamma.digital

मा पुनःर्जन्म विज्ञानचित्त शक्तिको त्यो प्रकार हो, जुन बाबु र आमाको कर्म आकांक्षा हेतु सुहाउँदो आमाको गर्भमा जन्मन्छ। त्यसकारण प्रतिसन्धि विज्ञानले नयाँ मन र शरीर-को सृष्टि आरम्भ गर्छ। यो गर्भ मन र भौतिक वस्तुको सम्मिश्रण हुन्छ। बाबु र आमाले भौतिक अंश प्रदान गर्दछ जब कि प्रतिसन्धि विज्ञानले चित्तको अंश उपलब्ध गराउँछ। प्रतिसन्धि विज्ञानले पूर्वजन्म र नयाँ जन्मको बीच सम्बन्ध गराउँछ। यसले सन्धि गर्ने काम गर्दछ, किनभने श्वास त्याग्न लागेको मानिसको अन्तिम चित्तजवन र पुनःर्जन्म लिने गर्भ-भित्रको प्रतिसन्धि अवस्थाको व्यक्तिमा नटुटेको चित्त-क्रम पाइएको हुन्छ।

एकपछि अर्को गरी क्रमिक रूपमा बगिरहने चित्त-क्रमको कहिल्यै अन्त्य हुँदैन। मर्नेको अन्तिम चेतनशील चित्त शरीर छाडे पनि नयाँ शरीरमा समावेश हुँदछ। यो प्रतिसन्धि विज्ञान एकै क्षणको लागि मात्र हुँदैछ र त्यो चित्त-क्षणको समाप्तिपछि भवांगको आरम्भ हुन्छ।

प्रतिसन्धि विज्ञानपछि शुरू हुने भवांग पनि १६ चित्त-क्षण-का अवधिसम्म मात्र पाइन्छ। यो गर्भावस्थामा जब व्यक्ति आमाकै शरीरको एक अङ्ग भई बसेको हुन्छ। बाहिरी संसारसित यसले कुनै वास्ता राखेको हुँदैन। यसकारण अचेतनावस्थाको चित्त-क्षणको धार गर्भमा भएको बालकको मनमा नरोकीकन बगिरहन्छ। जीवनको आरम्भ मात्र भएकोले यो चित्त-अवस्था पूर्णतया विकाश भएको हुँदैन। बर्माका विख्यात स्वे जान् आउँगका धारणा यस प्रकार छ–



Downloaded from http://www.dhamma.digital

"जब व्यक्तिको गर्भाधान हुन्छ, बौद्धहरूले विश्वास गर्छन् कि त्यो भौतिक वस्तुको सृष्टि हुनेवित्तिकै पूर्वजन्मको परिणाम त्यहाँ समावेश हुन आउँछ । गर्भाधानको क्षणमा चित्त-स्थिति त्यो अवस्थामा हुन्छ, जुन मानिस पूर्ण जिइसकेपछिको अचेतन चित्तका सपनाविनाको निद्रामा अनुभव गरिने अर्ध-चेतनासित मिल्दोजुल्दो छ ।"

बौद्ध-दर्शनअनुसार जन्म हुनुको अर्थ नै पञ्चस्कन्धले भौतिक रूप धारण गरेर त्यसमा पूर्वजन्मको चित्त-प्रवाह बग्नु हो ।

## वृद्ध हुनु र मर्नु पुनःर्जन्मले गर्दा नै हो

जहाँ पुनःर्जन्म छैन, त्यहाँ वृद्ध र मृत्यु हुँदैन, अनि दुःख, दर्द, अशान्ति र चिन्ता पनि हुँदैन । तर जहाँ पुनःर्जन्म छ, त्यहाँ प्राणी बूढो हुनैपर्छ, र बूढा भइसकेपछि मृत्यु अनिवार्य छ ।

तृष्णाले फेरि पुनःर्जन्म खोज्छ,
अनि जन्मन्छ र मृत्य हुन्छ,
र फेरि मानिसलाई चिहानमा गाडिन्छ ।
('संयुक्त निकाय')

'प्रतीत समुत्पाद' मा व्याख्या गरिएअनुसार यो चार कारणहरूमध्ये एक कारणले मृत्यु हुन सक्दछ-

(१) कम्मक्खय मरण
(२) आयुक्खय मरण
(३) उभयक्खय मरण
(४) उपच्छेदक मरण



Downloaded from http://www.dhamma.digital

## (१) कम्मक्खय मरण

बौद्ध-विश्वासअनुरूप यदि जीवितकालमा चित्त, चेतना र तृष्णा अति नै बलियो छ भने मृत्यु हुँदाको समयमा कर्म निर्दमनीय भइदिन्छ र पुनःर्जन्मको लागि अनुकूल अवस्थाको सृष्टि गर्दछ। यो अन्तिम चित्त-क्रममा एउटा विशेष संग्रहित शक्ति लुकेको हुन्छ जब जन्मिने अभिवृत्ति भएको कर्मको यो संग्रहित शक्ति पूर्ण नाश हुन्छ, जीवन शक्ति सञ्चारित भइरहेको भौतिक शरीरमा सबै जीवित गतिविधि जीवन पूरा जिउनु अगावै सकिन्छ।

## (२) आयुक्खय मरण

यो प्राकृतिक मृत्यु हो। यस प्रकारको मृत्युमा प्राणी बूढो हुन्छ र इन्द्रियहरू सबै क्षीण भइसकेको वेला भौतिक शरीरमा जीवन-प्रवाह रोकिन्छ। सबै प्राणीहरू त्यत्तिकै वर्षसम्म बाँच्देन जब प्राकृतिक मृत्यु नहुञ्जेलसम्म बाँच्नुपर्ने वर्ष बाँचसक्छ, अनि त्यसमा भएको संग्रहित कर्म-शक्तिद्वारा फेरि उही स्थानमा या उच्च स्थानमा (देवहरू जिउने स्थान अथवा स्वर्गमा) व्यक्ति जन्मन्छ।

## (३) उभयक्खय मरण

यदि कुनै व्यक्तिले जिउनुपर्ने ८० वर्ष छ र ८० वर्षपछि कम्मक्खयको कारण मृत्यु हुन्छ भने, त्यो व्यक्तिको दुवै कम्मक्खय र आयुक्खयको कारणले हो। यस्तो मृत्युलाई उभयक्खय भनिन्छ।



Downloaded from http://www.dhamma.digital

## (४) उपच्छेदक मरण

असामयिक मृत्यु र बालककालमा हुने मृत्यु उपच्छेदकको कारणले हुन्छ । एउटा हानिएर उडिरहेको वाणलाई त्यसको विरूद्ध दिशामा कुनै त्योभन्दा बढी शक्तिशाली बलले त्यो बाण रोक्न सकिन्छ र त्यसलाई भुइँमा खसाल्न सकिन्छ। त्यसकारण एउटा बढी शक्ति भएको भूतकालको कर्म-शक्तिले अन्तिम चित्त-क्रमको संग्रहित शक्तिलाई रोक्न सक्दछ र व्यक्तिको मानसिक जीवनको क्षय हुन्छ । उदाहरणको लागि, देवदत्तको मृत्युको कारण आफ्नो जीवनकालमा गरेको दुष्कर्मको परिणाम हो ।

उदाहरणस्वरूप एउटा दीयो लिऊँ । दीयो चारओटा कारणहरूमा कुनै पनि एकले गर्दा निभ्न सक्छ । ती चार कारणहरू हुन् – वत्ती पूरा बलिसकेर, तेल सिद्धिएर, बत्ती र तेल दुवै बलिसकेर, र कुनै बाहिरी आक्षपले (जस्तो कि हावाको झोंका) निभाइदिएर । यीमध्ये कुनै पनि एक कारणले जसरी दीयो निभ्न सक्छ, व्यक्तिको मृत्यु पनि त्यसरी नै हुन सक्तछ ।

बौद्ध-ग्रन्थमा मृत्युसम्बन्धी अरू पनि धेरै वर्णनहरू पाइन्छन् । बौद्ध-ग्रन्थअनुसार मृत्यु भनेको एउटा अस्थायी अस्तित्वको अस्थायी अन्त्य हो । मृत्यु कुनै व्यक्तिगत अस्तित्वको जीवित इन्द्रिय, तेजोधातु र विज्ञानको क्षय हो ।

जसरी विद्युत्-प्रकाश अदृश्य विद्युत्-शक्तिको बाहिरी दृश्य मात्र हो यसरी नै प्राणी पनि अदृश्य कर्म-शक्तिको बाहिरी दृश्य हो । बिजुलीको चीम (बल्ब) फुट्न सक्छ र



Downloaded from http://www.dhamma.digital

प्रकाश हराउँछ, तर विद्युत् - धार (करेण्ट) वगिरहन्छ र प्रकाशलाई अर्को चीमद्वारा फेरि बल्न सकिन्छ। यस्तै प्रकारले, कर्म - शक्तिमा विना कुनै अवरोध एउटा भौतिक शरीरबाट हराउँछ र अर्को भौतिक शरीरमा समावेश हुन्छ। अनि विज्ञान वर्तमान जीवनमा हराएर अर्को नयाँ जीवनमा देखापर्छ । तर कुनै पनि अपरिवर्तनशीलता अथवा स्थायीत्व वर्तमानबाट भविष्यमा सर्न सक्तैन ।

अगाडि बर्णन गरिए झैं प्राकृतिक मृत्यु हुनुभन्दा अभाव अनुभव गर्नेको चित्त-जवनको परिणामस्वरूप व्यक्तिले पुन:र्जन्म लिन्छ – सुहाउँदो आमाको गर्भमा। प्रतिसन्धि विज्ञान भवांग स्थितिमा मिसिन्छ । मृत्युमा जीवन-प्रवाहको निरन्तरता कुनै पनि समयमा टुक्रिदैंन र विज्ञानको धारामा कुनै अवरोध आउँदैन । कुनै पनि ठाउँमा मृत्यु र पुन:र्जन्मको बीच कुनै समयको अवधि खाली रहँदैन। जसरी विद्युतीय चुम्कीय लहर अन्तरिक्षमा पठाउँदा तुरुन्तै कुनै पनि ठाउँमा रेडियोमा प्रसारित हुन्छ त्यसरी नै पुन:र्जन्ममा मनो-प्रवाह विना कुनै समयको अवधिमा तुरुन्त अर्को भौतिक शरीरमा प्रसारित हुन्छ।

तिब्बती विद्वान्हरूको कथनअनुसार मृत्यु र पुन:र्जन्मको बीचमा एउटा अवधि छ जुन अवधि एक, दुई दिनदेखि लिएर सात हप्तासम्मको हुन सक्छ । यो धारणा बौद्धग्रन्थसित मेल खाँदैन। पालि धर्मग्रन्थमा उल्लेख गरिएअनुसार कहीं पनि यो विश्वास गरिएको छैन कि मर्नेको आत्माले पुन:र्जन्ममा प्रसारित हुन सुहाउँदो स्थान नपाउन्जेलसम्म कुनै अवस्थामा यो जिउँदै विचरण गर्दछ ।



Downloaded from http://www.dhamma.digital

प्रोफेसर बोवनले ईसाईहरूलाई पुनःर्जन्ममा विश्वास दिलाउँदै लेख्नुहुन्छ–

"पृथ्वीमा हाम्रो जीवन एउटा निश्चित अनुशासनलाई मानेर जिउँछ र यो अनुशासनमा बसेर नै हामी यो जन्मपछिको उच्च जीवनको तयारी गर्दछौं, तर यो तयारीको अवधि एउटै मात्र जीवनमा सीमित राख्दा उच्च जीवनको भव्य उद्देश्य पुरा गर्न असमर्थ हुन्छौं। मात्र सत्तरी वर्षको (एक जीवनमा लगभग जिउने वर्ष) अधूरो तयारीले मोक्ष पाउनु सक्य हुँदैन। तर चित्त-प्रवाहको परीक्षाकाल साँगुरो सीमाहरूमा सीमित छ भन्ने हामीमा के शान्त्वना छ? एकपछि अर्को पुस्ता गरी एउटा लामो क्रमसम्म चित्त-प्रवाह किन दोहोरिंदैन ता कि उही व्यक्ति भौतिक शरीरको अनन्त संख्यासम्म बाँच्दछ र हरेक शरीरमा यसको जिउने अभिवृत्ति, चरित्र, मनोभावना एक जीवनपछिको, सँगको अर्को जीवनमा मिल्न आउँछ? वर्तमान प्रकृतिमा भूतकालको इतिहासको विपाक र परिणामले गर्दा भूतकालको इतिहासलाई सम्झन आवश्यक पर्दैन। यो जीवन-लाई हेरेर नै भूतकालको जीवनको परिकल्पना गर्न सक्दछौं, धेरै पहिले जिइसकेका जीवनहरूलाई हामीले अहिले बिर्सिसकेका छौं, यद्यपि हाम्रो व्यक्तित्वमाती जीवनहरूको छाप अवश्य पनि छ। यस्ता बिर्सिने मनोवृत्तिले गर्दा हामीमा जिम्मेवारी घटेर सुख पाइने होइन। हामीले समयको दुरुपयोग भएको महसूस गर्नुपर्दछ यद्यपि हामीले त्यो समयलाई किन र कसरी खेर फाल्यौं भन्ने बिर्सिसक्छौं। हामीहरूले आजसम्म पनि तीता विपाकहरू दोहोऱ्याउँदै भोगिरहेका छौं यद्यपि



Downloaded from http://www.dhamma.digital

बिसिसकेका अहङ्कार र पापपूर्ण कार्यहरूको दूषित तृष्णा र योग्यतालाई धेरै संख्यामा गरिसकेको कारणले बिसिसकेको हौं ।

"यदि हरेक आत्मा पूर्णतया कसैको इच्छाको सृष्टि भए, पूर्णतया नयाँ प्राणीलाई जीवनसित कसैको इच्छाले परिचित गराएको भए, हामीले प्रश्न गर्नु उचित हुन्थ्यो कि किन विभिन्न आत्माहरू सृष्टि गरियो ? यदि संसारको संस्कारको योजनामा पुनर्जन्म समावेश गरिएको छ भने, यो समस्या देखा नै पर्दैन । यो दृष्टिकोणलाई अपनाउँदा हरेक व्यक्ति त्यो अवस्थामा जन्मन आउँछ, जुन जसले आफ्नो पहिलेको इतिहासमा कमाएको छ । यदि यसो हो भने कसैले पनि भन्न सक्दैन कि उसले भोगेको विपाक उसको आफ्नै पूर्वजन्मको कारण हो र यसमा कसैको हस्तक्षेप छैन । मृत्यु भन्नु नै अर्को जीवनसित परिचय गर्नु हो र यदि उच्च र योभन्दा राम्रो जीवन हामीलाई प्राप्त नभए यसमा हामी नै उत्तरदायी हुन्छौं ।

Dhamma.Digital

मैले बरोबर भनिसकें र फेरि फेरि पनि भन्छु – बौद्धधर्म र आधुनिक विज्ञानको बीचमा एउटा बलियो सम्बन्ध छ ।

– सर एडवीन अर्नाल्ड



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्धको दर्शन

**– छत्रराज शाक्य**

नेपाललाई विश्वले बुद्धको जन्मस्थल र सगरमाथाको देश भनेर चिन्दछ । बुद्धको शान्ति सन्देश पहिलेभन्दा आजको विश्वलाई बढी आवश्यक भएको सबैतिर महसूस गरिंदैछ । विश्वमा खास गरेर पश्चिमी देशहरूमा पनि तीव्र गतिले बौद्ध–दर्शनको प्रचार–प्रसार भइरहेकोमा नेपालले गौरव मान्नुपर्दछ । यद्यपि बुद्ध नेपालका विभूति हुन् तैपनि बुद्ध नेपालका मात्र नभएर विश्वके महामानव बन्न पुगेका छन् ।

नेपालमा जन्मेका भगवान् गौतम बुद्धको आध्यात्मिक उपदेश, धर्मदर्शनबारे संक्षिप्तमा चर्चा गर्नु समसामयिक ठहरिन्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्धबाट प्रतिपादित धर्म मानव धर्म हो। विश्वको कुनै कुनामा बस्ने, कुनै पनि जाति सम्प्रदायको होस्, सबैको लागि निर्वाण मोक्ष प्राप्त हुनसक्ने आध्यात्मिक मार्ग हो धर्म। बुद्ध भन्नुहुन्छ – धर्म धारण गर्ने कुरा हो। अभ्यास र धारण बिना धर्मपथमा अग्रसर हुन सकिन्न। बौद्धिक एवं बाणी विलास, विद्वत्तापूर्ण सम्भाषणमा अल्झिरहनु फगत जीवनको अमूल्य समय खेर फाल्नु बाहेक अरू केही हुँदैन। यो आध्यात्मिक मार्ग होइन। तसर्थ ध्यान, साधनाको अभ्यासमार्ग नै धर्म धारण गर्ने सही मार्ग हो।

भगवान् बुद्धबाट प्रतिपादित धार्मिक दर्शनको चिन्तन गर्दा अत्यन्त गहिराइमा पुगिन्छ। चित्त र चैतेसिकको यति गहिरो व्याख्या बुद्धबाट हुन गएको छ कि, सो स्तरमा आज बीसौं शताब्दीमा आएर पनि विश्वका प्रख्यात विश्वविद्यालयका विख्यात मनोविज्ञानका प्राध्यापकहरूलाई बुझ्न माथापच्ची भइरहेको छ भन्नुमा अत्युक्ति हुने छैन। साथै ती मनो-वैज्ञानिकहरू यो निष्कर्षमा पुगेका छन् कि, जीवनलाई शील सदाचारको आधारमा ढालेर जबसम्म मानिस अन्तर्मुखी हुँदैन, बुद्धबाट विश्लेषित चित्त र चैतेसिकको गहनतम विश्लेषण बुझ्न सकिन्न।

भगवान् बुद्धले मानव जीवन के हो? कसरी जन्म-मरणको चक्रमा घुम्दछ? के यो चक्रबाट मुक्ति पाउन सकिन्छ? आदि विषयहरूमा गहनतम चिन्तन गर्दा ध्यानमार्गको माध्यमबाट स्वअनुभूतिमा उतारेर अन्वेषण गरी पत्ता लगाउनुभएको आध्यात्मिक दर्शनका सिद्धान्तहरू धेरै छन्।



Downloaded from http://www.dhamma.digital

## चार आर्यसत्य

(क) दुःख आर्यसत्य : यस संसारमा जन्मनु नै दुःख हो । मानिसले जन्मदेखि मरणसम्म अनेकौं दुःख भोग्नुपर्दछ । जीवन दुःखै दुःखको पुञ्ज हो ।

(ख) दुःख समुदाय आर्यसत्य : प्रत्येक दुःख अहेतुक उत्पन्न हुँदैन । केही न केही कारण वा हेतुबाट दुःख उत्पन्न हुन्छ । मूलतः तृष्णा नै मानव दुःखको मूल हेतु हो ।

(ग) दुःख निरोध आर्यसत्य : दुःख निरोध हुन्छ । दुःख निरोधका उपायहरू छन्,जो तेस्रो सत्य हो ।

(घ) दुःख निरोधगामी प्रतिपदा मार्गसत्य : आर्यअष्टाङ्गिक मार्गलाई पालन गरेर गयो भने दुःख निरोध हुन सक्दछ । दुःख निरोधको यो सत्यमार्ग हो ।

## आर्यअष्टाङ्गिक मार्ग

धर्मका आठवटा आर्यमार्गहरू छन्, जसको अनुसरणले यस भवचक्रको दुःखबाट मुक्त हुन सकिन्छ । यी आठ मार्गलाई तीन भागमा विभक्त गरिएको छ । प्रथम 'शील' यसअन्तर्गत सम्यक् वचन, सम्यक् कर्मान्त,सम्यक् जीवन आदि तीन कुराहरू आउँदछन् । दोस्रो 'समाधि' यसअन्तर्गत सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि आउँदछन् । तेस्रो चरणमा 'प्रज्ञा'यसअन्तर्गत सम्यक् संकल्प,सम्यक् दृष्टि आउँदछन्। यसरी पहिलो चरणमा मानिसले शीलको मार्ग अपनाई आचरण ठीक गरेर समाधिलाई पुष्ट गर्नुपर्दछ, अनि मात्र प्रज्ञा जाग्दछ र निर्वाण मार्गमा अगाडि बढ्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

## अनित्य, दुःख, अनात्म दर्शन

(क) अनित्य : 'सब्बे सङ्खारा अनिच्चाति' अर्थात् सबै संस्कार अनित्य छन् । जुन कुरा उत्पन्न हुन्छ, त्यो नाश पनि हुन्छ । सबै पञ्चस्कन्ध अनित्य हुन् । आध्यात्मिक क्षेत्रमा 'नाम' र 'रूप' दुई तत्त्व महत्त्वपूर्ण मानिन्छन् । नाम अर्थात् मन वा चित्तअन्तर्गत चारखण्ड – विज्ञानस्कन्ध, संज्ञास्कन्ध, वेदनास्कन्ध र संस्कारस्कन्ध । त्यसपछि रूप अर्थात् भौतिक रूपअन्तर्गत रूपस्कन्ध गरी पाँच स्कन्ध हुन्छन् । यी सबै स्कन्धहरू अनित्य छन् ।

(ख) दुःख : 'सब्बे सङ्खारा दुक्खाति' अर्थात् सबै संस्कार दुःख हुन् । सबै कुरा जो उत्पन्न हुन्छ, नाश हुने भएको हुँदा दुःख नै हुन्छ । यसैले प्रत्येक वस्तु यहाँ अनित्य भएको हुनाले नै, त्यो दुःखदायक हुन्छ । पाँचवटै स्कन्धलाई दुःख मानिन्छ ।

(ग) अनात्म : 'सब्बे धम्मा अनत्ताति' अर्थात् सबै धर्म अनात्म हुन् अर्थात् लौकिक अथवा लोकोत्तर जे जति छन् ती सबै अनात्म हुन् । यसमा 'म' 'मेरो' 'अहं' भन्ने केही छैन । मेरो वशमा कुनै कुरा छैन । त्यसैले जो कुरा दुःख छ, त्यो पनि अनात्म हो । पाँचै स्कन्धहरू – विज्ञान, संज्ञा, वेदना, संस्कार र रूपस्कन्ध सबै अनात्म हुन् ।

नाम रूप धर्ममा आत्मा नामक एउटा नित्य सत्य एवं सारभूत धर्म हुन्छ, जसको इच्छाअनुसार नाम रूपात्मक धर्म परिचालन हुन्छ भन्ने धारणा भ्रमपूर्ण हो । ध्यान अभ्यासको



Downloaded from http://www.dhamma.digital

माध्यमबाट नाम र रूप धर्मलाई स्वअनुभूतिमा उतार्दा, त्यसको नित्य शाश्वत सत्य तत्त्व पाउँदैन। अर्को कुरा नाम रूप धर्मले कुनै कुरालाई पनि वशीभूत गर्न सक्तैन र स्वयं पनि कसैको वशीभूत वा नियन्त्रणमा आउँदैन। यहाँ सबै कुरा सहेतुक हुन्छ। कारण-कार्यकारण सिलसिलाको रूपमा सञ्चालित हुन्छ। अतः जो तत्त्वबाट अरू वशीभूत हुँदैन, त्यो शाश्वत सत्य तत्त्वको रूपमा मानिने आत्मा हुँदैन। अतः यो अनात्म लक्षण हो।

## प्रतीत्यसमुत्पादको सिध्दान्त

बौद्ध दर्शनमा यो ज्यादै नै वैज्ञानिक सिद्धान्त मानिन्छ। प्रतीत्यसमुत्पाद (*The Law of* Dependent *Origination*) को अर्थ-एक कारणले गर्दा, त्यसको साथसाथै अर्को कुरा उत्पन्न हुनु हो। यसलाई हेतुफल परम्परा पनि भनिन्छ। यस्तो भएको खण्डमा यो हेतु यो प्रत्यय (कारण) ले त्यो फल हुन्छ। 'अस्मिन सति इदं भवति' अर्थात् यसको हुनाले यस्तो हुन्छ। यसको उत्पत्तिले त्यसको उत्पत्ति हुन्छ। यो भएन भने त्यो पनि हुँदैन। अर्थात् यसको निरोधले त्यो निरुद्ध हुन्छ, यो हेतुफल परम्परा चक्रको बाह्र अङ्ग भएको हुनाले यसलाई 'द्वादश-निदान' पनि भनिन्छ। यसमा एक कारणले अर्को कार्य हुँदै भवचक्र पूरा हुन्छ र मानिस जन्मदेखि जरामरणको दुःख भुँवरीमा घुम्दै रहन्छ। यो भवचक्र यसरी पूरा हुन्छ — अविद्याको कारणले संस्कार उत्पन्न हुन्छ, संस्कारले विज्ञान, विज्ञानले नामरूप, नामरूपले षडायतन, षडायतनले स्पर्श,



Downloaded from http://www.dhamma.digital

स्पर्शले वेदना, वेदनाले तृष्णा, तृष्णाले उपादान, उपादानले भव, भवले जाति ( जन्म ) र जातिको कारणले जरामरण उत्पन्न हुन्छ ।

यसरी प्रतीत्यसमुत्पाद चक्र अनुलोम अथवा अवरोहणको रूपमा घुम्दा भवचक्र पूरा भई जीवले दुःख भोग्नुपर्दछ । त्यही चक्रलाई प्रतिलोम(आरोहण) को रूपमा घुमाउन सफल भएको खण्डमा एकपछि अर्को अङ्ग निरोध हुँदै धर्मचक्रको माध्यमबाट निर्वाण साक्षात्कार हुन्छ ।

## विपश्यना भावना

विपश्यनाको अर्थ विशेष दर्शन गर्नु हो । वहिर्मुखी मार्ग त्यागेर अन्तर्मुखी भएर आफ्नो चित्तवृत्तिलाई साक्षी भावले दर्शन गर्नु नै विपश्यना हो । आनापानासति ध्यानअन्तर्गत श्वास-प्रश्वास क्रियामा सम्पूर्ण ध्यान केन्द्रित गर्ने अभ्यास हुन्छ । साथै यही क्रियाबाट मनको एकाग्रता दृढ भएर समाधि बलियो हुन्छ । त्यसपछि विपश्यना ध्यानको खड्किलो चढ्ने काम हुन्छ । शरीरको अङ्ग प्रत्यङ्गमा जुन समवेदना(अनुभूति)को अनुभव हुन्छ, त्यसबाट राग-द्वेषरूपी तृष्णा उत्पन्न भई संस्कार खडा हुने हुन्छ । अतः त्यो वेदनाबाट तृष्णा उत्पन्न नगरी संवेदनालाई यथाभूत साक्षी भावले, तटस्थभावले दर्शन गर्न सकेको खण्डमा तृष्णालाई प्रज्ञाको मार्गमा मोड्न सकिन्छ । यही प्रज्ञामार्गबाट नै निर्वाण साक्षात्कार हुन्छ ।

## अनित्यवाद

बौद्ध दर्शनअनुसार नाम र रूप दुई प्रमुख तत्त्वहरू हुन् ।



Downloaded from http://www.dhamma.digital

नाम वा मन र रूप वा पदार्थले क्रमशः सत्व वा जीवको अन्तर्मुखी र वहिर्मुखी प्रवृत्ति स्पष्ट गर्दछ। यी दुवै मनोविज्ञान र भौतिक विज्ञानका प्रतीक हुन्। अर्को शब्दमा मनोविज्ञान भन्नाले मानिसको मन वा चित्तवृत्ति सम्बन्धित हुन जान्छ भने, भौतिकवाद कोरा पदार्थको अध्ययन विश्लेषणमा नै सीमित हुन जान्छ। तर अध्यात्मवाद मनोविज्ञानको बढी नजीक भए तापनि मन वा चित्तमा उत्पन्न हुने विकारयुक्त भावना मात्र छ भने, त्यस्तो मनोविज्ञानलाई आध्यात्मिक भन्न सकिंदैन। मनोविज्ञानको प्रतीकस्वरूप नाम वा मन र भौतिकवादको प्रतीकस्वरूप पदार्थको बीच स्पर्शले जुन क्रिया वा प्रतिक्रिया उत्पन्न हुन्छ, त्यसलाई उपेक्षातिर बढाउन सकिएमा मात्र अध्यात्मवादको नजीक पुगिन्छ। त्यसैले भौतिकवादभन्दा अध्यात्मवाद केही कदम अगाडि बढ्दछ। तर आजभोलि विभिन्न धार्मिक मतहरूमा भक्तिमार्ग र अन्धविश्वासीको बाहुल्य देखापरेको हुनाले, आधुनिक मानव धर्म, दर्शन र अध्यात्मबाट टाढा रहेर भौतिकवादलाई बढी प्रामाणिक र सही ठहऱ्याई यही संसारमा बढी भुलिरहने प्रवृत्ति देखापरेको छ। वस्तुतः सही र सत्य मानव धर्मको गहिराइको चिन्तन र स्वःअनुभूति अभ्यासको कमीले यो भ्रम पैदा हुन गएको हो।

अब संक्षेपमा अनित्यवादको सिद्धान्तको स्वरूप अध्ययन गरौं। नाम र रूप दुई तत्त्वहरूमा रूप वा पदार्थ ठोस देख्न सकिने र स्पर्श गर्न सकिने हुन्छ। त्यस्तै सत्व वा जीव शरीर पनि ठोस देखिन्छ। यी ठोस वस्तुहरूको आकार, प्रकार,



Downloaded from http://www.dhamma.digital

रङ्ग आदिको अनुभव, नाम अथवा मनले गर्दछ। अब यो ठोस देखिने मानव शरीर, वास्तवमा ठोस छैन। जस्तो देखिन्छ, त्यस्तो हुँदैन। विपश्यना भावनाअन्तर्गत कायानुपस्सना एवं वेदनानुपस्सना भावना गर्ने हो भने, यस शरीरका विभिन्न अङ्ग–प्रत्यङ्गमा अनगिन्ती सूक्ष्म तरङ्गहरू, कम्पनहरू भइरहेको अनुभूति हुन्छ। सम्पूर्ण काया यही तरङ्गै तरङ्ग र कम्पनको पुञ्ज देखिन्छ। यही तरङ्गभित्र अनगिन्ती सूक्ष्मातिसूक्ष्म वस्तु वा कणलाई बुद्धले आफ्नो समयमा 'कलाप' भनी नाम दिनुभयो। यो 'कलाप' पनि ठोस हुँदैन, तरङ्ग वा कम्पनको पुञ्ज हुन्छ। 'कलाप' लाई पनि सूक्ष्मातिसूक्ष्म ध्यान दृष्टिले हेर्दा धेरै कुराहरू फेला पर्दछन्। पछि यसलाई 'अष्टकलाप' भनियो। अष्टकलापमा चार महाभूत तत्त्वहरू जस्तै पृथ्वी धातु, जल धातु, अग्नि धातु र वायु धातु तत्त्वहरूको एक–एक अंश र ती चार तत्त्वहरूका स्वभाव धर्म क्रमशः भार वा प्रसारण शक्ति (*Mass*), संयोजन शक्ति (***Cohesion***), संतापन शक्ति (*Energy*) र सञ्चालन वा गतिशीलता शक्ति (*Motion*) आदिको एक एक अंश गरी जम्मा आठ स्वभाव हुनुलाई नै 'अष्टकलाप' भनिन्छ। उपर्युक्त अष्टकलापअन्तर्गत ती तत्त्वहरू पनि स्थिर नभई प्रकम्पित अवस्थामा हुँदा 'प्रकम्पन पुञ्ज' स्वरूप मात्र हुन जान्छ। एक चुट्की बजाउँदा वा एक सेकेण्डमा अनेक सहस्रकोटि पटक यही अष्टकलापभित्र उत्पाद व्यय हुन्छ। यस्तो अष्टकलापको अनित्य स्वभाव भगवान् बुद्धले विपश्यना भावनाको माध्यम स्वःअनुभूतिमा उतारेर प्रकाश पार्नुभयो।



Downloaded from http://www.dhamma.digital

"सब्बो पज्जलितो लोको, सब्बो लोको प्रकम्पितो" अर्थात् पूरै लोक जलिरहेको छ पूरै लोक प्रकम्पित भइरहेको छ। यसप्रकारले यस लोकमा सम्पूर्ण कुराहरू अस्थिर र अनित्य भएका हुँदा, यी कुराहरूमा माया, मोह राग, द्वेष आदि प्रकट गरी भुलिरहने प्रवृत्तिलाई त्यागी चित्त विशुद्धितिर लगी धर्म-मार्गमा अग्रसर हुन सतत् प्रयास गर्नुपर्दछ। यसरी बुद्धको अनित्यवाद भन्नु नै अध्यात्मवाद हुन जान्छ।

आधुनिक विज्ञानवादसित सम्बन्धित खास गरेर भौतिक शास्त्रअन्तर्गत पदार्थ (*Matter*) को अध्ययन गर्दा निम्न कुराहरू फेला पर्दछन्। ईशापूर्व पाँचौं शताब्दीमा ग्रीसका वैज्ञानिक डेमोक्रिटसले सबैभन्दा पहिले 'अणु' भन्ने कुरा पत्ता लगाए, जसलाई अटोमम (*Atomum*) अर्थात् अविभाज्य सूक्ष्म पदार्थ भनेर नाम राखियो। पछि यसलाई परमाणु भनियो – जसको स्वभाव अभेद्य, अविनाशी, अपरिवर्तनशील र ठोस हुन्छ भनी मानियो। यो सिद्धान्त अनुसार नै गत १९ सौं शताब्दीसम्म पनि वैज्ञानिकहरू गैलिलियो र डाल्टनले परमाणुलाई अभेद्य र अपरिवर्तनशील नै मानिरहे। यहाँसम्म-को विकासले पनि भगवान् बुद्धले विपश्यनाबाट पत्ता लगा-उनुभएको परिवर्तनशील 'अष्टकलाप' को सिद्धान्तसित मेल खाँदैन। पछि न्यूटनले पदार्थका कणहरूमा पारस्परिक आकर्षण बल हुन्छ भन्ने कुरा पत्ता लगाए।

बीसौं शताब्दीको प्रारम्भमा अर्थात् सन् १९०५ मा वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले सापेक्षवादको सिद्धान्त



Downloaded from http://www.dhamma.digital

(*The Theory of Relativity*) पत्ता लगाएर, अहिले-सम्मको परमाणुको संरचना र स्वभावको विषयमा ठूलो परिवर्तन ल्याइदिए। उनका अनुसार आकाश (*Space*) र काल (*Time*) अलग अलग स्वतन्त्र वस्तु भएर एक अर्कासित सम्बन्धित छन्। साथै अर्कालाई प्रभाव पार्ने क्रिया हुन जान्छ। परमाणु अभेद्य वा ठोस कण होइन। जडवस्तु (*Mass*) एउटा सञ्चित शक्तिको रूपमा रहेको छ। बुद्धले 'अष्टकलाप' पनि शक्ति प्रवाह, प्रकम्पनको पुञ्ज मात्र हो भनेको सिद्धान्त, आइन्सटाइनको सापेक्षवादको सिद्धान्तअनुसार जड वस्तु पनि स्थिर नभई सञ्चित शक्तिको रूप हो भने दुवै कुरामा सामञ्जस्य भएको पाइन्छ। तर अझै पनि बुद्धको 'अष्टकलाप' को सिद्धान्त जति गहिरिएर गएको छ, त्यसअनुरूप आइन्सटाइनको सिद्धान्तले पनि व्याख्या गर्न नसकेको कुरा स्पष्ट हुन्छ।

सन् १९०० मा बेलायतका वैज्ञानिक जे. थमसनले पर-माणुलाई भेदन गरेर इलेक्ट्रोनको अस्तित्त्वको खोजी गरे। सन् १९१० मा अर्नेष्ट रूदरफोर्डले परमाणुको मध्यभागमा नाभिक केन्द्र हुन्छ, जसको बाहिरी कक्षमा इलेक्ट्रोन तीव्र गतिले घुमिरहन्छ र न्यूक्लियस एक परमाणुको लाखौं हिस्सा सानो हुन्छ भन्ने कुरा पत्ता लगाए। सन् १९२० को दशकतिर वैज्ञानिकहरूको एक समूह, डेन्मार्कका वोहर, फ्रान्सका ब्रोगली र अन्यले परमाणुसम्बन्धी अरू अनुसन्धान गरी नयाँ कुरा पत्ता लगाए। सन् १९३२ मा परमाणुलाई विभाजन गरी प्रोट्रोन र न्यूट्रोन दुई नयाँ तत्त्वहरू फेला पारे। यसरी परमाणुको



Downloaded from http://www.dhamma.digital

संरचनामा केन्द्रीय भागमा न्यूट्रोन र प्रोट्रोन खाँदिएको हुन्छ। इलेक्ट्रोन न्यूक्लियसको वरिपरि सेलमा ऋणात्मक रूपमा तीब्र गतिले घुमिरहेको हुन्छ। यसरी सन् १९६६ सम्म धेरै कुराहरू पत्ता लगाए। परमाणुभित्रका उपर्युक्त तत्त्व कणहरू एक आपसमा विभिन्न रूपमा ठक्कर खाने अथवा प्रकम्पित भइराख्ने गर्दछन्। यो प्रकम्पनको गतिलाई नोवेल पुरस्कार विजेता अमेरिकी भौतिकशास्त्री लुइस वाल्टर अल्भरज (१९६८) ले एक भौतिक उपकरण (*Bubble Chamber*) को सहयोगले परमाणुका सूक्ष्मकणहरूको उत्पत्ति र नाशको गतिलाई गणना गर्दा निस्क्यो कि एक सेकेण्डमा १ अङ्क पछाडि २२ वटा शुन्य थप्दा जति हुन्छ, त्यति अति तीब्रतम वेगवान गतिमा प्रकम्पन भएको पाइएको थियो। बुद्धले अष्टकलापभित्रको प्रकम्पनको गति वारे एक चुटकी बजाउँदा (= एक सेकेण्ड) अनेक शत सहस्रकोटि (एक शत सहस्रकोटिमा करिव १ अङ्क पछाडि १३ शून्य अङ्क राख्नुपर्दछ) पटक उत्पाद व्यय हुने जुन कुरा बताउनुभयो, यो गणनाको माध्यम विपश्यना आध्यात्मिक वल थियो। यसप्रकारले, सम्पूर्ण वस्तु जो ठोस रूप देखिन्छ, परिवर्तनशील, अनित्य, विनाशधर्मी प्रकम्पन स्वभावको हुन्छ। यसरी आधुनिक परमाणु भौतिक शास्त्रको पूर्ण विकासको सिद्धान्त र बुद्धको अनित्यवादको सिद्धान्त (अष्टकलाप) को तुलना गर्दा धेरै मिल्ने कुरा फेला पर्दछन्।

*



Downloaded from http://www.dhamma.digital

# बुद्धको तरिका शिक्षा दिने

Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा दिने तरिका

– घनश्याम राजकर्णिकार

बुद्धदेवको शिक्षा दिने तरिकाहरू सोचेर हेर्दा तथा सम्झेर ल्याउँदा मलाई एक तमासको आनन्दानुभूति हुने गर्छ । साँच्चै उहाँ जस्तो महामानवलाई नेपालले पाउनु हामी नेपालीको लागि गौरवको कुरा हो । उहाँको महत्ता नै यो छ कि उहाँ कहिल्यै एउटा देश र समयको परिधिभित्र वस्नुभएन । उहाँले सम्पूर्ण मानवमात्रको कल्याण हुने बाटो पत्ता लगाउनुभयो । त्यो बाटो कुनै व्यक्तिविशेष वा जाति-विशेषको लागि नभई मानवमात्रको कल्याणको निमित्त हो भन्ने कुरा उहाँले प्रतिपादन गर्नुभएको शिक्षाबाट नै छर्लङ्गिन्छ । अतः उहाँ बुद्धदेव नेपाल र नेपालीको मात्र विभूति



Downloaded from http://www.dhamma.digital

नभई संसारकै पथ-प्रदर्शक हुनुभएको छ । उहाँ जस्ता महामनाको विषयमा हामीले भन्नुपर्ने, बुझ्नुपर्ने, सिक्नुपर्ने कुराहरू धेरै छन् । भनिन्छ उहाँको सन्मुख पर्नासाथ जसको पनि हृदय गदगद हुन्थ्यो र आ-आफ्नै तरिकाले भन्न गर्थ्यो –

"हे श्रमण ! हजूरको छायाँ सुखकर छ ।"

"हे तथागत् ! प्रभुको शरण कल्याणकारी छ ।"

"हे लोकनाथ ! तपाईंका गुणहरू अनन्त छन् ।"

"हे भगवान् ! हजुर अनन्त ज्ञानि तथा सर्वद्रष्टा हुनुहुन्छ ।"

साँच्चै भन्ने हो भने, भगवान् बुद्धको सम्पूर्ण जीवन र व्यक्तित्व - दया, करूणा, मैत्री, प्रेम तथा प्रज्ञा, अहिंसा, समताको भावना तथा कार्यान्वियनबाट प्रज्वलित थियो । उहाँ रोगीहरूका सेवा गर्नुहुन्थ्यो, कुमार्गमा पलसिरहेकाहरूलाई सन्मार्गमा ल्याउनुहुन्थ्यो, अज्ञानीहरूलाई ज्ञानी बनाउनुहुन्थ्यो, क्रोधीलाई विवेकशील बनाउनुहुन्थ्यो तथा कोलाहल वातावरणमा शान्ति स्थापना गर्नुहुन्थ्यो । उहाँ जस्ता करूणासागर, प्रेम पूजारी, परिपक्व, मनोवैज्ञानिक, व्यावहारिक, शान्तिनायक, प्रेरणादाता, प्रज्ञावान् महापुरुष यस धर्तीमा जन्मेका छैनन् । अतः हामी उहाँलाई मानिसको दर्जाबाट माथि उठाई भगवान्को आसनमा राखी पूजा अर्चना गर्छौं । वस्तुतः यसोगरी हामीले उहाँलाई श्रद्धा सुमन चढाएका मात्र हौं । उहाँले स्वयं आफूलाई कहिल्यै ईश्वर मान्नुभएन । फेरि ईश्वरको विषयमा उहाँको आफ्नै धारणा छ जुन गहनता तथा महत्ताले परिपूर्ण छ । ईश्वरको विषयमा कसैले प्रश्न गर्दा उहाँ अक्सर चुप लाग्नुहुन्थ्यो । अर्थात् उहाँले कहिल्यै ईश्वर छ पनि भन्नुभएन,



Downloaded from http://www.dhamma.digital

छैन पनि भन्नुभएन। उहाँ भन्नुहुन्थ्यो:ईश्वरजस्तो वृहत् विषयमा पूर्णज्ञान प्राप्त गर्न यो सम्पूर्ण मानवजीवन नै असाध्य छोटो छ, मानो एउटा झिल्का समान नगण्य छ । अत: उहाँ भन्नुहुन्थ्यो ह्यामीले जीवनमा प्राप्त गर्न नसक्ने परमात्माको पछि लाग्नुभन्दा आफ्नै मनलाई सुदृढ पारी आफ्ना मनका कमीहरूलाई हटाउँदै लगी, मरेपछिका शान्ति र सन्तोषभन्दा बाँचेको अवस्थामा आफ्नो आत्मा (मन) मा शान्ति र सन्तोष प्राप्त गर्ने हुनुपर्छ ।

भगवान् बुद्ध जस्ता अनन्त ज्ञानी सर्वश्रेष्ठ महापुरुषको विषयमा मैले केही लेख्ने प्रयास गर्नु नै धृष्टता गरेको नठहरिएला भन्न सक्दिन । निश्चय नै उहाँ जस्तो अथाह व्यक्तित्वको विषयमा म सारै अल्पज्ञ छु । तैपनि उहाँसम्बन्धी थाहा पाइएका केही कुराहरू नलेखी मलाई चैन मिलेन । अत: यो छोटो लेखमा उहाँसम्बन्धी केही परिचयात्मक कुराहरू संक्षिप्त रूपमा उल्लेख गर्न लागेको छु जसबाट उहाँको विवेक, विचार व्यक्तित्व कस्तो थियो भन्ने कुराको एउटा सानो झझलको पाउन सकिन्छ भन्ने मेरो विश्वास छ ।

संसारको गुरुजालमा फसेका अनभिज्ञ अंगुलिमालले एक समय मानिसहरूको औंला काटेर उधुम मचाएका थिए । यिनले गुरुदक्षिणाको लागि सयौं औंलाहरू काटी माला लगाई राखेका छन् भनी सुन्ने मानिसहरू उनीदेखी डराएर भाग्ने गर्थे । यो थाहा पाई भगवान् बुद्ध एकदिन उनको सम्मुख जानुभएछ । बायाँ हातले भिक्षापात्र च्याप्दै दायाँ हातले आशीर्वादको भावना झल्काउँदै बुद्धदेव आफ्नो स्वाभा-



Downloaded from http://www.dhamma.digital

विक शान्त मुद्रामा हुनुहुन्थ्यो। एकजना पहेंलो वस्त्र धारण गरेको व्यक्ति विनाहिचकिचाहट आफूतिर मन्दचालमा आइ-रहेको देख्ता अंगुलिमाल पहिले त हतप्रभ तथा हतोत्साह बने तर उनिखेरै आफूलाई सह्याल्दै विवेकहीन क्रोधी अंगुलिमालले पाशविक हाँसो हाँस्दै कराएर भने "ए अबतिम्रो पालो आएछ ? तिमी को हौ ? म तिमीलाई सजिलैसित मार्छु ।" यति भनी उनी बुद्धतिर जाइलाग्न दगुरे। जति जति उनी दगुरे उति बुद्धदेव पर पर सरिरहेझैं उनलाई लाग्थ्यो। अतः रिसाएर उनले भने – "ए, पख, पख् म तिमीलाई मार्छु, किन भागिरहेको, डरछेरूवा।" बुद्धदेवले मुसुमुसु हाँस्दै भने – "वत्स, म त स्थिर छु, तिमी पो अस्थिर छौ, र दौडिरहेछौ। बुझ्यौ जो धर्म, प्रेम, करुणा, अहिंसामा पारङ्गत छ उसलाई कसैको डर हुँदैन। त्यस्ता पुरुषलाई तिमीले केही गर्न सक्दैनौ।"

अंगुलिमालले व्यङ्ग्य हाँसो हाँस्दै भने – "यी सबै कुरा तिमीले मदेखि डराएर भन्दैछौ। बुझ्यौ तिमीहरू सबैले मलाई घृणा गरिरहेका छौ तथा मेरो रगत चुस्नमा तिमीहरू लाला-यित छौ। त्यसैले म तिमीलाई कहाँ छाड्छु र।" बुद्धले भने "आयुष्मा[illegible] के तिमीलाई सबैले घृणा गरिरहेछ ? के त्यसैले तिमी मा[illegible]सको हत्या गर्दै हिंडेका हौ?" अंगुलिमालले वीक्र-तिको टा[illegible]को हल्लाउँदै भने "हो सबै मानिस मलाई घृणा गर्छन्। [illegible]नीहरू सबले मलाई अन्याय गरिरहेका छन्। त्यसैले म[illegible]ो सबैको रगत चुसेर नै छाड्छु। सबैलाई संहार गरी तिनीहरूको नाम निशान यस धर्तीबाट नमेटुन्जेल मेरो



Downloaded from http://www.dhamma.digital

मुटुको आगो निभ्ने छैन, बुझ्यौ ।" बुद्धले शान्त भावले मुसु-मुसु हाँस्दै भने "वत्स,आगो आगोबाट निभ्दैन, पानीबाट मात्र निभ्छ । वैर वैरबाट होइन प्रेमबाट मात्र समन हुन्छ । सधैं याद राख आयुष्मान, मनुष्यलाई प्रेम भावनाले मात्र जित्न सकिन्छ, वैर भावनाले कदापि सकिंदैन ।" अंगुलिमालले वेवास्ताको भावना देखाउँदै भने "म तिम्रो यस्तो कुरा बुझ्दिन मलाई बुझ्नुपर्ने आवश्यकता पनि छैन ।" बुद्धले मुसुक्क हाँस्दै भने "वत्स, जन्मेपछि धेरै कुराको आवश्यकता पर्छ र धेरै कुरा बुझ्नु पनि पर्छ । तिमी बुझ्दैनौ भने म तिमीलाई बुझाउँछु । सर्वप्रथम त्यो रूखबाट एउटा पात टिप त ।" अंगुलिमालले झर्केर एउटा पात झ्वाट्ट छिनाल्दै "ल, टिपें अब के गर्ने ?" भने । बुद्धले "अब यसलाई फेरि त्यो बोटमा पहिले झैं जोडिदेऊ त" भने । अंगुलिमाल पहिले त अकमकिए तर छिनभरमै मुख विगार्दै झर्कंदै भने "अहँ, हुंदैन यो असम्भव छ ।" बुद्धले शान्त भावले भने "ठिक भन्यौ वत्स, सम्भव छैन । यसैले जसलाई तिमी फेरि जिलाउन सक्दैनौ ती सबैको हत्या गरेर तिमीले कत्रो अन्याय गरिरहेका छौ, सोचेर हेर त । कतिका बालवच्चाहरूलाई तिमीले अनाथ पारिसक्यौ, कतिका आइमाईलाई विधवा बनाइसक्यौ, त्यस्तै असंख्य बूढाबूढीहरूको आश्रयलाई तिमीले नष्ट पारिसक्यौ । ती सबैलाई अब फेरि लाख इच्छा गरे पनि सद्दे पार्न सक्दैनौ सोचेर हेर त, कत्रो जघन्य अपराध तिमी गर्दै छौ । तै पनि समय छ, प्रायश्चित गर वत्स ! मेरो आश्रयमा आऊ । जाऊ संसारमा सबैसंग प्रेम गर यसैबाट



Downloaded from http://www.dhamma.digital

तिम्रो पापको प्रायश्चित हुने छ ।" अंगुलिमालले जिल्ल पर्दै तथा विनयशील बन्दै भने "संसारका सबैले मलाई छाडिसके। तिनीहरू कसैले मलाई प्रेम गर्दैन । अब मैले तिनीहरूको प्रेम गरी हिंडेर के हुन्छ ।" बुद्धले यो सुनी सान्त्वना दिंदै भने "तर म तिमीलाई प्रेम गर्छु ।" अंगुलिमालले आश्चर्य मान्दै, उत्सुकता झल्काउँदै भने "के भन्यौ । तिमी मलाई प्रेम गर्छौ रे ?" बुद्धले मुसुमुसु हाँस्दै भने 'हो वत्स, जसलाई संसारले उपेक्षा गरेको छ, त्यही मेरो प्रेमको सुपात्र हुन्छ । त्यसैले होशमा आऊ अंगुलिमाल आफ्नो घृणित कार्यलाई परित्याग गर । तिमी मेरो प्रेमको पात्र बन ।" अंगुलिमाल अझ बढी आश्चर्य भए। उनले भने "होइन, तिमो को हौ जसको वाणी-बाट अमृतको धारा बगिरहे झैं लाग्दैछ मलाई ?" बुद्धले सम्झाउँदै भने "वत्स ! मानिस मलाई सम्यक् सम्बुद्ध भनी सम्बोधन गर्दछन् । हेर, म मात्र होइन, आफ्नो कर्म, प्रज्ञा, आचरणद्वारा जो कोही पनि बुद्ध बन्न सक्छ ।" अंगुलिमालले पछुताउ र प्रायश्चित तथा आश्चर्य र प्रफुल्लताको भाव देखाउँदै अनि झस्को हाल्दै प्रभु बुद्ध ! पतितपावन भगवान् बुद्ध ! यति भनी आफ्नो हातमा भएको तरवार फ्याँक्दै बुद्धको पाउमा परे र "प्रभु, भगवान् बुद्ध भनी थाहा पाइन, क्षमा पाऊँ देव म के हुँदैछु म स्वयं अनभिज्ञ छु। प्रभु ! मलाई शरणमा लिनुहोस्, भगवान् ! मलाई दीक्षा दिनुहोस्" भन्दै प्रार्थना गर्न लागे बुद्धले प्रेमपूर्वक भने "अवश्य दिन्छु आयुष्मान म तिमीलाई अवश्य दीक्षा दिन्छु । तर तिमीले सर्वप्रथम संसारमा घुमी आफ्नो पापको



Downloaded from http://www.dhamma.digital

प्रायश्चित्त गर्नुपर्छ । जसमाथि तिमीले अन्याय अत्याचार गरेका छौ, त्योसँग क्षमा माग्नुपर्छ । त्यसैले सबैलाई प्रेम गर। त्यसपछि मात्र तिमी विश्वबन्धु बन्ने छौ तथा प्रेमको अधिकारी बन्ने छौ । अनि मकहाँ आएर दीक्षा माग्नु, म खुशीसाथ दीक्षा तिमीलाई दिने छु ।" यो कुरा सुनी अगुलिमालले खुशी हुदै, दुई हात जोडदै भने "जो आज्ञा प्रभु !" यसरी अंगुलिमालको अनुनय विनय सुनी उनको निन्दनीय कार्यलाई क्षमा गर्नुहुँदै महान् भगवान् बुद्धले उनको कल्याण तथा उद्धार गर्नुभयो ।

यस्तै संसारमा जन्मेको जोसुकैको पनि एक दिन मृत्यु हुन्छ भन्ने थाहा पाउन नसकेकी तथा मरेको आफ्ना छोराले बोलेन बोल्न लगाइदेऊ भनी कराउँदै आइपुगेकी कृशा गौतमीलाई बुद्धले संझाउँदै "आत्तिनुपर्ने केही छैन, तिम्रो छोरालाई बोल्न सक्ने तुल्याउन पहिले यस शहरको कुनै एउटा घरबाट एक मुट्ठी जत्ति तोरी ल्याऊ जुन घरको परिवारमा कसैको मृत्यु भएको छैन अनि म तिम्रो छोरालाई बोल्न सक्ने तुल्याइदिन्छु" भन्नुभयो । यो सुनी खुशी हुँदै मानिसको मृत्यु नभएको घर-परिवार खोज्दै उनी ठाउँ-ठाउँमा पुगिन् तर कहीं कतै कोही नमरेको घर उनले फेला पार्न सकिनन् । अन्तमा उनलाई आफ्नै विवेकद्वारा सत्यको अनुभूति तथा अनित्य संसारको वास्तविकताको आभास भयो । यसरी भगवान् बुद्धले अबोध कृशा गौतमीलाई सत्यको अनुभूति र वास्तविकताको बोध गराउनुभयो ।

जीवनमा शास्वतता कसरी प्राप्त गर्ने भन्ने बारे भगवान्



Downloaded from http://www.dhamma.digital

बुद्धको जीवनसंग सम्बन्धित एउटा प्रसंगलाई उल्लेख गरूँ। एक दिन भगवान् बुद्धलाई प्यास लागेछ। अत: आनन्द पानी लिन नजीकैको पहाडको फेदीमा पुगेछन्। त्यहाँको एउटा खोल्सोमा पानी लिन जाँदा त्यहाँ बैलगाडाहरू यत्रतत्र चलमलाइरहेको हुँदा बगिरहेको पानी ज्यादै धमिलो र फोहोर भएको आनन्दले देखे। अत: उनी पानी नलिई फर्केर आई बुद्धदेवलाई भनेछन् "प्रभु! नजीकैको खोल्सोमा बैलगाडाहरूले गर्दा पानी धेरै फोहोर र धमिलो भएको छ। अत: टाढाबाट भए पनि पानी ल्याऊँ कि ?" तर भगवान् बुद्धले त्यही खोल्सोबाट पानी ल्याउनू भने। अत: आनन्द त्यही खोल्सोमा गए तर अहिले पनि पानी सफा भएको थिएन र आनन्दले पानी लगेनन्। यस्तो तीन पल्ट भएछ। चौथो पटक पनि भगवान् बुद्धको आज्ञानुसार फेरि त्यही खोल्सोमा पानी लिन गए र मनमा केही खिन्नता केही उद्वेगनता अनुभव गर्दै थिए। यस पटक भने बैलगाडाहरू कुनै पनि त्यहाँ थिएनन् र खोल्सोको पानी सफा निर्मल थियो। बैलगाडाले तुल्याएको फोहोर, मैला तथा झारपातहरू कुनै किनारा लागिसकेका थिए त कुनै बगिसकेका थिए। अहिले पानी निर्मल सफा भैसकेको आनन्दले देखे। उनी मनमा प्रफुल्लता अनुभव गर्दै त्यो सफा पानीलाई घैंटोभरि भरेर लगे। यस पटक आनन्दलाई रमाउँदै पानी ल्याएको देखी बुद्धदेव मुसुक्क हाँस्नु भई भन्नुहुन्छ "हे आनन्द, थाहा पायौ तिमीले, त्यो बगिरहेको पानी जस्तै हो हाम्रो जीवन। हाम्रो जीवनमा आइपर्ने विभिन्न थरीका विचारहरू, बाधा-व्यवधानहरू,



Downloaded from http://www.dhamma.digital

विडम्बनाहरूलाई त्यो बैलगाडाले पारेका फोहर कसिङ्गर युक्त पानीसंग तुलना गर। बैलगाडा दिनहुँ त्यहाँ ल्याँई काममा लगाउँदा त्यो ठाउँको निर्मल पानीलाई धमिल्याएको हुन्छ। त्यस्तै हाम्रो जीवनमा अनेक किसिमका झन्झटहरू, चुनौतीहरू, मनोवेगहरू, समस्याहरू आइपर्छन्। तिमी त्यो धमिलो पानी लिनबाट जसरी बन्चित हुन खोज्यौ त्यस्तै हामी पनि जीवनका अप्ठ्याराहरू देखि अवसर भाग्न खोज्छौं, बन्चित हुन खोज्छौं। तर हामीले जीवन संग्राम देखि भागेर होइन डटेर मुकाविला गऱ्यौ भने तथा मनका ती नानाथरीका उँधो लाउने विचारहरूलाई शान्त गर्न धैर्य गऱ्यौं भने सब कुरो स्वच्छ हुँदै जानेछ, हाम्रो जीवन पनि निर्मल हुँदै जानेछ जसरी त्यो खोल्सोको पानी पछि भएथ्यो।

करूणानिधि बुध्ददेवले रोगीको सेवा कसरी गर्नुभयो एउटा दृष्टान्त हेरौं। एक समय तिस्स नाम गरेका एकजना भिक्षुको आँङभरि खटेरा निस्केको थियो। हुँदा हुँदा ती खटेराहरू डरलाग्दा तथा घीन लाग्दा घाउको रूपमा परिवर्तन हुँदै गए। ती खटेरा र घाउबाट निस्केका पीप सा-है दुर्गन्ध-युक्त हुन थालेको हुँदा ती रोगीको सामुन्ने बसि नसक्नु भयो। त्यसैले उनलाई हेरविचार गरिरहेका अरू भिक्षुहरू उनीबाट पर पर सर्दै गए। अन्तमा ती रोगी एकलै ओछ्यानमा परे तथा उनो घाउ र खटेराको वेदनाले छटपटाउदै कराइरहे। यो कुरा जब बुध्ददेवले थाहा पाउनुभयो उत्तिखेरै ती रोगी भिक्षुकहाँ जानु भई उनको सेवा शुश्रूषा गर्न थाल्नुभयो।



Downloaded from http://www.dhamma.digital

बुध्ददेवले लगत्तै भिक्षु तिस्सको शरीरबाट पीप पीपले गह्ला-एको तथा ठाउँ-ठाउँमा टाँस्सिएको वस्त्र (चीवर) लाई बिस्तारै फुकालिदिनु भई उनलाई त्यो गन्धले गुम्सेको कोठाबाट बाहिर घाममा ल्याउनुभयो र उनको नाङ्गो शरीरमा तातो पानी खन्याउँदै राम्रोसित नुहाइदिनुभयो। फेरि उहाँले रोगीको दुर्गन्धयुक्त चीवरलाई तातो पानीले धुनुभयो र उनको फोहोर कोठामा सफा सुग्घर पनि गर्नुभयो। यी सबै क्रिया यस्तो देखिन्थ्यो मानौं एउटी आमाले आफ्नो रोगी बच्चाको स्याहार सुसार गरिरहेकी थिइन्। यो देखी त्यहाँ भएका अरू भिक्षुहरू सबै अक्क न बक्क बनी किंकर्तव्यविमूढ भइरहेका थिए। केही दिनसम्म बुद्धदेवले दिनहुँ ती भिक्षुलाई घाममा ल्याई तातो पानीले नुहाइदिने गर्नुभयो। परिणामस्वरूप केही दिनमा नै ती रोगी भिक्षुको स्वास्थ्य सुध्रँदै गयो र अन्त्यमा उनले स्वास्थ्यलाभ गरे। त्यसपछि भगवान् बुद्धले सबै भिक्षु-हरूलाई सम्बोधन गर्दै भन्यो "भिक्षुहरू हो, तिमीहरू कसैलाई हेरचाह गर्ने यहाँ तिम्रा आमा-बाबु कोही छैन। तिमीहरू एकले अर्कोलाई सेवा गर्ने नगरे अरू कसले गर्ला सोच त? अतः अबदेखि तिमीहरूमध्ये कोही पनि बिरामी भएमा तिमी-हरूले नै त्यो रोगीको सेवा शुश्रुषा गर्नुपर्नेछ। हेर, जसले रोगीको सेवा गर्नेछ त्यसले मेरो नै सेवा गरेको हुनेछ।" बुद्धदेवको यस्तो वचन सुनी सबै भिक्षुहरूले सेवाधर्मको महत्ता बुझी गुरुदेवको जयजयकार गर्दै आफ्ना मनमा रहेका घृणा भावनालाई पखाल्दै दृढ संकल्प गरे।

एक दिन पवित्र हृदयका प्रवर्तक भगवान् बुद्ध भिक्षुहरूसंग



Downloaded from http://www.dhamma.digital

राजगिरी नालन्दामा पाल्नुहुँदा बाटोमा परिव्राजकहरू उहाँ-हरूको नानाथरीले उपहास गर्दै पछि लागेछन् । यसलाई सहन नसकी भिक्षुहरूले "प्रभु, पछाडि आएकाहरूले हाम्रो तिरस्कार र उपहास गर्दैछन् के गरौं ?" भनी प्रार्थना गरे । भगवान् बुद्धले "तिनीहरूले भनेका कुराहरू साँचो हुन् भने तिनका उपहासहरू हामीले ग्रहण गर्नैपर्छ, होइन, हामी निर्दोष छौं भने हामीलाई दोषारोपण गरेको भए पनि हामी रिसाउनुपर्ने कारण छैन, तिनी स्वयं दोषी हुन्छन् भनी आज्ञा गर्नुभयो । यस्तो सतपुरुष हुनुहुन्थ्यो भगवान् बुद्ध ।

मानिसले आफ्नो दैनिक जीवनमा नचाहेर पनि रिसाहा व्यक्तिहरूसंग उठबस एवं संसर्ग गर्नुपर्ने हुन्छ यो कुनै नौलो कुरा होइन । यस्ता व्यक्तिविशेषसंग दिन बिताउनु कम कठिन हुँदैन । यिनको पागलपूर्ण कारबाईले समाजको संवेदनशील सदस्यको मनोभावनामा हुनसम्म चोट पर्न गइरहेको हुन्छ । यसको उसलाई ख्याल विचार हुँदैन । यस्ता व्यक्तिहरूका निम्नस्तरका व्यवहारहरूबाट दुःखित तथा कुण्ठित नभै कसरी रहने यो ठूलो प्रश्न हो । यसबारे भगवान् बुद्धसंग सम्बन्धित एउटा सानो घटना ज्यादै प्रेरणादायक छ । त्यो यस प्रकार छ ।

भगवान् बुद्ध बेलुवन भन्ने ठाउँमा आश्रम लगाई केही दिनको निमित्त वास गरिरहनुभएको थियो । एक दिन एकजना ब्राह्मण आई भगवान् बुद्धलाई एक्कासी भन्नु नभन्नु गाली गर्न थालेछन् । ती ब्राह्मणका एकजना नातेदार भगवान् बुद्धका शिष्य हुन गएकोले तिनलाई हुनसम्म रीस उठेको रहेछ ।



Downloaded from http://www.dhamma.digital

तिनको दुष्टतापूर्ण तथा हास्यास्पद गालीहरू शान्तभावले सबै सुनिसकेपछि भगवान् बुद्धले मुसुक्क हाँसी भन्नुभयो "ब्राह्मण, तपाईंको घरमा कहिलेकाहीं कोही पाहुना आउँछन् कि आउँदैनन् ?"

ती ब्राह्मणले गमकेर भने "आउँछन्, किन आउँदैनन् ?"

"तपाईं तिनलाई सकेसम्म मीठो मीठो खुवाउनु पनि हुन्छ होइन त ?"

"किन होइन, आतिथ्य सत्कार गर्न मलाई कसैले सिकाउनु पर्दैन । आफ्नो गच्छेअनुसार खुवाउने गर्छु ।"

"ठीक भन्नुभयो तपाईंले, तर यदि कुनै अतिथिले कारण-वश तपाईंले दिनु भएका खानाहरू नखाइकन चोखै राखे भने त्यो कसको हुन्छ, अनि कसले लिन्छ ?"

"दिएको वस्तु कसैले ग्रहण गरेन भने त्यो हाम्रो हुन्छ, हामी नै लिन्छौं ।"

यो सुनी भगवान् बुद्ध मुसुक्क हाँस्नुभयो अनि भन्नुभयो "भाई, मैले पनि तपाईंको गाली तथा अपशब्दहरू कुनै पनि ग्रहण गर्न सकिन, सकेको भए म पनि तपाईंको गालीको प्रत्युत्तरमा तपाईंलाई गाली गर्ने थिएँ तर मेरो त्यस्तो बानी छैन । अब तपाईं नै भन्नुहोस् मैले तपाईंको गालीको के उपयोग गरें । यसरी उपयोग नगरेपछि, ग्रहण नगरेपछि तपाईंले दिएको गाली कसको हुन्छ ? कसलाई लाग्छ ? तपाईं आफैलाई होइन त ? यो आदान-प्रदानको कुरा हो । जुन कुरा तपाईंले मलाई दिनुभयो त्यो मैले स्वीकार गरिन, त्यो मैले अरू कसैलाई पनि दिइन । यस अवस्थामा तपाईंले



Downloaded from http://www.dhamma.digital

मप्रति लिनुभएको द्वेषभाव तथा मलाई दिनुभएको कटुपूर्ण गालीहरू आफैले फिर्ता लिइरहनु भएको छ, होइन त ?''

उपर्युक्त कुराहरूबाट के निचोड निकाल्न सकिन्छ भने बुद्धदेवले प्रतिपादन गर्नुभएका आत्मानुभूति ज्ञान कुनै वर्ग वा जातिको निमित्त मात्र नभई सम्पूर्ण मानवजातिको भलाई र कल्याणको लागि नै समर्पित छन्। अर्थात् भगवान् बुद्धले कठोर साधना गरी प्राप्त गर्नुभएको सत्य र ज्ञान "बहुजन हिताय बहुजन सुखाय" को निमित्त हुन् भन्ने कुरा उहाँ-सम्बन्धी साधारण अध्ययनबाट नै प्रष्टिन्छ।

**बौद्धधर्मको युगमा मुक्ति-सिद्धान्तको विस्तार भयो। यसले समस्त मानवलाई अङ्गिकार गरी तिनीहरूको तिरस्कृत र हीन जीवात्माभा नव-प्राण सञ्चार गरिदियो।**

**– विश्वकबि रविन्द्रनाथ ठाकुर**



Downloaded from http://www.dhamma.digital

# बुद्ध कसरी उपदेश दिन्थे

प्रकाश वज्राचार्य

संसारमा अनेकौं धर्मप्रचारक तथा उपदेशहरू आए, गए र कतिपय आउने पनि छन् तर बुद्ध आफ्नै प्रकारका एक अद्वितीय उपदेशक हुनुहुन्छ। थोरै समयमा पनि करोडौं मानिसहरूको हृदयमा बौद्धधर्मको जग राम्रै सँग वसिसकेको छ। यसको लागि न त कुनै युद्ध नै भयो न कुनै जबर्स्जस्ती नै। यसको श्रेय तथागतको सरल तथा व्यावहारिक उपदेशहरूलाई जान्छ।

हरेक प्रवर्तकले आफ्नै तरीकाले आफ्नो सिद्धान्त प्रचार गर्न खोज्दछ र साथै विस्तार–विस्तारै [illegible] ई आफ्नो सिद्धान्ततिर आकर्षित [illegible] पनि। भ [illegible] नि [illegible] तरीकाले उपदेश दिने एक[illegible] धर्म-प्रचार[illegible]।



Downloaded from http://www.dhamma.digital

ऐतिहासिक प्रमाणअनुसार बौद्धधर्मको शुरुवात् २५ सय वर्षअघि भएको थियो । त्यस वेलाको समाज अन्धविश्वास तथा नराम्रा संस्कारहरूमा बेस्सरी कस्सिएको थियो । यस्तो समाजमा बुद्ध एक महान् क्रान्तिकारीको रूपमा उत्पन्न हुनुभयो । उक्त महान् क्रान्तिकारीको नयाँ विचारधारा त्यसवेलाको सामाजिक विचारधारासँग मेल खाँदैनथ्यो ।

हरेक महापुरुषको कयौं प्रतिद्वन्द्वीहरू हुनु स्वाभाविक कुरो हो । त्यसैले होला बुद्धकालीर समयमा तथागतसँग ईर्ष्या गर्नेहरू पनि थुप्रै थिए । जैनधर्म बौद्धधर्मभन्दा केही वर्ष मात्र जेठो थियो । यस समकालीन धर्मका विद्वान्हरू पनि बुद्धको प्रतिद्वन्द्वी भएको कुरा 'त्रिपिटक' बाट बुझ्न सकिन्छ । यसरी बुद्धको समयमा पनि विभिन्न मतका आचार्यहरू (तीर्थकरहरू) बौद्धधर्मको विरुद्धमा खडा थिए । तैपनि बौद्ध ग्रन्थहरूबाट स्पष्ट हुन्छ कि बुद्धले धेरै नै तीव्रगतिले आफ्नो धर्मको प्रचार गरेका थिए । जो पनि बुद्धकहाँ आए बौद्धधर्ममा लीन भए । चाहे ती आउनेहरू उपदेश सुन्न आएका हुन् चाहे बुद्धसँग शास्त्रार्थ गर्न । जोसुकैलाई आफ्नो धर्ममा संलग्न गर्न सक्ने बुद्धको यो चमत्कार उहाँको उपदेशमा मात्र नभई उहाँको उपदेश दिने तरीकामा पनि निहित छ । उहाँको ठूलो गुण हो यथा वादी तथा कारी हुनु र शुद्धचरित्र हुनु ।

बुद्ध एक महान् तथा श्रेष्ठतम मनोवैज्ञानिक चिकित्सक हुनुहुन्थ्यो । कसैलाई उपदेश दिनुभन्दा पहिले उक्त श्रोताले कस्तो किसिमको उपदेश बुझ्न सक्छ भन्ने कुरो मनोवैज्ञानिक तरीकाले बुझ्नु भई मात्र बुद्ध उपदेश दिनुहुन्थ्यो । उहाँ जहिले



Downloaded from http://www.dhamma.digital

पनि श्रोतागणमध्ये कोही उपदेश बुझ्न सक्ने छ छैन भनी जाँच गर्नुहुन्थ्यो । उदाहरणार्थ, एक बुद्धकालीन घटनालाई लिऊँ ।

एकपल्ट आलवी भन्ने ठाउँमा बुद्ध धर्मदेशना गर्न जानुभयो । ठूलो भीड थियो । गौतमले पहिले त्यहाँको वातावरण तथा स्थितिको अध्ययन गर्नुभयो । उक्त स्थितिलाई सुहाउने उपदेश उनको मनमा उठ्यो । अनि उहाँले आफ्नो त्यो उपदेश बुझ्न सक्ने कोही छ कि छैन भनेर चारैतिर दृष्टि घुमाउनुभयो । साँच्चै त्यो भीडमा बुद्धको उपदेश बुझ्न सक्ने एक बूढो किसान मात्रै थियो । तर अफसोस ! बूढो भोकै थियो । महान् मनोवैज्ञानिक बुद्धले त्यो कुरा एकैचोटि पत्ता लगाउनुभयो । अनि उहाँले त्यो बूढोलाई खाना खुवाएर मात्रै आफ्नो उपदेश थाल्नुभयो ।

उपदेश दिने वेलामा बुद्ध जहिले पनि श्रोताको मन आफूतिर तान्नुहुन्थ्यो । मानिसहरू वेग्लावेग्लै विचारका हुन्छन् । त्यसउसले बुध्द पनि तरह तरहले श्रोताको मन आफूतिर खिच्नुहुन्थ्यो । यसैले बुद्ध विभिन्न मानिसहरूलाई विभिन्न उपायहरूद्वारा वोध गराउनुहुन्थ्यो ।

बुद्धको मधुर वचन तथा गम्भीर वाणी नै मानिसको ध्यान आकर्षित पार्न पर्याप्त थियो । उहाँको निर्मल, शान्त तथा क्लेशरहित अनुहारले नै श्रोताहरूको मनमा उहाँप्रति श्रध्दा उत्पन्न गराउँथ्यो । तापनि कसैकसैलाई वोध गराउन बुध्दले वेग्लै तरीका अपनाउनुपरेको थियो । परिस्थितिअनुसारको उदाहरणद्वारा सम्झाउनु बुध्दको महान् विशेषता हो ।



Downloaded from http://www.dhamma.digital

कहिलेकाहीं त उहाँ श्रोतासँग प्रश्न गरेर उनीहरूको उत्तरबाट उनीहरूलाई नै शिक्षा दिनुहुन्थ्यो। एक घटनाद्वारा यस कुराको पुष्टि हुन्छ–

उस वेला रोहिणी नदीले कोलिय नगर तथा कपिलवस्तुको बीच सीमानाको काम गर्थ्यो। त्यही एउटा नदीले दुवै देशका कृषकहरूको खेतमा पानी पुऱ्याइरहेको थियो। तर एक पटक गर्मीले दुवै देशका खेतहरू सुख्खा भए। अनि दुवै देशका कृषकहरू रोहिणी नदीको पानी आफ्नै देशतिर मात्र लगाउनमा लागे। यसले गर्दा झगमा भयो। पछि गएर यस सानो झगडाबाट दुई देशका बीच लडाईं छिड्ने अवस्था आइपुग्यो। यसरी कोलिय तथा शाक्यहरू परस्पर युध्द गर्न भनी रोहिणी नदीतिर आए। यो खबर सुनेर बुध्द पनि त्यहाँ आइपुग्नुभयो। उनीहरूसँग सोधेर बुध्दले झगडाको कारण पत्ता लगाउनुभयो। अनि उहाँले सोध्नुभयो "महाराजाहरू! पानीको मोल कति छ?"

उत्तर थियो– "भन्ते! मोलै पर्दैन।"

"क्षत्रीहरूको रगतको मोल कति पर्छ नि?"

"त्यो त अनमोल छ।"

तब बुध्दले आज्ञा गर्नुभयो– "सित्तै प्राप्त हुने पानीलाई लिएर क्षत्रीहरूको रगत बगाउने त?

दुवै पक्ष निरूत्तर भए। झगडा शान्त भयो।

भगवान् बुद्धको उपदेशमा जातपात, रङ्गभेद, स्त्री-पुरुष वा अमीर-गरीबको भेदभाव हुँदैनथ्यो। बुद्ध कुनै पनि कुरा सबभन्दा सजिलो तरीकाले सम्झाउन खोज्नुहुन्थ्यो। उहाँको



Downloaded from http://www.dhamma.digital

शिक्षा पनि धेरैजसो व्यावहारिक हुन्थ्यो । अतः उहाँका उदाहरणहरू पनि सुगम तथा दैनिक जीवनसित सम्बन्धित हुन्थे । यस्ता कारणले गर्दा बुद्ध निकै लोकप्रिय भए । यसले गर्दा तीर्थंकरहरूको मनमा डाह भयो । उनीहरूले बुद्धलाई बदनाम गर्न तथा शास्त्रार्थमा हराउन थुप्रै कोशिश गरे । 'त्रिपिटक' मा उल्लेखित एक घटना हो –

अभय राजकुमार भन्ने एक तीर्थंकर बुद्धकहाँ भेट्न आए । अभयले भगवान्सँग सोधे "के तपाईं कहिल्यै कडा वचन बोल्नुहुन्न ?" अभयको मनमा थियो कि बुद्धले "बोल्दिन" भनेमा बुद्धले देवदत्तलाई नरकगामी आदि भनेको उदाहरण दिउँला । यदि "बोल्दछु" भनेमा बुद्धसँग "तपाईं किन अरूहरूलाई मात्र मधुरवाणीमा कुरा गर्नुपर्छ भनेर उपदेश दिनुहुन्छ त ?" भनी सोधुँला । यसरी अभयको मन जसरी गरेर पनि बुद्धलाई नीचा देखाउनमा चिन्तित थियो । तर बुद्धले अकस्मात अभयसँग सोध्नुभयो –

"राजकुमार ! तिम्रो त्यो काखमा रहेको बच्चाले काठको टुक्रा मुखमा हाले तिमी के गर्छौ ?"

उत्तर दियो "भन्ते ! निकालुँला । यदि सजिलैसँग नआएमा जवर्जस्ती निकालुँला, चाहे रगतै किन ननिस्कियोस् ।"

"यस्तो किन नि ?"

"भन्ते ! मेरो मनमा बच्चाप्रति दया-माया हुनाले ।"

"राजकुमार ! ठीक यस्तै म पनि अरूलाई हित हुने भए कहिलेकाहीं कडा शब्द पनि बोल्छु किनकि मेरो मनमा उनी-



Downloaded from http://www.dhamma.digital

हरूको लागि अनुकम्पा छ ।"

विचरो अभय राजकुमारले चूप हुनुपऱ्यो । जवाफ बनेन । यसरी प्रश्नकर्तासँग प्रश्न गरी एक साधारण उदाहरणद्वारा उसैलाई सम्झाउनु बुद्धको काम थियो । त्यति मात्रै कहाँ हो र ? कहिलेकाहीं त बुद्धले आफ्नै विपक्षीको मुखबाट आफ्ना कुरा निकाल्नुहुन्थ्यो । घटना यस प्रकारको छ –

एकपटक सोण दण्ड भन्ने ब्राह्मण बुद्धकहाँ शास्त्रार्थ गर्न गए । बुद्धले सोध्नुभयो "ब्राह्मण ! ब्राह्मणहरूले कसैलाई ब्राह्मण स्वीकार गर्न त्यो व्यक्तिमा के के गुणहरू हुनुपर्दछ ?"

"गौतम ! ब्राह्मणहरू ५ गुणहरूले युक्त हुनुपर्दछ । ती हुन् १) ब्राह्मण कुलीन, २) वेद-मन्त्रमा पारङ्गत, ३) सौंन्दर्यमय, ४) शीलवान्, ५) पण्डित (प्रज्ञावान्) ।"

"ब्राह्मण ! यीमध्ये कुनै एक गुण नभएर पनि ब्राह्मण हुन सक्छ ?"

"सक्छ, भन्ते ? सौन्दर्य नभए पनि कुनै फरक पर्दैन ।"

"बाँकी चारमध्ये कुनै एक नभएमा नि ?"

"वेद-मन्त्र नजान्ने भए पनि ब्राह्मण हुन सक्छ ।"

"बाँकी तीनमध्ये कुनै एक नभएमा नि ?"

"ब्राह्मण कुलको नभएमा पनि कुनै फरक पर्दैन ?"

"बाँकी दुईमध्ये एक नभए ब्राह्मण हुन सक्छ ?"

"गौतम ! सक्दैन । ब्राम्हण हुन शील र प्रज्ञा हुनु अनिवार्य छ ।"

यसरी बुद्धले एक ब्राम्हणको मुखबाट नै ब्राम्हणको परि-



Downloaded from http://www.dhamma.digital

भाषा निकाल्नुभयो जसअनुसार ब्राम्हण हुन गुण (प्रज्ञा र शील) चाहिन्छ, जन्मले ब्राम्हण हुने होइन ।

बुद्धले कठोर तरीकाद्वारा वोध गरेका घटनाहरू पनि 'त्रिपिटक' मा प्रशस्त छन् ( यस तरीकाको कारण माथि उल्लेख भैसकेको छ) । आलवक राक्षस तथा सुदिन्नको घटना उदाहरणको रूपमा लिन सक्छौं । बुद्ध अवस्था हेरेर उपदेश दिनुहुन्थ्यो । जब कुनै घटना घट्तथे तब मात्रै त्यस घटनाको सिलसिलामा उपदेश दिनुहुन्थ्यो हुन पनि हो जब चोटै लागेको छैन भने मल्हमको के काम ? उदाहरणार्थ अर्को एउटा घटना लिऊँ–

एकचोटि भगवान्ले देख्नुभयो कि केहीं भिक्षुहरू अवेर-सम्मन् पनि नाक बजाएर सुतिरहेका रहेछन् । बुद्धले उनी-हरूलाई उठाएर सोध्नुभयो "भिक्षुहरू ! के तिमीहरूलाई कुनै पनि यस्तो राजा थाहा छ जो दिनमा सूर्योदयसम्म पनि नाक बजाएर सुत्थे, तैपनि जनताको प्यारो बनेर जीवनभर राज्य गर्दथे ?"

"भन्ते ! थाहा छैन ।"

"साधु ! साधु !! भिक्षुहरू मलाई पनि थाहा छैन । त्यसैले भिक्षुहरू, हामीले पनि धेरै खानु र सुत्नु हुँदैन र चाँडै उठ्नुपर्छ । हामी पनि जागरूक हुनुपरेको छ ।"

यसरी बुद्धको सफलता उहाँको मनोवैज्ञानिक तवरले उप-देश दिनुमा निहित छ । जुन प्रकारको मानिस हो त्यसलाई सुहाउने उदाहरण दिएर बुद्ध उपदेश दिने गर्नुहुन्थ्यो । कसै-लाई देख्नासाथ यसलाई यस्तो प्रकारको उपदेश चाहिन्छ



Downloaded from http://www.dhamma.digital

भन्ने कुरो बुद्धले एकैचोटि चाल पाइसक्नुहुन्थ्यो । बुद्धको यस मनोवैज्ञानिक गुण यत्ति प्रवल थियो कि मानिसहरूले यसलाई बुद्धको सर्वज्ञाताको रूपमा लिएका छन् ।

*

**"मानवतालाई महानतातिर कतिसम्म डोऱ्याउँछ भन्ने कुरा नै कुनै बास्तविक महान् पुरुषको महात्म्यले देखाउँछ भन्ने हो भने तथागतभन्दा उपल्लो अरू को होला ?"**

**– प्रो. डेविट गोडाई**



Downloaded from http://www.dhamma.digital

# बुद्धको मूल्यांकन आजको विश्वमा

Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धका उपदेश र वर्तमान विश्व

**– देवेन्द्रराज उपाध्याय**

भगवान् बुद्धका उपदेश आजभन्दा पच्चीस सय वर्षअघिको समाजमा जति प्रयुक्त हुन सक्थे, ती आज पनि त्यत्तिकै सशक्त, तर्कयुक्त तथा वैज्ञानिकताले परिपूर्ण छन् । अझ भन्ने हो भने, आजको संसारमा जब मनुष्यसमाज दिन-प्रतिदिन अत्यन्त विनाशकारी शस्त्रहरूको निर्माणमा निर्वाधरूपले राष्ट्र-राष्ट्र-का नाउँमा पारस्परिक प्रतियोगिता गरिराखेको छ, त्यस अवस्थामा प्रज्ञा र करुणाले परिपूर्ण भगवान् बुद्धका उपदेश झन् बढी महत्त्वपूर्ण एवं सारगर्भित देखिन्छन् ।

संसारका मानिसहरू विभिन्न धर्मका अनुयायीका रूपमा विभाजित छन् । प्रत्येक धर्मको आफ्नो-आफ्नो विशिष्टता छ ।



Downloaded from http://www.dhamma.digital

हिन्दू धर्मको अत्यन्त उदारवाद, ईसाई धर्मको ईश्वरप्राप्तिको साधनमध्ये अरूको सेवा-कार्यलाई एक प्रमुख अङ्गका रूपमा मान्यता, इस्लाम धर्मको ईश्वरको सर्वश्रेष्ठतामाथि अत्यधिक श्रद्धा आदि यस्ता विशिष्टताहरू हुन् जसले गर्दा यी धर्मावलम्बीहरूले ईश्वर एवं स्वयंका बीच एक संधिक्रम एवं तादात्म्य कायम गर्ने विभिन्न परम्पराहरू संस्थापित गरे एवं तिनको माध्यमद्वारा मनुष्यका नैतिक मान्यताहरूको निर्धारण गरे । यी धर्महरूले विभिन्न मानव-समुदायका नयाँ समाज, नयाँ सभ्यता एवं नयाँ संस्कृतिको प्रतिष्ठापन गरे ।

ऋग्वेदमा भनिएको छ "यो सृष्टि स्वयं भएको हो अथवा यसको सृष्टि सृष्टिकर्ताबाट भएको हो, सो कुरा सृष्टिकर्तालाई पनि थाहा नहोला ।" यसैको अन्वेषणमा परावर्ती हिन्दू दर्शनहरू आए– उपनिषद, गीता एवं वेदान्त यसैको खोजीमा देखा परे ।

यसै बीच भगवान् बुद्ध पनि आउनुभयो । उहाँले केही मान्यताहरू जस्तो आत्मा एवं त्यसको नित्यताको विपरीत अनात्मता अथवा नैरात्म्यको व्याख्या गर्नुभयो । तर भगवान् बुद्धले सम्यक्संबोधि प्राप्त गर्दा जुन चार आर्य सत्यको ज्ञान प्राप्त गर्नुभयो तथा प्रतीत्य समुत्पादसम्बन्धी जुन विज्ञान र तर्कमा आधारित सिद्धान्तको प्रतिपादन गर्नुभयो । ती यति अकाट्य थिए कि हिन्दूहरूले भगवान् बुद्धलाई भगवान् विष्णुको नवम् अबतारका रूपमा प्रतिष्ठापित गरे ।

प्रत्येक धर्मको लक्ष्य सत्यको अन्वेषण हो तथा बुद्ध धर्मको लक्ष्य पनि सत्यको अन्वेषण हो । तर भगवान् बुद्धले उहाँका



Downloaded from http://www.dhamma.digital

उपदेशमाथि तर्क गर्ने शिक्षा दिँदै महापरिनिब्बान सूत्रमा आफ्ना शिष्यहरूलाई अन्तिम उपदेशमा भन्नुभएको छ – "स्वयंलाई एक ज्योति बनाऊ । स्वयंमाथि विश्वास गर ।" भगवान् बुद्धको यस उपदेशले मनुष्यमा आत्मविश्वास जाग्रत गर्दछ । निश्चय नै मनुष्यले आफ्नो अनियन्त्रित मनमाथि विजय पाउन उसमा आत्मविश्वास हुनु आवश्यक छ । मनुष्यका दुःख, वेदना, विलाप तथा व्यथाको मुहान नै मन हो । मनबाट उत्पन्न हुने अति-तृष्णाको नियन्त्रण गर्न सकियो भने मनुष्यले दुःखमाथि विजय पाउन सक्दछ अनि अन्तमा उसले निर्वाण प्राप्त गर्न सक्दछ । निर्वाणको शाब्दिक अर्थ नै "तृष्णाक्षय" हो । त्यसैले भगवान् बुद्धले 'मज्झिम निकाय' मा परम् "निब्बानम् सुखम्" भनी भन्नुभएको छ ।

भगवान् बुद्धले जब बोधिवृक्षमुनि सम्यक्-सम्बोधि प्राप्त गर्नुभयो, त्यो थियो चार आर्यसत्य । अर्थात् दुःख आर्यसत्य, दुःखसमुदय आर्यसत्य, दुःखनिरोध आर्यसत्य एवं दुःखनिरोध गामिनी मार्ग आर्यसत्य । अर्थात् दुःख, दुःखका कारण, दुःख अन्त एवं दुःख अन्त गर्ने मार्ग, यी नै चार आर्यसत्य हुन् ।

भगवान् बुद्धले दुःख आर्यसत्यको व्याख्या गर्दै भन्नुभएको छ "संसार दुःखै दुःखले भरिएको छ । जन्म दुःख हो, जरा दुःख हो, व्याधि र मृत्यु दुःख हुन् । अप्रिय व्यक्तिको संयोग दुःख हो, कुनै प्रियजनबाट वियोग दुःख हो, आफ्नो आवश्यकताको पूर्तिका निमित्त वृथा संघर्ष गरिराख्नु दुःख हो । मनुष्यको दुःखको कारण निश्चय पनि भौतिक शरीरको पिपासामा एवं सांसारिक रागजनित मोहमा पाइन्छ । मनुष्यको सम्पूर्ण राग-



Downloaded from http://www.dhamma.digital

को जरोमा बस्ने तृष्णालाई हटाउन सकियो भने, रागको अन्त्य हुनेछ र सबै मानव-दुःख समाप्त हुनेछ। भगवान् बुद्ध भन्नुहुन्छ – तृष्णा नभएको एवं दुःख नभएको स्थितिमा पुग्न प्रत्येक व्यक्तिले एक निश्चित मार्ग अपनाउनुपर्दछ अर्थात् त्यो हो आर्यअष्टाङ्गिक मार्ग। सम्यक्दृष्टि, सम्यक्सङ्कल्प, सम्यक्-वचन, सम्यक्कर्मान्त, सम्यक्आजीवन, सम्यक्व्यायाम, सम्यक्-स्मृति र सम्यक्समाधि आर्यअष्टाङ्गिक मार्गका श्रेणीहरू हुन्।

भगवान् बुद्धले 'प्रतीत्य समुत्पाद' सम्बन्धी अत्यन्त वैज्ञानिक सिद्धान्त प्रतिष्ठापित गर्नुभयो। भगवान् बुद्धले प्रतीत्य समुत्पाद-को व्याख्या गर्दै 'मज्झिम निकाय' मा भन्नुभएको छ "अस्मिन् सति इदं भवति" अर्थात् यो भएको कारणले यो हुन्छ। प्रतीत्य समुत्पादको सिद्धान्तकै आधारमा उहाँले मनुष्यको जन्म र जरा-मरणको कारण अविद्या हो भनी निर्धारित गर्नुभएको छ। भगवान् बुद्धले भन्नुभएको छ – भवचक्रमा अविद्याबाट संस्कार, अनि क्रमैले विज्ञान, नाम, रूप, षडायतन अर्थात् ६ इन्द्रियहरू, स्पर्श, वेदना, तृष्णा, उपादान अर्थात् ग्रहण गर्ने इच्छा, भव अर्थात् आवागमन, जाति अर्थात् जन्म र जरामरण हुन्छ। जरामरणबाट पुनः अविद्याको उत्पत्ति हुन्छ एवं रूप, वेदना, संज्ञा, संस्कार विज्ञानको भवचक्रको क्रम फेरि चल्दछ।

भगवान् बुध्दका उपदेश पाँच हजारभन्दा बढी ग्रन्थहरूमा संग्रहित छन्। र ती सबैको व्याख्या एउटा लेखभित्र गर्न असम्भव हुन्छ। तथापि भगवान् बुध्दको उपदेशको व्याख्या आजको शस्त्रास्त्रको उत्पादन प्रतियोगिताको युगको सन्दर्भमा



Downloaded from http://www.dhamma.digital

र शस्त्रास्त्रको उत्पादनको नियन्त्रण गर्न अत्यन्त उपयोगी भएको यहाँ चर्चा गरिन्छ।

आज मानव-संहारका निमित्त परमाणु बमले सुसज्जित हज्जारौं अन्तरमहादेशीय क्षेप्यास्त्रहरू मात्रै छैनन्, एम्. आई. आर. बी. जस्तो एउटै क्षेप्यास्त्रमा वेग्लावेग्लै लक्ष्यलाई ध्वस्त पार्न सक्षम दशभन्दा पनि बढी परमाणु बम राख्ने अत्यन्त विनाशकारी अस्त्र पनि सैकडौंको संख्यामा छन्। यी अस्त्र बाहेक साना अस्त्रहरूमाथि पनि संसारले वर्षको खरवौं डलर खर्च गरी राखेको छ जसको एक प्रतिशत जति वचत गरेर विकासोन्मुख देशहरूमा खर्च गरियो भने पनि यी देशहरूको आर्थिक समृध्दिले नयाँ रूप लिन सक्नेछ।

शस्त्रास्त्रको उत्पादन कम गर्न सकियो एवं त्यो रकम मानव कल्याणमा लगाउन सकियो भने संसारको धेरै हित हुन सक्दछ। उदाहरणार्थ, संसारमा वर्षको सैकडौ लडाकू जेट बिक्दछन्। एउटा यस्तो जेटको मूल्य दुई करोड डलरभन्दा बढी पर्दछ। तर एउटा लडाकू जेटको मूल्यको रकमले चालीस हजार ग्रामीण औषधिकेन्द्रहरू स्थापित गर्न सकिन्छ। यस्तै विश्वको वार्षिक खर्चको एक प्रतिशतको आधाले मात्र पनि कम आय भएका सम्पूर्ण देशहरूमा आवश्यक कृषि औजारहरू खरीद गर्न सकिई सन् १९९० सम्ममा यी देशहरूलाई अन्तमा स्वावलम्बी बनाउन सकिनेछ।

तर यस दिशातर्फ उचित पाइलो चालिएको छैन, कारण विभिन्न देशका शासकहरूले आफ्नो तृष्णा र आशक्तिमाथि विजय पाउन सकेका छैनन्। 'अवनसक–सूत्र' मा भनिएको छ–



Downloaded from http://www.dhamma.digital

"कुनै पनि शासकले आफ्नो देशमाथि शासन गर्ने सर्वोत्तम मार्ग सबभन्दा पहिले आफूमाथि शासन गर्नु हो।" यसका अतिरिक्त भगवान् बुध्दका उपदेशमा कसैले पनि आफ्ना निमित्त मात्र वस्तुहरूको संग्रह गर्नुहुन्न माता-पिताका प्रति छोराको उचित कर्तव्य, पति र पत्नीका निमित्त मार्ग, मन्त्री रकर्मचारीहरूले कस्तो व्यवहार गर्नुपर्छ, न्यायाधीशहरूले अपराधीहरूसित कस्तो व्यवहार गर्नुपर्छ आदि सामाजिक एवं राजनीतिक नैतिकताको मूल्य निर्धारित गरिएको छ।

यदि मनुष्यहरूले चार आर्यसत्य बुझेर, भगवान् बुध्दद्वारा प्रतिपादित मान्यताहरू ग्रहण गर्न सके भने निश्चय नै वर्तमान मनुष्यमाथि देखापरिराखेको विनाशको बादल हटेर जान सक्ने छ एवं मनुष्यमा पूर्ण आत्मविश्वास जाग्रत भई उसले शस्त्रास्त्र-का भय र त्रासरहित नैतिक मान्यताहरूमाथि आधारित एक नयाँ एवं भ्रातृत्वपूर्ण समाजको स्थापना गर्न सक्नेछ एवं सही अर्थमा विश्वशान्ति स्थापित गर्न सक्नेछ।

•

**आजकलको विज्ञान भगवान् बुद्धको अनित्यता तथा अनात्मवादको सिद्धान्तको प्रतिध्वनी हो।**

**– डा. रञ्जन राय**



Downloaded from http://www.dhamma.digital

# मानवताको विकासमा बुद्धको देन

— मीना पाण्डे

इतिहासको पानामा कसैकसैको नाम सुनौला अक्षरमा कोरिएका हुन्छन् । यस्ता मानिसले समस्त विश्वमा आफू एउटा अद्वितीय दृष्टान्त बनेर एउटा सुनौलो र सुकिलो भविष्यका दिग्दर्शन गरिरहेका हुन्छन् । जीवनको मार्मिक र दार्शनिक पक्षलाई अँगाल्ने हो भने सारा संसारमा नै उनीहरू व्यापक बनिरहेका हुन्छन् । जीतमा मात्र होइन हारमा पनि हाँस्न सिकाएर, सुखमा मात्र होइन दु:खमा पनि रमाउने शिक्षा दिएर, उनीहरू अमर बनेका हुन्छन् । यस्तै यस्तै महापुरुषहरू- मध्ये बुध्द पनि एक अद्वितोय, अवर्णनीय र अविस्मरणीय दृष्टान्त हुन् ।



Downloaded from http://www.dhamma.digital

आजभन्दा २६ सय वर्षअगाडि लुम्बिनी अञ्चलस्थित रमणीय लुम्बिनी शालोद्यानमा जन्मेका बुध्द आज केवल नेपालमा मात्र प्रसिध्द नभएर समस्त विश्वमा नै विख्यात हुन पुगेका छन् । आज नदी-नाला र झरनाको प्रत्येक थोपा-थोपाले उनको इतिहास बोलिरहेजस्तो अनि यो धर्तीको धूलाका प्रत्येक कण-कणमा उनी नै केन्द्रित भएजस्तो प्रतीत हुन्छ । प्रत्येक मानवमात्रको हृदयमा उनको लागि स्थान रहेको छ । हरेक वर्ष उनलाई समस्त विश्वले नै श्रध्दाञ्जली अर्पण गर्छ । यसरी बुध्द आज विश्वव्यापी हुन पुगेका छन् ।

बुध्द पनि जन्मजात बुध्द थिएनन् । उनले ज्ञान प्राप्त गर्नेका लागि धेरै त्याग र तपस्या गर्नुपरेको थियो । जीवनका मीठा र तीता अनुभूतिहरू, आँसु र हाँसोको मार्मिकता र माधुर्यहरू, अनि जीवनका घात-प्रतिघातहरू आदि सबैसँग संघर्ष गरेर मात्र उनले आफ्नो सफलता हासिल गर्न सकेका थिए। एउटा राजकुमार भएर पनि, भविष्यको राजा भएर पनि भौतिक विषयवस्तुपट्टि पटक्कै नलागेर उनले बुध्दत्व प्राप्त गरे । एउटा फूलजस्तो, पानीको फोकाजस्तो अनि एउटा सपनाजस्तो जीवनलाई योग्य तरीकाबाट उपयोग गरी उनले समस्त विश्वलाई नै लाभान्वित पारेका छन् ।

बुध्द शुध्द र निरञ्जन थिए । ज्ञानको खोजमा उनी ज्यादै तन्मय र तद्रूप भएका थिए । उनले मानवताको महान् सन्देश दिएर सारा संसारलाई ऋणी बनाएका छन् । आज संसारले उनलाई मान्ने कारण पनि यही नै हो ।

मान्छेले मान्छेलाई मान्छेजस्तो व्यवहार गर्नु नै वास्तविक



Downloaded from http://www.dhamma.digital

अर्थमा मानवता हो । बुद्धको संपूर्ण दर्शन प[illegible] मानवतामा नै आधारित छ । वास्तवमा मान्छेलाई साधा[illegible] मान्छेबाट महान् आत्मा र महापुरुष बनाउने यही मानवता [illegible] हो । मानवताका यी महान् प्रतिमूर्ति आफ्ना अनुभूतिक अभिव्यक्तिहरू कहीं कहीं यसरी व्यक्त गर्छन्—

नपरेसं विलोमानी-नपरेसं कताकतं
अत्तनो व अवेक्खेय्य-कतानि अकतानिच

अर्थात् अर्काको दोष र अर्काले के गर्‍यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरें के गरिन भनी हेर्नु नै बेस छ ।

यो सहस्सं सहस्सेन-सङ्गामे मानुसे जिने
एकञ्च जेय्य अत्तानं-सवे सङ्गाम मुत्तमो ।

अर्थात् लडाईंमा हजारन्लाई जित्नुभन्दा आफूलाई जित्नसक्नेलाई संग्रामजोत भन्दछन् । राम, कृष्ण, क्राइष्ट आदि सबैलाई ईश्वर भनेर मानेको पनि यही कारणले हो । सगरमाथा जस्तै विशाल, चन्द्रको ज्योत्स्ना जस्तै शीतल, फूल जस्तै कोमल, एउटा शिशुको मुस्कान जस्तै निर्मल भावनाले नै उनीहरू एउटा साधारण मानवबाट 'महामानव" अथवा ईश्वर बन्न पुगे । बुद्ध पनि मानवताको यही अटल भावनाले मर्दा नै 'महात्मा बुद्ध" बन्न पुगे । तर आज विश्वमा यो पवित्र भावना दिनप्रतिदिन ह्रास हुँदै गए जस्तो प्रतीत हुन्छ । मान्छे मानवतालाई भुसुक्कै बिर्सेर दानवतातिर अघि बढ्दैछ । आज मानवता अतीतका स्मृतिहरूमा अल्झिँदै रहिरहन थाले जस्तो



Downloaded from http://www.dhamma.digital

लाग्छ। आजका मान्छेहरू मान्छेकै रगतका प्यासा छन्। धरतीमाथिको विजयसँग झण्डै झण्डै अघाएर चन्द्रमामाथि पनि आफ्नो प्रभुत्व र अधिकार जमाउन सफल भइसकेको मान्छे, मान्छेसँग नै लडिरहेछ र जुधिरहेको छ। भौतिक र वैज्ञानिक विकासको पराकाष्ठामा पुगिसके तापनि कसैको मुटुमा शान्ति र सन्तुष्टिको धडकन र ढुकढुकी पाइँदैन। सबैको मुटुमा एउटा नमीठो सुस्केरा, अशान्ति र कोलाहल मचिरहेको छ। शान्तिको लागि ठूल-ठूला संस्थाहरूको स्थापना भए पनि, ठूल-ठूला बडापत्रमा हस्ताक्षर गरिए पनि अनि शान्तिकै लागि सेता परेवा उडाए पनि संसार अशान्ति, क्रान्ति र कोलाहलले दोलायमान भइरहेछ। विश्वशान्तिको लागि स्थापना भएको संस्थाकै झण्डामुनि आज वर्षौंदेखि रक्तपात भइरहेको छ। बुद्धको अमूल्य र पवित्र सन्देशको अनुशरण गरेको भए आज संसारले यो समस्याको सामना गर्नुपर्ने थिएन होला। हुन त संसारमा बुद्धधर्मावलम्बीहरू थुप्रै पाइन्छन्। तर यसो हुँदैमा काम तमाम हुँदैन। उनको सिद्धान्तको अनुसरण गर्नु नै शुद्ध बुद्धधर्मावलम्बी हुनु हो। उनको लागि सबैभन्दा ठूलो र पवित्र श्रद्धाञ्जली नै यही हो। विस्मृतिको अथाह गर्भभित्र लुकेको मानवतालाई स्मृतिको हृदयमा राख्ने मूल साधन नै बुद्धको सन्देशको अनुसरण गर्नु हो। बुद्धका अमूल्य सन्देशहरू जस्तो : १) शोषण नगर्नु २) इन्द्रियहरूको निग्रह गर्नु ३) सत्य बोल्नु आदि, आदिभित्र नै मानवताका महान् गुणहरू समावेश भएका छन्। हिन्दू धर्मले पनि यही कुरालाई अँगाल्छ।



Downloaded from http://www.dhamma.digital

बुद्धको मानवताको सन्देश चिरन्तन, शाश्वत युगान्तकारी र चिरञ्जीवी छ। मानवता यो एउटा यस्तो किसिमको शास्त्र हो जसले आफू पनि बाँच्न र अरूलाई पनि बचाउन सिकाउँछ। मानवता एउटा यस्तो किसिमको फूल हो । जसले आफू पनि हाँस्न र अरूलाई पनि हँसाउन सिकाउंछ। अनि मानवता एउटा यस्तो किसिमको सागर हो जो आफूमात्र पवित्र नभएर समस्त विश्वलाई नै पवित्र बनाउँछ। अर्को शब्दमा, मानवताले सधैं नै एउटा नयाँ युगको आमन्त्रण, प्रादुर्भाव र आह्वान गरिरहेको हुन्छ। मानवताको यही सशक्त, सबल, महान्, अमूल्य र अमर सन्देशले नै गर्दा आज विश्वमा बुद्धको आफ्नै प्रकारको अस्तित्व र व्यक्तित्व रहन पुगेको छ।

यसैले आज मानवताको महान् र पवित्र भावनालाई अंगालेर एउटा सिर्जनात्मक विद्रोहको आवश्यकता परेको छ। बुद्धको यही सिद्धान्तको अनुसरण गरेर नै आफू हाँसेर विश्वलाई हँसाउनु परेको छ। बुद्ध जस्तो सपूत छोरालाई जन्माएर नेपाल आमाले साँच्चि नै विश्वलाई नै ऋणी बनाएकी छन्।

**अरू कुनै पनि धर्ममा विद्यालाई त्यति महत्त्व दिई अविद्यालाई निम्नस्थान दिइएको पाइन्न जति बौद्ध-धर्ममा पाइन्छ।**

**— इ.जे. मिलर**



Downloaded from http://www.dhamma.digital

# बुद्धको परम्परा जाति र स्थानविशेषमा

Downloaded from http://www.dhamma.digital

# बुद्धको परम्परा मानव जातिमा

– माधवलाल कर्माचार्य

भगवान् बुद्धले अढाई हजार वर्षअगाडि कठोर साधना गरी जुन सम्बोधि प्राप्त गर्नुभयो त्यो केवल उहाँको आफ्नो लागि नभै सम्पूर्ण मानव जातिको लागि थियो। यसैले त्यो परमज्ञान प्राप्तिको लागि जुन दृढ भाव लिई जुन दृढ अठोट गर्नुभयो त्यही अठोट उहाँले त्यसको प्रचार सम्पूर्ण मानव मनमा गर्नको लागि पनि त्यही दृढ भावले गर्नुभयो । यो कुरा उहाँले बुद्धत्व प्राप्त गरिसकेपछि मारले आई "परिनिर्वाण हुन" अनुरोध गर्दा "म त्यो वेलासम्म परिनिर्वाण हुन्न जबसम्म म्हारा भिक्षुहरू, श्रावकहरू राम्ररी प्रशिक्षित भइसकेका हुन्नन्, विनययुक्त, विशारद, बहुश्रुत, धर्मधर, धर्ममार्गमा ठीकसित पाइला टेकेका



Downloaded from http://www.dhamma.digital

र धर्मानुसार आचरण गर्ने हुँदैनन्, आफ्नो सिद्धान्त गुरुसँग राम्ररी सिकेर लिई व्याख्या गर्ने, अरूलाई बताउन र प्रतिष्ठित गर्न जानेका हुँदैनन्, छुट्याउन सक्ने भएका हुँदैनन्, स्पष्ट गर्न सक्ने भएका हुँदैनन्, अरूले लगाएको अपवादलाई धर्मानुसार जाँची प्रातिहार्यको साथै धर्मको उपदेश गर्ने हुँदैनन्, अनि जबसम्म यो ब्रह्मचर्य समृद्ध, उन्नत, प्रचार भई धेरै मानिसले मानिने हुँदैन र धेरैजसो देव-मनुष्यको बीचमा प्रकाशित भएको हुँदैन" भनी स्पष्ट शब्दमा दिनुभएको उत्तरबाट छर्लङ्ग हुन्छ।

यसबाट उहाँमा आफूले साधनाद्वारा प्राप्त गरेको सत्य मानव मात्रको लागि हो, त्यसैले अन्ततोगत्वा मानव मात्रको हित गर्छ भन्ने दृढ धारणा रहेको कुरा पनि स्पष्ट हुन्छ। यो कुराको झलक उहाँले राजगृहको गृध्रकूट पर्वतमा दोस्रो धर्मचक्र प्रवर्तन गर्नु हुँदा, "वास्तविक कुरा के हो भने म मरे पनि म निर्मूल हुने छैन र सदासर्वदा यहीं बसी धर्मदेशना गरि-रहन्छु" भन्नुभएकोमा पनि पाइन्छ।

उहाँले त्यो वेला स्पष्ट शब्दमा भन्नुभएको थियो, "म यहाँ यस गृध्रकूट पर्वतमा र अन्य सबै ठाउँमा विद्यमान भई नै रहन्छु। कल्पान्तमा जब संसारहरू एकपछि अर्को गर्दै ध्वस्त हुँदै जान्छन् त्यसवेला शान्त र सुस्थिर भएर रहने, सुखपूर्वक देवता र मनुष्यले वास गर्ने एउटै मात्र क्षेत्र मेरो क्षेत्र हुनेछ। त्यहाँ नाना रत्नजडित भएका प्रासादहरू हुनेछन्, नाना फूलहरू र फलहरूले शोभायमान भएका उद्यानहरु हुनेछन्, तिनीहरूले त्यहाँ भेला हुने सबैको मन आनन्दले प्रफुल्ल पारी रहनेछन् र देवताहरूले स्वर्गीय बाजाको तालमा गाएका गीतहरूको मधुर



Downloaded from http://www.dhamma.digital

गुञ्जन चारैतिर व्याप्त भईरहनेछ र मेरो महासङ्घमाथि मन्दार पुष्पको मधुर वर्षा भइरहनेछ । मेरो यस्तो धर्मप्राण, पवित्र भूमि कहिल्यै विनष्ट हुनेछेन, सधैं रहिरहनेछ ।

वास्तविक कुरा के हो भने, पहिले त अध्ययन गरी, पछि खूद अनुभव गरी, अनुशीलन गरी अन्तमा चर्चा गरी, ध्यान गरो प्रज्ञाद्वारा जुन चार आर्यसत्य भेट्टाउनुभयो, आर्यअष्टाङ्गिक मार्ग पत्ता लगाउनुभयो र प्रतीत्य समुत्पादको विकास गर्नुभयो, त्यो नै परम् सत्य हो, त्यो नै 'वहुजन हिताय, वहुजन सुखाय' हो भन्ने उहाँले देख्नुभएको थियो र त्यसैमा उहाँ विश्वस्त हुनुभयो । सम्वोधि प्राप्त गरिसक्नुभएपछि पञ्चभद्र वर्गीय ब्राह्मणहरूलाई सम्वोधन गरी सारनाथमा प्रथम धर्मचक्र प्रवर्तन गर्नु हुँदा "हे तपस्वीहरू ! तिमीहरूले मलाई आयुष्मान गौतम भनी सम्वोधन नगर, अब म शास्ता हुँ किनभने मैले चरम् सत्यलाई जानी लिएको छु र अमृतको मार्गलाई देखेको छु । म बुद्ध र निष्पाप हुँ । म जन्म र मरणरहित भएको छु" भनो विना कुनै हिच्किचाहट उद्घोष गर्न सक्नुभएको कारण पनि यही नै हो ।

यसैले 'चरथ भिक्खवे, चारिकं' भनी उपदेश दिनु हुँदै भिक्षुहरूलाई "वहुजनको हितको निमित्त, वहुजनको सुखको निमित्त, लोकमाथि दया गर्नेको निमित्त तथा सुखको निमित्त विचरण गर । भिक्षु हो, धर्मदेशना गर, आदिमा पनि कल्याण हुने, अन्तमा पनि कल्याण हुने, सार्थक, सव्यञ्जन, केवल परिपूर्ण, परिशुद्ध भएको ब्रह्मचर्यको प्रकाश गर" भनी सम्वोधन गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

वास्तवमा उहाँले नै पनि निरन्तर पैंतालीस वर्षसम्म सालको चार महीना छोडेर कहिले कता कहिले कताको भ्रमण गरी कल्याणमार्गको प्रचार गर्नुभयो । कहिलेकाहीं त मुक्तिलाभी विशिष्ट व्यक्तिहरू आफ्नो ज्ञानमा देखिन आए भने घरमुनि-सम्म मात्र होइन कार्यशाला र खेतखेतमा समेत गई उपदेश गर्ने गर्नुभयो ।

कालान्तरमा उहाँद्वारा यसरी वितरित भएको ज्ञान, बताइएको मार्ग, कुनै एक जाति वा स्थानमा सीमित नभै बाहिर पनि फैलिन गयो । यसबाट मानवजातिलाई कल्याण हुने कुरामा पूर्णरूपले विश्वस्त भएका भारतका सशक्त सम्राट् अशोकले ईशापूर्व तृतीय शताब्दीतिर यसको प्रचार-प्रसारको लागि विशेष उद्योग गरी छुट्टै मन्त्रीमण्डल नै खडा गरिदिएर शीला-लेख राख्ने, कर्मचारीहरूद्वारा धर्मोपदेश दिन लाउने, धार्मिक नियम बनाउने, ठाउँ-ठाउँमा प्रचारकहरू पठाउने तथा धर्मसभा गराई बौद्धधर्मका सिद्धान्तहरू लिपिवद्ध गराउने गरेबाट देश-विदेश धेरै ठाउँमा यसको अनुशीलन हुन गयो । विदेशमा यसको प्रचार श्रीलङ्का, सिरिया, साइरीन, मेसेडोनिया, इपिरस आदि एशिया, यूरोप, अफ्रिकासम्म हुन पुग्यो ।

ईसापूर्व प्रथम शताब्दीतिर यसले भारतको पश्चिमोत्तर सीमा नाघेर बीचका सारा प्रदेशलाई दीक्षित गर्दै पूरा मध्ये एशिया तथा चीनतिर अग्रसर भयो । अर्को दुई तीन शताब्दीको बीच जापान, कोरिया, मङ्गोलिया आदि दर्जनौं देशमा समेत यस सद्धर्म सुप्रतिष्ठित भयो । यसप्रकार यसको प्रसार कालान्तरमा



Downloaded from http://www.dhamma.digital

दक्षिण–पूर्व एशियामा लावस, क्याम्वोडिया, थाइल्याण्ड, वर्मा, फिलिपिन्स आदि र पश्चिमी गोलार्द्धतिर अमेरिका, इङ्ग्ल्याण्ड, स्पेन, इटाली, फ्रान्स, पेरुभिया, मेक्सिको, व्राजिल, रूस, हंगेरी, नेदरल्याण्डस्, आदि ठाउँमा पनि हुँदै गयो । प्राचीन धर्मसित आत्मसात् भएर लामा धर्मको रूपमा भए पनि भोटमा यस धर्मले आफ्नो मूल तत्वको जग कायम गर्‍यो । सन् १९६७ को अध्ययनअनुसार ससारमा बौद्धमार्गीहरूको कूल जनसख्या विशेष गरी श्रीलङ्का, चीन, कोरिया, जापान र दक्षिण–पूर्वमा मात्र सोह्र करोड भएको अन्दाज गरिएको छ ।

यस सन्दर्भमा नेदरल्याण्डस्को राजधानी हेगमा सञ्चालित 'बौद्धयान सेन्ट्रम' नामको बौद्धयान केन्द्र र जापानको राजधानी टोकियोमा प्रधान कार्यालय भै पूर्व–पश्चिम गरी विश्वका तेह्र–चौध देशहरूमा सञ्चालित रेयूकाई संस्थाको उल्लेख गर्नु समयोचित होला । यस बीशौं शताब्दीको परिवर्तित परिस्थितिको मागअनुरूप खुलेका यी दुई संस्थाहरूमा नेदरल्याण्डस्को 'बौद्धयान सेन्ट्रम' ले डच जीवनपद्धति र संस्कृतिमा बुद्धको विशुद्ध शिक्षालाई एकीकृत गर्दै लाने लक्ष्य लिएर नियमित रूपले बौद्ध ध्यान कार्यक्रम र बौद्ध शिक्षा कक्षा सञ्चालन गर्नुको अतिरिक्त शिक्षालयहरूमा प्रवचनको आयोजना, आध्यात्मिक सहयोग, रोगीको सेवा, भोजनदान, बौद्ध साहित्यको प्रचार आदि गर्ने गरेको छ भने विश्वभर गरी २६०,००,००० सदस्य भएको रेयूकाई संस्थाले अन्तरात्माको विकास, आफ्नो गोलको विस्तार तथा पूर्वजहरूको

Downloaded from http://www.dhamma.digital

सम्झना यी तीन थरीको माध्यमद्वारा सर्वसाधारण गृहस्थीको लागि आ-आफ्नै स्थिति रीति र धर्ममै कायम रही, भगवान् बुद्धका उपदेशहरूको आफ्नो जीवनमा अनुशीलन गर्न सघाउ पुग्ने अभियान चलाइरहेको छ ।

जे होस्, अढाइहजार वर्षपूर्व अकेला अग्रसर भएका एकजनाको सम्बोधि, अठोट र धारणा आज अनेक मानिसको सम्बोधि अठोट र धारणा भएर परम्पराको रूपमा अगाडि बढ्दो छ । त्यो वेला एक ठाउँको एक ठाउँको जातिको भएर हुर्केको त्यो परम्परादेश, काल, परिस्थितिअनुसार केही भिन्न भएर पनि अनेक ठाउँको, अनेक ठाउँको जातिको भएर फैलिंदो छ। भगवान् बुद्धको बुद्धत्वको यो परिचायक हो । 'म मरे पनि म निर्मूल हुने छैन'' भन्ने सत् वचनको यो सत् स्वरूप हो ।

*

"बुद्ध-मूर्तिले एउटा प्रतीकको रूपमा आफ्ना भक्त-जनहरूलाई मात्र होइन अपितु हरेक चिन्तनशील व्यक्तिलाई नै प्रेरित गर्दछ किनभने यसले सन्तुलन, सौम्यता, शान्ति, अन्तर्लीन, पवित्राचरण, व्यक्तित्व, सौन्दर्य, भद्रता, विनम्रता, विश्रान्ति तथा परिपूर्ण ज्ञान प्रस्तुत गर्दछ ।"

– हजरत इनायत खाँ ('सूफी-सन्देश')



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# सार्क देशहरूमा बुध्दधर्म

भिक्षु सुदर्शन
भिक्षु मैत्री

बुद्धको शान्तिसन्देश राजनीतिक वा प्राकृतिक सीमानाभित्र कुंठित, छैन, न त क्षणिक एवं तात्कालिक प्रभावमा आवद्ध छ। यसकारण कुनै देश विशेषको बुद्धधर्म वा बौद्ध संस्कृति भन्नु युग अपेक्षित रूपको राजनीतिक र प्राकृतिक सीमानाभित्र रही अवधारण लिनु हो। त्यस्तै बुद्धको शान्तिसन्देश प्रचार र प्रसारमा तथा बौद्ध संस्कृतिको विकासमा संसारका अनेकानेक देशको अविस्मरणीय देन छ। बुद्धको शान्ति सन्देश प्रचार, प्रसार र बौद्ध संस्कृतिको विकासमा अविस्मरणीय देन भएका देशहरूमध्येमा सात देशहरूको देन बारेमा चर्चा गर्दै छौं।



Downloaded from http://www.dhamma.digital

जुन देशहरू आज सार्क राष्ट्रहरूको रूपमा परिचित छन् । र पारस्परिक रूपमा विश्वशान्तिमा योगदान गर्न तत्पर छन् ।

भगवान् गौतम बुद्धको जन्मबाट बौद्ध संस्कृतिको प्रारम्भ हुन्छ । लुम्बिनी गौतम बुद्धको जन्मस्थल रह्यो । कपिलवस्तु र देवदह उनका पितृभूमि र मातुलभूमि हुन् । जातक, ललितविस्तर, बुद्धचरित्र, महावग्ग, सुत्तनिपात आदि त्रिपिटकका ग्रन्थहरूमा कपिलवस्तुको आर्थिक, सामाजिक र साँस्कृतिक विशेषत: प्राकृतिक वर्णन अन्यत्र मनमोहक रूपमा गरिएका छन् । कपिलवस्तुमा सिद्धार्थले २९ वर्षसम्म आफ्नो जीवन बिताए । बुद्धत्व प्राप्तिपछि बुद्ध कपिलवस्तु, लुम्बिनी र देवदहमा आउनुभई आफ्नो शान्तिसन्देश सुनाउनुभएको थियो । आफ्ना पुत्र राजकुमार सिध्दार्थले गृह नत्यागोस् भनी चाहने राजा शुध्दोदनबाट बुध्दको शान्तिसन्देशको महत्वमा प्रकाश पार्दै शान्ति सन्देश प्रचारको अभियानमा सक्रिय रूपमा सहयोगी बन्न भिक्षु भइदिन धेरैसँग अनुरोध गरेका थिए । बुध्दको भिक्षु संघमा सबभन्दा पहिलो भिक्षु बन्ने ५ जना भिक्षुहरू कपिलवस्तुकै पञ्चभद्रवर्गीय थिए । राजकुमार सिध्दार्थका काकाका छोरा नन्द, आफ्नै छोरो राहुल पत्नी यशोधरा दूध पिलाएर सिध्दार्थलाई हुर्काउने सानी आमा महाप्रजापति गौतमी, काकाको छोरा आनन्द जस्ता स्वजन देखि लिएर हजारौं शाक्य र कोलिपपुत्रहरू बुध्दशासनमा प्रव्रजित भए । बुध्दको शान्तिसन्देशको प्रचार कार्यमा बुध्दकालीन समयमा मात्र नेपालबाट ठूलो योगदान भएको थिएन अपितु बौध्द वाङमय, कला र वास्तुकलाको विकासमा



Downloaded from http://www.dhamma.digital

पनि अतीत कालदेखि लिएर आजसम्म योगदान गर्दै आएको छ । ईशाको चौथो शताब्दीतिर चीनमा बसेर बौध्द बाङमय अनुसार कार्य गरी साँस्कृतिक प्रसारमा गरेको योगदानमा भृकुटीले साँस्कृतिक सौन्दर्य थपिदिएकी थिइन् । अरनिकोको वास्तुकला क्षेत्रका देनबाट यसलाई झन सुदृढ व्यापक बनाई दियो । नेपालको बौध्द संस्कृतिको मौलिक विशेषता कतिसम्म भन्ने कुरा नेपालमा भएको चतुर्थ र पन्ध्रौं विश्व बौध्द सम्मेलनबाट स्पष्ट हुन्छ ।

भगवान् बुध्दको जन्म लुम्बिनीमा भए झैं वहाँको सम्बोधि लाभ भारतको बुध्दगयामा भएको थियो । प्रथम धर्मोपदेश धर्मचक्र सूत्र देशना सारनाथमा गर्नु भै ४५ वर्षसम्म भारतको कुनाकाप्चामा जानु भै बुध्दले धर्म प्रचार गर्नुभयो । बुध्दका अग्रश्रावक सारिपुत्र र मौद्गोल्यायन मगध निवासी थिए । कुशीनगरमा बुध्दको परिनिर्वाणपछि धर्म र विनयको संगायना पनि राजगृह नजीक सप्तपर्णि पाषाण गुफा भित्र सम्पन्न भएको थियो । बौध्द संस्कृतिको विस्तारमा एशियाका विभिन्न मुलुकहरूमा अझ केही यूरोपीय देशमा समेत बुध्दको शान्ति-सन्देश पुऱ्याउने श्रेय भारतका सम्राट अशोकलाई छ । सम्राट् अशोकमा छोरा महेन्द्र र छोरी संघमित्ताले भिक्षु तथा भिक्षुणी भई श्रीलङ्कामा जुन बौध्द संस्कृतिको बीजा-रोपण गर्नुभएको थियो । त्यसै संस्कृतिलाई श्रीलङ्कावासीहरूले आज आफ्नै संस्कृति सम्झेका छन् । बौध्दसंस्कृतिको विस्तार-मा कनिष्क र मिलिन्दको अविस्मरणीय देन छ । नागार्जुन,



Downloaded from http://www.dhamma.digital

शान्तरक्षित, धर्मकीर्ति दिङनाग, असंग जस्ता दार्शनिक आचार्य र बुध्द घोष जस्ता अर्थकथा आचार्यलाई बौध्द दार्शनिक वाङमयले कहिल्यै बिर्सन सकिंदैन । अजंता एलोरा नासिकका गुफा विहारभित्रको कला र वस्तुकला बौध्द-संस्कृतिका अलौकिक प्रतिभा सौन्दर्यहरू हुन् ।

श्रीलङ्काको इतिहासको आधारशिला नै बुध्दधर्म र बौध्द संस्कृतिको हो । यस तथ्यबाट बौध्दहरू जति परिचित हुन् रामायणका पाठक श्रीलङ्काबाट उत्तिकै परिचित छन् । अशोकको छोरी संघमित्ताले लगेको बोधि वृक्षलाई बचाएर तथा पुनः विभिन्न देशहरूमा बोधिवृक्षारोपण गरेर गराएर बुध्दलाई बुध्द भएको वेला शीतल छहारी दिने वृक्षलाई आजसम्म अक्षुण्ण जीवित तुल्याउने श्रेयलाई बौध्दजगत् बिसन सक्तैनन् । बुध्दको शान्तिसन्देश मौखिकरूपमा सुरक्षित परम्पराको ठाउँमा सम्पूर्ण बुध्दवचन पालि त्रिपिटकलाई लिपिवध्द गरेर बौध्द सस्कृतिलाई पूर्ण सजीव, प्रामाणिक संकेतन प्रदान गरेको छ । १९-२० औं शताब्दीमा बौध्द संस्कृति फैलाउन सकेको श्रीलङ्काकै हिक्कडुवे सुमंगल, गुणानन्दादि विद्वान्हरूको आशोर्वादका फल हो । यूरोपका विद्वान्हरूमा पालिवाङ्मय संचेतना फैलियो । ब्रिटेन, फ्रान्स जर्मनी आदि देशहरूमा अन्वेषण तथा उत्खनन गर्न लहर फैलियो । दिशा निर्देशन र वैज्ञानिक गति प्रदान भयो । अनगारिक धर्मपालको प्रयासबाट बुध्दगया र सारनाथमा पुनर्निर्माण भयो । महाबोधिसभाको स्थापना भयो । र अनेक साँस्कृतिक कार्य हुनसक्यो । डा. मललशेखरको प्रयासबाट



Downloaded from http://www.dhamma.digital

*W.F.B.* विश्व बौद्ध भ्रातृत्व मण्डल जस्तो अन्तर्राष्ट्रिय सम्बन्ध मैत्री तथा साँस्कृतिक सम्बन्धको विस्तार गर्ने बौद्ध सस्थाको स्थापना भयो ।

श्रीलङ्काको नजीक रहेको मालदीपमा बौद्ध धर्म, बौद्ध संस्कृतिको प्रभाव पर्नु स्वाभाविक रह्यो । फलस्वरूप त्यहाँको ग्रैण्ड मोस्क चर्चमा बौद्धविहारको आकृति देख्न सकिन्छ । पहिले यो बौध्द बिहार नै हो भनी त्यहाँका वासिन्दाहरू भन्ने गर्छन् । त्यस्तै मालदीपको राष्ट्रिय संग्रहालयमा क्यान्डी शैलीका वास्तुकला, चित्रकला शिलाकला आदि मौजूद छन् । हाल त्यहाँ बौध्दहरूको संख्या कम भएता पनि पहिले धेरै भएको अनुमान इस्लाम धर्म आउनुभन्दा पहिले यहाँ बुध्दधर्मको प्रभाव ठूलो मात्रामा रहेको कुरा त्यहाँ भेट्टाइएका मन्दिर तथा तीर्थका खण्डहरहरूवाट थाहा पाउन सक्छौं ।

बङ्गलादेशमा बुध्दधर्मको प्रवेश कहिलेदेखि भएको हो भन्न गाह्रो भएता पनि अशोकको समयभन्दा पहिले नै यहाँ बुध्दधर्म प्रवेश भैसकेको कुरा तेश्रो शताब्दीको एउटा शिलालेखबाट स्पष्ट हुन्छ । पाँचौं शताब्दीसम्म कामिलाको चारैतिर अनेक विहार र चैत्यहरू बनिसकेका थिए । यहाँको एउटा प्राचीन विहारको नाउँ "राजविहार" राखिएको छ । बङ्गलादेश बौद्ध संस्कृतिको प्रचारपछि इस्लाम, पोर्चुगीज र अंग्रेज शासनको प्रभावमा बुद्धधर्मको परम्परा अक्षुण्ण रूपमा आजसम्म कायम गर्न सकेको छ । त्यहाँको अरकन सीमा नजीकका थुप्रै जनजातिहरूको संस्कृतिकै बौद्धसंस्कृति र धर्म बुद्धधर्म रहेको छ । चक्माका बौद्धहरू आफूलाई कपिल-

Downloaded from http://www.dhamma.digital

वंस्तुका वंशज मान्दछन् । चटगाउँको उत्तरपूर्वमा १५।१६ वटा गाउँहरू बुद्धधर्मलाई मात्र मान्ने गर्दछन् र यस ठाउँलाई विजिखाली भन्दछ । विजिखाली वैशालीवाट आएका मानिसहरूले वनाएका कृत्रिम ताल हो । बङ्गालीबरूवाहरू बौद्ध हुन् । वरूवाको अर्थ आर्य अथवा उच्च सैनिक कमाण्डर हो । वरूवा जातिमा छोराहरू सबै एकपटक अवश्य श्रामणेर वा भिक्षु हुनुपर्दछ । जस्तै नेपालमा शाक्य वज्राचार्यहरूको जीवनमा एकपटक चूडाकर्म गर्ने चलन छ । बङ्गलादेशले थप्रै बौद्धदार्शनिक कलाकार र धर्मदूतहरू दिएका छन् । भिक्षु शीलभद्र प्रसिद्ध दार्शनिक मात्र थिएन नालन्दाका प्रमुख आचार्य पनि थिए, दीपकर श्रीज्ञानलाई कसले भुल्न सक्छ । जसले वृद्धावस्थामा नेपाल झैं तिब्बतमा गई बुद्धधर्म र बौद्धसंस्कृति प्रचार प्रसार गरे । भिक्षु दानशीलले ६० वटा भन्दा बढी तन्त्रयानका पुस्तकहरू तिब्बती भाषामा अनुवाद गरे । बङ्गलादेश भन्नु नै बौध्द संस्कृति झल्काउने देश हो । त्यहाँ कहीं खन्दा जोत्दा यत्र तत्र सर्वत्र बौध्द विहार र स्मारकहरू अवशेष देखापर्ने गर्छन् ।

गान्धार बौध्दकलाको मुख्य केन्द्र हो । कुषाण राजाहरूको प्रभावले बौध्दकलाको प्रगति भएको मान्न सकिन्छ । अशोक लिपि १४ वटा यहाँ भेट्टाइएका छन् । पेसावरको संग्रहालयमा रहेको गान्धार युगको चैत्य पहिलो शताब्दीको कणिष्क राजाको पालामा निर्माण भएको मानिएको छ । यसको १५ फीट उँचाई र २० फूट गोलाई छ । त्यहाँ अहिलेसम्म मौजूद भएका स्तुपहरूमा राजषाको ढुङ्गाको स्तुप, मोहरा मोरादु



Downloaded from http://www.dhamma.digital

स्तूप, धर्मराजिक महास्तूप पहारपुरस्तूप, कुणालस्तूप आदि उल्लेखनीय हुन् ।

त्यस्तै भूटानमा महायानी बौध्द सम्प्रदाय अहिलेसम्म विद्यमान छ । त्यहाँको राष्ट्रधर्म नै बौध्दधर्म र आफ्नो संस्कृति बौद्धसंस्कृति मानेका छन् । आफ्नो परिवारमा एकजना भिक्षु बनाउने प्रचलनमा प्रत्येक भूटानीहरूको चलन छ । मन्त्र-यानको मूख्य केन्द्र मानिन सक्ने भूटानमा भव्य तथा ठूल-ठूला मन्दिरहरू यत्रतत्र देख्न पाउँछौं । बुद्धजीवनीसम्बन्धी दुष्कर चर्याको अलौकिक मूर्ति तक्षशिलामा पाइएको पाकिस्तान संग्रहालयमा राखिएको छ ।

**संसारमा जति पनि धर्म–संस्थापकहरू भए तिनीहरूमध्ये भगवान् बुद्धलाई मात्र त्यो गौरव प्राप्त भएको छ जसले मानिसमा मूलरूपमा विद्यमान त्यो निहित शक्तिलाई चिनेर त्यस शक्तिद्वारा बाह्य निर्भरताबिना मोक्षको बाटो समात्न सकिन्छ ।**

**– प्रो. डेविड गोर्डड**



Downloaded from http://www.dhamma.digital

# बुध्द धर्म र दर्शनको विस्तार

– केदार शाक्य

संसारमा सबै धर्मको प्रादुर्भाव एशिया महादेशबाट नै भएको मानिन्छ । एशिया महादेशबाट अद्भुत भएको धर्मलाई पश्चिमी मुलुकका मानिसहरूले पनि ग्रहण गर्न थालेको देखिन्छ ।

इसापूर्व छैठौं शताब्दीमा लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमले प्रतिपादित नगरेको धर्मलाई बुद्ध धर्मको रूपमा लिइन्छ। त्यस युगमा मानिसका विचार, उच्च आकाक्षा, प्रयोगात्मकता र साहसिक बैचारिक लगानीलाई धार्मिक चिन्तनको कसीमा निखारिन्थ्यो । धार्मिक गुतहरू तथा पूर्वी र पश्चिमी मुलुकका योगीहरूबीच प्रायः समकालीनता त्यस



Downloaded from http://www.dhamma.digital

युगमा थियो । धर्मको इतिहासमा यो एउटा चरम उपलब्धिको युग अर्थात् स्वर्ग युग थियो ।

यस समयमा ग्रीस तथा रोमका धार्मिक र सामाजिक अवस्थामा पनि आमूल परिवर्तन भएको ऐतिहासिक दृष्टान्त पाइन्छ । यस शताब्दीमा ग्रीसमा हेराक्लिटस्को सिद्धान्तको प्रचूर प्रवाह थियो । प.इथागोरसले आफ्ना प्रसिद्ध अध्ययन केन्द्र सञ्चालन गरिरहेका थिए ,भने इजरायलमा इसाको भविष्यवाणीले विश्वशान्तिको सपना ब्यूँझेको थियो ।

चीनमा लाओशुको उपदेशले पछि गएर चिनियाँहरूको मनमा प्रकृतिवादले प्रेरणाको भूमिका निर्वाह गऱ्यो । छैठौं शताब्दीको मध्यमा कन्फ्यूससको उदय भयो । उनले चिनियाँ परम्परा र प्राचीन रीतिरिवाजमा आधारित एउटा आचार नियम पद्धतिको स्थापना गरे । उनको उपदेश (५५०-४८९) ई. पूर्व पछि कन्फ्यूससवादबाट परिचित भयो । पर्सिया (आधुनिक इरान) मा जराथुस्त्रको उदय भयो । उनलाई ग्रीकहरूले जोरोष्टर नाम दिए । वैचारिक शुद्धता, प्रवचन र रचनात्मक कार्यले गर्दा यस सिद्धान्तको नाम जराथुस्त्र रहन गयो । छैठौं शताब्दीको प्रारम्भमा भारतमा महावीर देखापरे जसलाई बौद्ध पाली नियमअनुसार निगन्थनातपुत भनिन्छ । यिनले जैन धर्मको प्रतिपादन गरे । उनले तपस्या, अहिंसा अर्थात् असीमित करूणा र कर्मवादमा आधारित आत्माको परिवर्तनवादी सिद्धान्तको प्रतिपादन गरे । जैन महावीर गौतम बुद्धका समकालीन थिए ।

यसवाट भगवान् बुद्धको युगमा सम्पूर्ण मानव जातिमा



Downloaded from http://www.dhamma.digital

आध्यात्मिक चेतना जागृत भएको ऐतिहासिक पुष्टि हुन्छ। मानव जातिको सुख र कल्याणका मार्गदर्शनका रूपमा बुद्धको जन्म भएका थियो।

बुद्ध ईश्वर अथवा कुनै दैवीशक्तिसँग सम्बन्धित थिएनन्। उनी एक मानव जातिका रूपमा महामानव थिए।

## बुद्ध धर्मको विस्तारको प्रारम्भ

बुद्ध धर्मलाई सबैभन्दा पहिले भगवान् बुद्ध आफैंले विस्तार गर्न लागे। त्यसपछि उनका अनुयायीहरूले फैलाए, बुद्ध धर्मको प्रारम्भिक २०० वर्ष दक्षिण एशियाई उपमहादेशको उत्तरी भागमा नै सीमित रह्यो। त्यसपछि भारतका प्रभावशाली सम्राट् अशोकले बुद्धको उपदेशहरू ग्रहण गरे र भगवान् बुद्धका शिक्षालाई भारतीय जनमानसमा र भारत बाहिर पनि फैलाउने ठूलो परिश्रम गरे। खासगरी यसका नीतिगत कुराहरूलाई उनले प्राथमिकता दिए। बुध्दका नीतिगत उपदेशहरूलाई शिलाहरूमा लिपिवध्द गर्न थाले यो कार्य उपदेशहरूको रूपान्तरमात्र नभएर वास्तविकतामा परिणत भयो। अशोकले बुध्दका (सहिष्णुता), सहनशीलता सम्वन्धी उपदेशहरूलाई ठूलो उत्साहका साथ प्रभावमा ल्याए। यसले गर्दा उनका राज्यमा सबै धर्मले पूर्ण स्वतन्त्रताका साथ कुनै विघ्न वाधा दिन फस्टाउने सुअवसर पायो भने उनकै प्रयासले सर्वप्रथम बौध्दधर्म भारत बाहिर फैलने सुअवसर पनि प्राप्त भयो।

बुध्द धर्मको इतिहासलाई पूर्वीय संस्कृति र समाजबाट



Downloaded from http://www.dhamma.digital

अलग गर्न सकिँदैन । यीनै सबै प्रभावकारिताले गर्दा एशियाली संस्कृतिको साँचामा ढाल्न बुध्द धर्मले गम्भीर भूमिकाको निर्वाह गरेको पाइन्छ । पच्चीस सय वर्ष पछिसम्म पनि बुध्दका सिध्दान्त र विचारहरूले पूर्वीय समाजका मानिसहरूको धारणा र अनुभूतिमा छाप पारेका छन् ।

## जापानमा बुद्ध धर्म

कोरियाका राजाले सन् ५५२ मा जापानी सम्राट्लाई बुद्धका महान् विचारहरूका सम्बन्धमा लेखिएका, ग्रन्थहरूको सूची बहुमूल्य वस्तुहरूका रूपमा पठाएका थिए । त्यसवेला जापानमा सम्राट् किम्मेईको शासनकाल थियो । उनले तत्काल राजसभाका सदस्यहरूसँग बुद्ध धर्मलाई उपासना विधिको निम्ति स्वीकार गर्ने वा नगर्ने भन्ने सम्बन्धमा विचार विमर्श गरे । नोनोनोव र नाकाटोमी वंशका शास्त्रानुसारीहरूले यसको घोर विरोध गरे । त्यसवेला जापानमा परम्परागत रूपमा शिन्तो धर्मलाई ग्रहण गरिएको थियो । अर्कोतिर सोगा जातिका मानिसहरूले जापानी संस्कृतिलाई समृद्ध बनाउन सहयोग मिल्ने मनसायले बुद्ध धर्मको पक्ष लिए । अन्तहीन विवाद भयो । सम्राट्ले पनि सोगा जातिको मतको पक्ष लिए ।

चालीस वर्षपछि (सन् ५७४–६२२) सम्राट् योमेईको देहावसानपछि राजकुमार रिजेन्ट शोतोकु जापानको राजगद्दीको उत्तराधिकारी भए । यसवेला बुद्ध धर्मलाई जापानको आधिकारिक धर्मको रूपमा ग्रहण गरियो । राजकुमार शोतोकु महान विद्वान् र निष्ठावान बौद्ध भए । जापानमा



Downloaded from http://www.dhamma.digital

बुद्धका उपदेशले नै अधिराज्यको साँस्कृतिक र राष्ट्रिय अखण्डतालाई पुनः प्राप्त गर्न सकिन्छ भन्ने दृढ धारणा उनमा जागृत भयो। यस महानतालाई प्राप्त गर्न उनले ६०४ पृष्ठको संविधानको १७ औं धारामा सबै प्रजागणले बुद्ध धर्मका तीन रत्नहरू बुद्ध, धर्म र सङ्घलाई पूर्ण निष्ठाका-साथ पालन गर्नुपर्ने प्रावधानको व्यवस्था गरे। उनले आफ्नो सरकारलाई अधिराज्यभरि अनेकौं बौध्द विहारहरू बनाउन लगाए, मार्गदर्शन गरे । त्यसवेला निर्माण भएका बौध्द विहारहरू अत्यन्त प्रसिध्द भए । त्यसमध्येको होर्युजी विश्वको सबैभन्दा पुरानो काष्ठकलाको रूपमा प्रख्यात छन्। यो विहार तत्कालीन राजधानी नाराको नजीक अद्यापि छँदै छ । राजकीय संरक्षण र निष्ठा प्राप्त बुध्द धर्मले जापानी भूमिमा सुदृढताका साथ स्थापित हुने सुअवसर प्राप्त गऱ्यो। यो धर्म जापानको राष्ट्रिय धर्म सावित भयो। जापानमा बुद्ध धर्मले प्रवेश गरेको वेला राजनीतिक कारणले गर्दा उत्प्रेरित हुने अवसर पायो। तत्कालीन नारा सरकारलाई चारतिरबाट आउने भिन्न जातिको विरूद्ध स्थापित वंशको एकीकरणका निम्ति यस्तो धर्मको आवश्यकता थियो। परिणामस्वरूप जापानी समाजमा खल्बलिंदै गएको सामाजिक परिस्थितिलाई बुद्ध धर्मले क्रमशः माथि उठाउँदै लगेको ऐतिहासिकता पाइन्छ ।

हेनको शासनकालमा बुद्ध धर्म र स्वदेशी जापानी लोक धर्म आपसी सम्पर्कमा आयो। अनि बुद्ध र देव-देवीसम्बन्धी जापानी धारणामा क्रमशः पहिचान भएर एक अर्कामा



Downloaded from http://www.dhamma.digital

सदृश हुँदै गयो ।

सन् १९८६ को जापानी शिक्षा मन्त्रालयको तथ्याङ्क अनुसार उनान्नब्बे लाख जापानीहरू बुद्ध धर्म मान्दछन् । यसैगरी दुई लाखभन्दा बढी बौद्ध भिक्षु-भिक्षुणीहरू छन् । त्यहाँ चौरासी हजार बौद्ध संस्थाहरू छन् । यसमा चाखलाग्दो कुरा के छ भने जापानको बाह्र करोडभन्दा बढी जनसंख्या-मध्ये एघार करोड बीस लाख जापानी शिन्तो धर्मावलम्बी छन् । यो आँकडा बौद्ध चैत्यहरूमा दर्ता भएका शिन्तो तीर्थ स्थानहरूमा भ्रमण गर्नेहरूको नामावलीबाट लिइएको अनुमान गरिएको छ । बुद्ध धर्म तथा शिन्तो धर्मका दुवै संस्थाहरूमा एक साथ रहनु जापानीहरूका निम्ति कुनै अस्वाभाविक देखिँदैन ।

## चीनमा बुद्ध धर्म

इसाको प्रथम शताब्दीमा बुद्ध धर्मले हिमालयका घाटीहरू पार गर्दै भारतीय बौद्ध विद्वान्हरूको माध्यमबाट चीनमा प्रवेश पायो । चीनबाट यो धर्म चौथो शताब्दीमा कोरिया र छैठौं शताब्दीमा जापानमा फैलियो । अनि यसपछि लगातार सम्पर्कको माध्यमबाट थाइल्याण्ड लगायत दक्षिण-पूर्व एशियाली मुलुकहरूमा विस्तार भयो । चीनको बुद्ध धर्मलाई पचासौं वर्षसम्म पश्चिमी मुलुकहरूमा ठूलो सम्मान मिल्यो ।

चिनी ग्रन्थ 'को-वेन-फिग-वी' मा लेखिएअनुसार 'हान' वंशीय राजा भिङ्गतीको शासनकालमा महायान

Downloaded from http://www.dhamma.digital

बुद्ध धर्मको चीनमा प्रवेश भयो । उनको राज्यकालको चौथो वर्षमा उनले एक विचित्र सपना देखेपछि भगवान् बुद्धका शिक्षाको पूर्ण विवरण थाहा पाउन आफ्ना सेनापति तथा अन्य सतजना व्यक्तिलाई भारत पठाए । त्यो दूतमण्डलले ११ वर्षपछि चीनमा फर्कदा आफ्ना साथमा बुध्दका सुन्दर मूर्ति साथै केही पुस्तकहरू, काश्यप मातङ्ग र धर्मरक्ष नामक दुई बौध्द भिक्षुलाई पनि लिएर गएका थिए । सम्राट् मिङ्गतीले उनीहरूको ठूलो स्वागत गरे । त्यसपछि नगरको पश्चिमी द्वारको नजीक एउटा दर्शनीय विहार बनाए । त्यसमा भव्य समारोहको आयोजना गरेर शाक्य मुनिको प्रतिमा प्रतिष्ठापित गरियो । यो विहार "लोमगशीतश्व" नामले प्रसिद्ध भयो । अनुश्रुतिअनुसार ती दुई भिक्षु सेतो घोडा चढेर गएका थिए । यसरी इसाको पहिलो शताब्दीको उत्तरार्धमा बुद्ध धर्म चीन पुगेको वर्णन पाइन्छ ।

सन् ७८ इ. मा भारतमा कनिष्कको राज्यकाल शुरू भएको वेला यिनले पनि सम्राट् अशोकले झैं बुद्ध धर्मको खूबै प्रचार गरे । यिनैका समयमा चीन गएका काश्यप मातङ्ग तथा धर्मरक्षले ठूलो परिश्रमबाट बुद्ध धर्मलाई चीनमा स्थापना गरे । कुमार जीवले पनि चिनिया भाषामा बुद्धका उपदेशलाई परिमार्जित गरे । सन् ४२० मा कीन वंशको पतनपछि उत्तरमा 'तातार' अथवा वी वंश र दक्षिणमा सुङ वंशको शासन स्थापित भयो । यी दुवैले बुद्ध धर्मको विरोध गरे । यसबाट क्षति भयो । तर जब 'वी' वंशीय संग-वन-ती गद्दीमा बसे उनले नगरमा निकै उत्साहका



Downloaded from http://www.dhamma.digital

साथ बौद्ध विहारहरू बनाए। सुङ वंशीय राजाले पनि दक्षिणमा बुद्ध धर्मको सम्मान गरेको ऐतिहासिक प्रमाण पाइन्छ।

भारत आई बुद्धका शिक्षा अध्ययन गरी चीन फर्कने धेरै विद्वान्हरूमध्ये चार जनाको नाम निकै प्रसिद्ध छ। तिनीहरूमा फहियान, सुं‍५चुन, हुयेनसाङ र इ‍ि‍सङ हुन्।

बौद्ध क्रियाकलापको सम्पूर्ण महान् ग्रन्थ त्रिपिटकको ज्ञान (चिनिया र तिब्बती सङ्कलन भाषामा) अनुवाद गरे। ती दुवै भाषामा गरिएका सम्पूर्ण अनुवादले चिनियाहरूलाई बुद्धधर्मसम्बन्धी पूर्ण ज्ञान दिलाउन ठूलो मद्दत गरेको देखिन्छ।

नयाँ चीनको स्थापना भएपछि चीन सरकारले धार्मिक विश्वासलाई पनि स्वतन्त्रतापूर्वक अनुसरण गर्न दिने नीति अपनाइएको पाइन्छ। यस नीतिबाट पुरानो चिनिया बुद्ध धर्मको समृद्धि भएको छ। विहारहरूको जीर्णोद्धार, ऐतिहासिक वस्तुहरूको संरक्षण, बौद्ध भिक्षु तथा भिक्षुणी पद्धतिको पुनर्गठन तथा बौद्ध संस्कृति एवं बौद्ध विद्वान्हरूबाट प्रशिक्षण सञ्चालन आदिलाई आधुनिक चीनको उपलब्धिको रूपमा लिइन्छ। दश वर्षसम्म चलाइएको 'ग्याङ्ग अफ फोरको' पतनपछि चीनमा धार्मिक स्वतन्त्रताले पुनः सुरक्षित हुने अवसर पायो।

## पश्चिमी जगत्‌मा बुद्धधर्म

पश्चिमी समाजमा बुद्धधर्मको प्रभाव क्रिश्चियन युगभन्दा



Downloaded from http://www.dhamma.digital

अगाडि नै परेको भए तापनि सीमितता र प्रतिबन्धको कारणले बुद्धधर्मको गम्भीरताको सदुपयोग हुन नपाएको देखिन्छ । यति हुँदाहुँदै पनि युरोपेली समुदायमा पर्यटक, यात्री, एवं खासगरी क्रिश्चियन धर्म प्रचारकहरूबाट बुद्ध-धर्मसम्बन्धी केही दृष्टि चाहिं अवश्य पनि परेको थियो । युरोपेली समाजमा १६ औं शताब्दीसम्म बुद्ध धर्म फैलियो । क्रिश्चियन धर्म प्रचारकहरूद्वारा सही र स्पष्ट ढङ्गले बुध्दको उपदेशहरू पश्चिमी यूरोपमा गयो भन्न चाहिं सकिन स्थिति छैन । यो कुरा विगत समयमा क्रिश्चियन धर्म प्रचारकहरूले बुध्दधर्मका सम्बन्धमा लेखेका कुराबाट पनि थाहा पाइन्छ । जे भए तापनि बुध्दधर्मको प्रचारमा केही क्रिश्चियन धर्म प्रचारकहरूले १९ औं र २० औं शताब्दीको शुरूमा महत्वपूर्ण योगदान गरेको पाइन्छ ।

बौध्द विद्वान्‌हरूको मतअनुसार पश्चिमी समाजमा बुध्द धर्मको पहुँचबारे सावधानीपूर्वक ऐतिहासिक निरूपण गर्दा के देखिन्छ भने यस धर्मको सबल प्राज्ञिक दृष्टिकोणको अध्ययनबाट नै यो धर्म त्यहाँ पुग्न सफल भयो । बुध्द धर्मले त्यहाँ नयाँ स्थान पाइसकेको देखिन्छ । पश्चिमी मुलुकमा बौद्ध साहित्यको प्रचुर उपलब्धि तथा बौद्ध विद्वानहरूको प्रचार अभियानद्वारा समय-समयमा त्यहाँ प्रदर्शित विनीत भावले गर्दा पश्चिमी मुलुकका मानिसहरू बुद्धका उपदेशबाट परिचित भए । यूरोपेली तथा अमेरिकीहरूले बुद्धका उपदेशलाई सैद्धान्तिक चिन्तन मात्र नमानेर त्यसलाई व्यावहारिक जीवन पद्धति मान्न थाले । मन पूर्ण स्वतन्त्र राख्न



Downloaded from http://www.dhamma.digital

अर्थात् मानसिक स्थितिलाई पूर्णत: फुक्का राख्न, बौद्धिक र आध्यात्मिक तालीम प्राप्त गर्ने एउटा नैतिक पद्धतिको रूपमा ग्रहण गर्न थाले । यसलाई विपुल ज्ञानको भण्डार मानेर अन्तर्राष्ट्रिय शान्तिको निम्ति आध्यात्मिक आधार-शिलाको रूपमा स्वीकार गरियो । जे भए तापनि, हामीले यस नयाँ परिवर्तनको निम्ति विगत सय वर्षमा विद्वान् वर्गको आडम्बररहित निस्वार्थ परिश्रमका अथक प्रयासलाई बिर्सनु हुँदैन ।

पश्चिमी समाजको वर्तमान परिस्थितिमा अनेक परिवर्तन-हरू आइसकेका छन् । बुद्धधर्मप्रति त्यहाँको सामाजिक धरातलमा अभिरुचिको अभिवृद्धि भइसकेको छ । खासगरी थेरवाद र महायान दुवैमा बौद्ध ध्यान भावनाको विकास बढिरहेको छ । कैयौं बौद्ध समाज, सङ्घ संस्था र मन्दिर जस्ता केन्द्रहरू साधारणतया अमेरिकामा बौद्ध विहारको नामले प्रचलित छन् । सयौं बौद्ध ध्यान केन्द्रहरूको स्थापना भइरहेछन् । सबै प्रकारका बौद्ध ग्रन्थहरू र बुद्धको विभिन्न पक्षमा लेखिएका आधिकारिक पत्र-पत्रिका हजारौंको संख्यामा नियमित प्रकाशित हुने गरेका छन् । पश्चिमी समाजमा अहिले यथेष्ट बौद्ध साहित्यको प्रकाशनले गर्दा यस-सम्बन्धी एउटा ठूलो नीधि तयार भइसकेको छ ।

श्रीलङ्कामा केण्डी बौद्ध प्रकाशन समाजले विगत ३० वर्षदेखि प्रमुख प्रकाशन व्यवस्थाको कार्य गर्दै आएको हुंदा २५ लाखभन्दा बढी बौद्ध साहित्य र ग्रन्थहरूको प्रकाशन भइसकेको पाइन्छ । ८६ मूलुकहरूमा यसको वितरण हुने



Downloaded from http://www.dhamma.digital

गरेको देखिन्छ। संसारका विभिन्न भागहरूमा यस्ता प्रकाशन-हरू पुग्दछन् । थाइसल्याण्ड, फिजी र साम्यवादो मुलुकहरूमा समेत यी प्रकाशनहरू पुग्ने गरेको पाइन्छ ।

## अष्ट्रेलिया र न्यूजिल्याण्डमा बुद्ध धर्म

अष्ट्रेलिया र न्यूजिल्याण्डमा बौद्ध समाज तथा संस्थाहरू धेरै समयपछिसम्म पनि अस्तित्वमा आउन सकेन । तर त्यहाँ पनि बौद्धहरूको आफ्नै इतिहास भएको कुरा प्रमाणित भएको छ। १९ औं शताब्दीको शुरूतिर यहाँ बसोवासका लागि यूरोपबाट आएकामध्ये केहीहरूलाई बुद्धको उपदेशबाट थाहा थियो । वास्तवमा यिनीहरूले नै बुद्धका उपदेशलाई फैलाउने कार्यमा रुचि जगाए ।

धेरै समय अगाडि १८५०।६० तिर सुन खानीमा काम गर्ने मजदूरहरू चीनबाट अष्ट्रेलिया पुग्ने गर्दथे । तिनीहरूले आफूसँग ल्याएका बुद्ध ग्रन्थहरूबाट यहाँको लोकधर्म प्रभावित भएको पाइन्छ । तिनीहरू पहिले अष्ट्रेलिया र पछि सुनको कारोवार गर्न न्यूजिल्याण्ड पुगे। चीनबाट आउने ती सुन खानीका कामदारहरू केही चीन फर्के केही चाहिं त्यहीं काम गरेर बसे । तिनीहरूमा कसैकसैलाई घरेलु पूजा विधिको ज्ञान पनि थियो ।

चिनिया आप्रवासीहरूले त्यहाँ बनाएका मन्दिरहरूलाई चिनिया प्रतिमा गृहको नामले यूरोपेलीहरू चिन्दछन् । त्यस्ता कतिपय गृहहरू आज सम्मपनि यथावत छन् । तर ती धेरैजसो धर्मबाट र बाँकी बुद्ध धर्मबाट प्रभावित भएका



Downloaded from http://www.dhamma.digital

देखिन्छन् । न्यूजिल्याण्डका खानीमा काम गर्नेहरू छ हजार-भन्दा बढी भए तापनि तिनीहरूले त्यहाँ आफ्ना स्थायी वासस्थान र मन्दिरहरू भने बनाएनन् ।

यसको अर्को पक्ष चाहिं यस शताब्दीको विगत ४० वर्ष यता एक अभियानको रूपमे बुद्ध धर्मको प्रभाव बढ्दै आएको छ । सन् १९६० ताका सुन खानीमा काम गर्नेहरू अष्ट्रे-लियामा पुगेको सय वर्षपछि पहिलो बौद्ध समूह अकल्याण्ड, सिड्नी र मेलबोर्नमा गठन भयो । सन् १९६० को अन्ततिर न्यूजिल्याण्डको विश्वविद्यालयमा बुध्दका सिध्दान्तहरू पाठ्य-क्रममा समावेश गरिए । अहिलेसम्म त्यहाँका सबै प्रमुख विद्यालयहरूमा बुद्ध धर्मको पठनपाठन गराइन्छ । अष्ट्रे-लियाका सबै प्रमुख शहरका केन्द्रहरूमा यूजिल्याण्डस्थित बौद्ध केन्द्रहरूमा बुद्धका उपदेशहरूको अनुसरण गरिन्छ ।

सन् १९८१ को जनगणनामा न्यूजिल्याण्डमा चार हजार बौद्धहरू थिए । तर अहिले त्यो बढेर दशहजार पुगेको अनुमान छ । यो आँकडाले विगत ८ वर्षमा अष्ट्रेलियामा बौद्धहरूको संख्यामा वृद्धि भएको देखाउँछ । त्यहाँ अधिकांश बौद्धहरूको आफ्नो परम्पराको स्थापना भइसकेको पाइन्छ । थेरवाद तथा महायानी विहारहरू एशियाली शरणार्थी र एशियाली आप्रवासीहरूसँग सम्बद्ध रहेका छन् । यीनै समुदाय अहिले त्यहाँ वहुसंख्यक रूपमा आफ्ना बौध्द गतिविधि चलाइरहेका छन् ।

विगत दुई दशक यता पश्चिमी मुलुकमा बौध्द धर्मसम्बन्धी गतिविधिहरू बढ्नुका मुख्य कारणहरूमा साथीहरूसँगको



Downloaded from http://www.dhamma.digital

मैत्री पनि छ। यूरोपेली पुर्खौली भएका अष्ट्रेलियाली तथा न्यूजिल्याण्डवासीहरूमध्ये केही तिब्बती र थेरवादी परम्परामा अभिरूचि राख्दछन्। यस्ता परम्पराहरूलाई खास पश्चिमी सभ्यताका मानिसहरू विभिन्न कारणले स्वीकार्न गर्दछन्।

अष्ट्रेलिया तथा न्यूजिल्याण्ड मूलका वासिन्दाहरू माओरी, पोलिनेशियन र अवोरिजनल जातिका मानिसहरू-चाहिं बुध्दधर्मको सम्पर्कमा निकै कम पाइन्छ।

केही पश्चिमेलीहरू बुद्धका उपदेश गहिरो समझदारी साथ विकास गर्न एशियामा आए। कैयौं वर्षसम्म, बुद्धका व्यावहारिक सिद्धान्तहरूको अध्ययनपछि तिनीहरूलाई पुनः अष्ट्रेलिया र न्यूजिल्याण्डमा फर्कन आमन्त्रण गरियो। यसबाट धर्मकेन्द्र र गुम्बाहरू स्थापना गर्नमा ठूलो मद्दत मिल्यो।

यसरी भगवान् बुध्दका समयदेखि वर्तमान समयसम्म विभिन्न माध्यमहरूबाट बुद्ध धर्मको विस्तार संसारमा भइरहेको पाइन्छ।

**योगीहरूको माझमा बुद्ध एउटा चक्रवर्ती सम्राट् हुन्।**

**– शङ्कराचार्य**



Downloaded from http://www.dhamma.digital

# एशियामा बौद्ध धर्म र कलाको प्रचार

**– साफल्य अमात्य**

संसारको मानचित्रभित्र एशिया महादेशको हिमाली श्रृङ्खलाको फेदिमा एउटा सानो देश नेपाल बसेको छ। जुन देशमा शान्तिका अग्रदूत बुद्ध जन्मेथे, जुन देशको राजकुमारी भृकुटीले भोट (तिब्बत) लाई सभ्यताको बाटोमा अग्रसर गराएकी थिइन् र जुन देशको एक नवयुवक कलाकार अरनिकोले आफ्नो मातृभूमिको जलवायुमा हुर्केको कला-शैलीलाई एशिया महादेशभर फैलाई दिएका थिए – त्यो देश नेपाल हो ।

एशिया, त्यो महाद्वीप हो, जहाँ संसारका सबैजसो प्रमुख धर्महरू जन्मेथे । त्यसमध्ये पनि एशियामा सबभन्दा बढी मान्यता प्राप्त धर्महरूमध्ये एक बुध्द धर्म, भगवान् बुध्दसँग



Downloaded from http://www.dhamma.digital

सँगै नेपालमा ईशापूर्व छैठौं शताब्दीमा जन्मेको थियो। सँधै ध्रुवतारा झैं चम्किरहने बुध्दका ती उपदेशहरू र हिमालको छाती झैं विशाल उनको त्यो धर्म आज नेपाल, भारत, सिलोन, बर्मा, चोन, जापान, कोरिया, थाइल्याण्ड, इण्डोनेशिया, भियतनाम, कम्बोडिया, लाओस आदि समस्त एशियाका प्रमुख देशहरूमा एक मुख्य धर्म र जीवनमार्ग बनिसकेको छ। बौध्दधर्मको साथसाथै बौध्दकला र सस्कृति पनि यी देशहरूमा फैलिए। नालन्दा, तक्षशिला, नेपाल उपत्यका, कपिलवस्तु, वैशाली, काश्मीर साँची, भरहुत आदि बौध्दधर्म र कलाका केन्द्रहरूमा भर एशियाबाट विद्वान् कलाकारहरू र भिक्षुहरू धर्म र कलाको अध्ययन र अनुसन्धान गर्न आए। यसरी यी बौध्दधर्म र कलाका प्रमुख केन्द्रहरूले धर्म र कलाको प्रचार गर्नुका साथसाथै एशियामा त्यति वेला नै भातृत्व, शान्ति र एकताको भावना पनि जागृत गराई दिएका थिए।

Dhamma.Digital

ईशापूर्व तेस्रो शताब्दीदेखि बुध्दधर्म भारत बाहिर फैलिन थाल्यो। सम्राट अशोकको नेतृत्वमा शुरू भएको यस धर्म प्रचार अभियानको सिलसिलामा गएका धर्मदूतहरू चीनमात्र हैन बर्मा, लङ्का, मेसोपोटामिया, मेसीडोनिया र मिश्रसम्म पनि पुगेका थिए। वास्तवमा बुध्दधर्म र कला नेपाल र भारतमा नै सबैभन्दा पहिले हुर्के, प्रौढ भए र त्यसपछि एशियाका अन्य देश देशावरमा पुगे। ईशापूर्व पाँचौं शताब्दीदेखि चिनिया व्यापारीहरू बर्मा र आसामको बाटो गरी भारतभित्र पस्न



Downloaded from http://www.dhamma.digital

थालेका थिए । ईशापूर्व दोस्रो शताब्दीतिर हाङ्ग वंशले चीनमा राज्य गरिरहेको वखत एक चिनिया दूत भारत आए र उनले त्यति वेलाको भारतभर फैलिसकेको बुद्ध धर्मको बिषय चिनिया सम्राट्लाई अवगत गराए । त्यसको पचास वर्षपछि चिनिया सम्राट् भिङ्गतीले बुद्ध धर्मलाई सरकारी तवरबाट चीनमा मान्यता प्रदान गरे । यसभन्दा अगाडि चीनबाट एउटा निरीक्षण दल भारत आएको थियो र त्यस दलले चीनमा बौद्धधर्मको साथसाथै भारतबाट दुई बौद्ध भिक्षुहरू र धेरै संस्कृत भाषामा लेखेका बौद्ध ग्रन्थहरू र धार्मिक तस्बीर तथा चित्रहरू पनि आफ्नो साथ लगे । त्यसपछि चीनमा पनि बौद्ध धर्मको प्रचार हुन थाल्यो ।

ईसाको तेस्रो शताब्दीतिर पारसीहरूको युद्ध र आतङ्कहरूले गर्दा चीन र भारतको आवागमन केही कालसम्मको लागि वन्द भयो । पछि जब बाटो खोलियो धेरै बौद्ध भिक्षु चीन तर्फ जान थाले । तिनीहरू भारत, पर्सिया, पूर्वी तुर्किस्थान आदिको बाटो गर्दै चीन पुगे र यी वाटोमा पर्ने मुलुकहरूमा पनि तिनीहरूले बुद्धधर्म र कलाको प्रभाव छाडेर गए। ईशाको तेस्रो शताब्दीदेखि छैठौं शताब्दीसम्म चीनमा तारतार वंशले राज्य गऱ्यो । त्यस वंशका शासकहरूले बौद्ध धर्मलाई चीनको धर्म बनाएर बौद्ध संस्कृतिको प्रभाव रूससम्म पुऱ्याइदिए । त्यसपछि ईशाको सातौं शताब्दीदेखि लिएर दशौं शताब्दीसम्म चीनमा ताङ्ग वंशले राज्य गऱ्यो । त्यसवेला चीन एउटा ठूलो शक्तिशाली साम्राज्य थियो । यो तीनसय वर्षभित्र भारतमा बुद्धधर्म कमजोर हुँदै आइ-



Downloaded from http://www.dhamma.digital

रहेको थियो, तर चीनमा भने यो दिनानुदिन तीव्रगतिले बढ्दै गए। भारतमा आश्रय नपाएका बौद्ध भिक्षुहरू र कलाकारहरूले चीनमा आश्रय पाए। त्यसवेला चीनको लोयाङ्ग प्रान्तमा करीब तीन हजार भारतीय भिक्षुहरू र अरू दश हजार भारतीय परिवारहरू थिए। ती भारतीय शरणार्थीहरूले भारतका अजन्ता र एलोराका निपुणकला शैलीहरू चीनमा ल्याए र चिनिया कलालाई प्रभावित पारे। त्यसवेला नेपालको सुपुत्री राजकुमारी भृकुटी र चिनिया कोङ्ग–जोको एकै साथ तिब्बतका अति शक्तिशाली राजा स्रनचङ्ग गम्पोसँग विवाह भयो। ती दुवै राजकुमारीहरूको बौद्धधर्ममा ठूलो आस्था भएको हुनाले तिनीहरूले आफ्नो राजालाई पनि बौद्धधर्मतर्फ आकर्षित पारे। चाँडै नै राजा स्रनचङ्ग गम्पो र तिब्बतका धेरै जनताले बुद्धधर्म अपनाए। यसरी यी दुवै राजकुमारीहरूको परिश्रमबाट तिब्बतमा बिस्तारै, बिस्तारै बौद्धधर्म र कलाले ढाक्न थाले। राजकुमारी भृकुटीले आफ्नो साथ अक्षोभ्य मैत्रेय आदि बुद्धका मूर्तिहरू र श्रीखण्डका तारा मूर्तिहरू पनि लगेकी थिइन्। यसरी नै चिनिया राजकुमारीले पनि आफ्नो साथ एउटा प्राचीन बुद्ध प्रतिमा लगेकी थिइन्। यी सबै मूर्तिहरूको लागि तिब्बतमा मन्दिर बनाइए। तिब्बतभर ठाउँठाउँमा, बौद्ध मन्दिरहरू बने। बौद्ध ग्रन्थहरू धमाधम तिब्बती भाषामा अनुवाद हुन थाले। यसै कार्यको सिलसिलामा नेपालबाट बौद्ध विद्वान् भिक्षु शीलमञ्जु काश्मीरबाट भिक्षु तुन, चीनबाट भिक्षु महादेव आदि तिब्बत आईपुगे।



Downloaded from http://www.dhamma.digital

यसरी तिब्बतमा सातौं शताब्दीदेखि बुद्धधर्म र कलाको प्रचार प्रसार धमाधम बढ्दै गयो । पछि गएर मङ्गोल सम्राट् कुब्लयाखाँका नातिले तिब्बती भिक्षुहरूलाई छोडी दिए र तिब्बतमा दलाईलामा पद्धति यहाँबाट नै शुरू भयो ।

चीनमा शुङ्ग वंशले राज्य गरेको वेलामा दुई चिनिया विद्वान् तथा विचारक कनफ्युसियस र आलोत्सेले बुद्धधर्मको आधार लिई आफ्ना-आफ्ना मतहरूको प्रचार गरे । यी दुई चिनिया विचारकहरूको मतले आजसम्म पनि चीनमा मान्यता पाइरहेका छन् । तेह्रौं शताब्दीमा जब चीन मङ्गोल सम्राट कुब्लयाखाँको हातमा पऱ्यो, चीनमा फेरि एकपल्ट बुद्धधर्म र बौद्ध कलाको विकास भयो र त्यसमा धेरै परिवर्तन र नौला कुराहरू थपिए । तिब्बतमा पहिले नै बौद्धकलाविद भै प्रख्यात भइसकेका महान् नेपाली कलाकार अरनीकोलाई मङ्गोल सम्राटले चीनमा बोलाए । चीनमा अरनिकोले आफ्नो कलाकारिताको प्रभावले गर्दा ठूलो हलचल मचाई दिए र उनलाई चीन साम्राज्यभर सर्वश्रेष्ट कलाकारको रूपमा चीन सम्राटले मान्यता प्रदान गरे । यिनले चीनमा नेपाली वास्तुकलाको छानेशैली, मूर्तिकला, चित्रकला, काष्ठकला सबैको अमीट छाप पर्ने गरी राजप्रासाद र मन्दिरहरू बनाए तथा चित्रकला लेखे । यिनको मातहतमा वनेको "श्वेत पागोडा" चीनमा अद्यापि विद्यमान छ खास गरी यिनले नेपाली वास्तुकलाको अमर देन छानेशैली चीनमा मात्र नभई कोरिया, जापान, इन्डोनेशिया आदि पूर्वीय एशियाली मुलुकहरूमा प्रचार गरे । त्यसैले यिनलाई



Downloaded from http://www.dhamma.digital

इन्डोनेशियामा पनि एक महान् कलाकार अथवा विश्वकर्मा (कलाको देवता) को रूपमा अद्यापि पूजा गरिन्छ। मङ्गोल वंशको पतनपछि चीन मन्चु वंशको अधीनस्थ भयो। त्यसपछि चीनमा बुद्धधर्म र बौद्ध कलाको विकासमा खास उल्लेखनीय कदमहरू चालिएनन् र बीसौं शताब्दीमा गएर चीनले एउटा अर्को रूप लियो।

चीनको तारतार वंशका राजाहरू बुद्धधर्म र बौद्धकला रूस, कोरिया र कोरियाबाट जापानसम्म पुऱ्याउन सफल भएका थिए। ईशाको चौथो शताब्दीको मध्यतिर (३६९ *A*. D.) कोरियामा तीन भिन्दाभिन्दै राज्यहरू थिए। त्यसमध्ये सर्वप्रथम कोगुर्‍यु राज्य (*Koguryu*) ले बुद्धधर्मलाई मान्यता दियो। त्यसपछि (*384 A. D.*) तीर पाक्चे (*Pakche*) राज्यले पनि बुद्धधर्म अपनाएर त्यहाँ एक प्रसिद्ध भारतीय भिक्षु मीरानन्दले धर्म प्रचारकको कार्य गरे। यसको एकसय वर्षपछि पाँचौं शताब्दीमा आएर पाक्चेको राजाले जापानको राजालाई पनि बुद्धधर्म ग्रहण गर्न आग्रह र शिफारिस समेत गरे। यसै शताब्दीमा कोरियाको अर्को एक बाँकी राज्य शील्ला (*Silla*) ले पनि बुद्धधर्मलाई मान्यता प्रदान गऱ्यो। शील्लामा दक्षिण भारतका एक भिक्षु सन्देश वाहक भै आएका थिए। उनी त्यहाँ एउटा गुफामा बस्दथे। उनले आफू बस्दा त्यस गुफामा कोरेका भित्ते चित्रहरू र मूर्तिहरू आज पनि विद्यमान छन्। तिनले भारतीय कलाशैलीको एक श्रृङ्खलाबद्ध नमूना पेश गर्दछन्। यसरी कोरियाली कलामा पनि चिनिया, भारतीय



Downloaded from http://www.dhamma.digital

र नेपाली कलाको प्रभाव रहन गयो । चाँडै नै कोरियाली सस्कृतिलाई नै बौद्ध संस्कृतिले छोपिदियो, जसको जन्म नेपाल, भारत र चीनमा भएको थियो ।

ईशाको छैठौं शताब्दीसम्म सिन्तो (*Sinto*) नै जापानको मुख्य धर्म थियो । पाक्चे (कोरिया) का राजाको आग्रहले गर्दा ईशाको छैठौं शताब्दीमा (*573 A.D.*) मा जापानका राजकुमार वामायाडो (*Wamayado*) ले बुद्धधर्म ग्रहण गरे र जापानभर यसको प्रचार समेत गर्न थाले । आखिरमा आठौं शताब्दीमा गएर जापानले पनि बुद्धधर्मलाई नै आफ्नो राज्यको एक मुख्य धर्म माने । विस्तारै, विस्तारै चीन, कोरिया र भारतबाट बौद्ध भिक्षुहरू जापान जान थाले र जापानमा पनि यिनीहरूले धर्मको साथसाथै बौद्धकलाको प्रचार गरे, जसको प्रभाव आजसम्म पनि जापानी कलामा परिरहेकै छ । आठौं शताब्दीको शुरू शरूमा नारा नजिकैको होरयुजीको मन्दिरको पर्खाल र भित्ताहरू भारतको अजन्ता शैलीमा चित्रित गरिएको थियो, जुन अद्यापि विद्यमान छ । यसको नवौं शताब्दीको अन्त्यसम्म जापानको धर्म, संस्कृति र कलामा भारत, नेपाल र चीन आदि देशहरूको प्रभाव परिसकेको थियो । तर दशौं शताब्दीमा जब जापानमा फुजीआरा वंशको सूर्योदय भयो त्यतिवेला चीनमा ताङ वंशको नाश भैसकेको थियो र चीन सामन्तीहरूको हातमा पर्न गयो । यसले गर्दा करीब पचास वर्षसम्म चीन र जापानको सम्वन्ध विच्छेद भयो । फुजीआरा पछि आसीखाना वंशले जापानमा करीव दुई शताब्दी राज्य गर्‍यो । यस



Downloaded from http://www.dhamma.digital

वर्षको अवधिलाई जापानको इतिहासमा (*1400 to 16 A. D.*) क्लासीकल येरा", भन्दछन् । यसैवेला जापानले आफ्नै किसिमको एउटा जापानीपन र मौलिकता भएको धर्म, संस्कृति र कलाको उत्थान र विकास गऱ्यो, जुन अद्यापि जापानमा विद्यमान छ ।

भारतबाट चीनमा बौद्धधर्म पसिसके तापनि वर्मामा अझै बौद्धधर्म पस्न बाँकी नै थियो । तर ईशाको एघारौं, बाह्रौं र तेह्रौं शताब्दी यी तीन सयवर्ष लगातार बर्मामा बौद्धधर्मले प्रवेश खोज्यो र अन्त्यमा आएर मङ्गोल सम्राट् कुब्लयाखाँले तेह्रौं शताब्दीमा वर्मा कब्जा गरी आफ्नो अधीनस्थ राखी त्यहाँ वौद्धधर्म र कलाको प्रचार गरे । यसको फलस्वरूप आज वर्मेली जनतामा शतप्रतिशत बौद्ध छन् । धर्मको साथसाथै खास गरी वास्तुकलामा चीन, भारत र नेपालको ठूलो प्रभाव पऱ्यो । जसले गर्दा वर्मा आज एउटा चैत्यै नै चैत्यको देश बन्न गयो ।

भारत र चीनको बाटोमा पर्ने मुलुकहरू जस्तै खोटान, अफगानिस्थान आदिमा पनि भारतीय र चिनिया भिक्षु, यात्री तथा व्यापारीहरूले बुद्धधर्मको प्रचार गरे । ईशाको दोस्रो शताब्दीतिर जव भारतमा कनिष्कक राज्य गर्दथे, खोटानमा बुद्धधर्म एकदम जल्दो बल्दो अवस्थामा पुगेको थियो, तर पछि एघारौं शताब्दीमा मुसलमान आक्रमकहरूको मारमा परेपछि खोटानमा बुद्धधर्म र कलाको नाश हुँदै गयो र यो एक पुरातत्वको विषय बन्न गयो ।

ईशापूर्व चौथो शताब्दीमा सिलोन (लङ्का) मा टिसा



Downloaded from http://www.dhamma.digital

नामक (*Tissa*) राजा राज्य गर्दथे । उनी सम्राट अशोकका मित्र थिए र सम्राट अशोकको आग्रहबाट राजा टिसा बौध्द भए । सामुद्रिक व्यापारले गर्दा धनी भएको देश हुनाले त्यतिवेला सिलोनले धेरै धन खर्च गरी मन्दिर, दरवार र मूर्ति आदि बनाएको थियो । ती सबैमा बौद्धकलाको ठूलो छाप परेको छ । पछि पनि अजन्ता, नालन्दा आदि शैलीमा धमाधम मन्दिर तथा मूर्तिहरू बनिन थाले । यसरी सिलोनमा पनि बुध्दधर्म र कलाको प्रभाव प्रचूर मात्रामा पर्न गयो ।

सिलोनबाट बुद्धधर्म र कला जाभा द्वीपमा पुग्यो । भारतीय र सिलोनका व्यापारीहरूको जाभा द्वीप परापूर्व कालदेखि नै सुदूर पूर्वीय एशियाली मुलुकहरूमा जाने सामुद्रिक बाटोको एउटा सदरमुकाम थियो । ईशाको दोस्रो शताब्दीदेखि जाभामा भारतीयहरू आएर बसोवास गर्न थालेका थिए । यसले गर्दा जाभामा हिन्दू र बौद्ध दुवै धर्मको प्रभाव बढ्न गयो । हाम्रो देशमा झैं जाभामा पनि यी दुवै धर्म सहिष्णुता र सहअस्तित्वका साथ बिकसित हुन थाले । बोरोब दरको मन्दिरमा विष्णु, शिव र बुद्धका मूर्तिहरू एकैसाथ स्थापना गरिए । यो मन्दिर इन्डोनेशियामा मात्र हैन समस्त दक्षिण–पूर्व एशियाको नै सबभन्दा ठूलो बौध्द मन्दिर भयो । यस मन्दिर वरपर बुध्दका सयकडौं मूर्तिहरू छन् । भारतको ताजमहल र चीनको विशाल पर्खालसँग टक्कर लिने गरी नवौं शताब्दीमा बौध्दमार्गी सम्राट शैलेन्द्रले जाभा पर्वतको माझ जोपजकर्ता नजिकै यो मन्दिरको निर्माण गरेका थिए । 'यस मन्दिरका कलाकृतिहरूले अझै यो स्पष्टसँग देखाउँछन्



Downloaded from http://www.dhamma.digital

कि त्यसवेला जाभाको कलामा भारत, नेपाल र सिलोनको कलाले कत्रो प्रभाव पारेको थियो ।

यसरी हिमालयमुनिको सानो देश नेपालमा; जन्मेको, भारतमा हुर्केका बुध्द र उनको धर्म तथा उनको त्यो आकाश जस्तै विशाल, स्वच्छ र अगाध धर्मबाट प्रेरित कला र संस्कृति दशौं शताब्दीसम्ममा एशियाभर फैलिसकेको थियो । बुध्दको जन्मस्थल नेपालमा यो धर्म र यसबाट प्रेरित संस्कृति र कलामा कुनै पनि समयमा आँच आउन सकेन । तर भारतमा भने दशौं शताब्दीपछि तुर्क मुसलमान र अंग्रेजहरूको हमला र साम्राज्यहरूले गर्दा यो धर्म, कला र संस्कृतिको पहिले झैं विकास हुन सकेन । चीन, कोरिया, जापान, वर्मा, सिलोन, इण्डोनेशिया, कम्बोडिया, लाओस, थाइल्याण्ड, भियतनाम आदि देशहरूमा भने यो धर्म सँधै नै ती देशहरूको एक मुख्य धर्म नै भैरह्यो । तर सत्रौं शताब्दी-पछि ती देशहरूमा पनि अंग्रेज डच, फ्रेन्च, पोर्तुगीज, अमेरीका आदि देशहरूको प्रभावले गर्दा क्रिश्चियन धर्म र यूरोपीय कला र संस्कृतिको केही मात्रामा प्रभाव पर्न गयो । तैपनि साधारणतया भर एशियामा आजसम्म बौद्धधर्म नै सबभन्दा ठूलो र सबभन्दा बढी जनताको धर्म रहिरहेको छ । बौद्ध कलाको साथै संस्कृति पनि एशियाली कलाको अगुवाको रूपमा रहिरहेको छ ।

*



Downloaded from http://www.dhamma.digital

घनश्याम राजकर्णिकार नेपाली पाठकहरूका बीच आफ्ना पुस्तकहरू र अनेकन् पत्रपत्रिकाहरूमा प्रकाशित विभिन्न विषयसम्बन्धी रचनाहरूबाट सुपरिचित भइसक्नुभएको छ।

उहाँको दृष्टिमा साहित्य लेखन एउटा गम्भीर र उत्तरदायित्वपूर्ण कुरा हो र यसको उद्देश्य समाजमा राम्रो वातावरण तयार पार्नु र पाठकहरूलाई पनि आफ्नो राष्ट्र र जीवनका समस्याहरूप्रति सचेत तुल्याउनु हो। साहित्य रचना वहाँको लागि फुर्सदको समयको सदुपयोग गर्ने एउटा उपयोगी साधनमात्र हो तापनि उहाँले अहिलेसम्म साहित्यद्वारा समाजसेवा गर्ने दिशामा निकै राम्रो उदाहरण प्रस्तुत गर्नुभएको देखिन्छ।

विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित बुद्धधर्मसम्बन्धी लेखहरूलाई एउटै ठाउँमा संगालेर सम्पादन गर्दै उहाँले प्रस्तुत पुस्तकद्वारा नेपाली भाषामा बुद्ध साहित्यको सम्बर्द्धन गर्ने दिशातर्फ एउटा अर्को योगदान गर्नुभएको छ। नेपालीहरूले बुद्धधर्मलाई आधुनिक नेपालको निर्माण गर्ने कार्यमा समयानुकूल किसिमबाट बुझुन् र व्यवहारमा पनि प्रयोग गरून् भन्ने सदिक्षा लिएर नै वहाँले यस पुस्तकको सम्पादन गर्नुभएको हो। आजको विज्ञान - टेक्नोलोजीको युगमा पनि बुद्धधर्मले विश्वशान्तिका लागि ठूलो देन दिन सक्दछ र अझ नेपालीहरूले त यस कुरामा अझै तत्परता देखाउनुपर्दछ भन्ने हेक्का दिलाउनु नै श्री राजकर्णिकारको मुख्य ध्येय हो।

Downloaded from http://www.dhamma.digital